# आधारभूत तह (कक्षा १-३) मा एकीकृत सिकाइ सहजीकरणसम्बन्धी शिक्षक पेसागत विकास तालिम



# तालिम स्रोत सामग्री


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

आधारभूत तह (कक्षा १-३) मा एकीकृत सिकाइ सहजीकरणसम्बन्धी

शिक्षक पेसागत विकास तालिम

# तालिम स्रोत सामग्री

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**प्रकाशक :**

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**सर्वाधिकार © :** प्रकाशकमा

**संस्करण :** वि.सं. २०७८

**प्राविधिक सहयोग :** राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

**लेआउट/डिजाइन :** भक्तबहादुर कार्की

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (**USAID**) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बन गर्दैन । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित रहने छ ।

## सुझाव तथा सल्लाह

वैकुण्ठप्रसाद अर्याल
केशवप्रसाद दाहाल

## लेखन तथा सम्पादन

गीरमान थापा
युवराज अधिकारी
कुन्ती अधिकारी
रजनी धिमाल
राजु श्रेष्ठ
संजिवकुमार चौधरी
नरहरि आचार्य
महेन्द्र विष्ट
डा. गायत्री तिम्सिना
दिनेस संजेल
दीपक शर्मा पण्डित

# भूमिका

नेपालमा विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन विभिन्न नीतिगत, कानुनी र संस्थागत व्यवस्थाहरू गरी तिनको कार्यान्वयन हुँदै आएका छन् । खासगरी योग्य, दक्ष, पेसाप्रति समर्पित शिक्षकहरूको प्रभावकारी शिक्षणबाट नै गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिन्छ । विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विगतदेखि नै शिक्षकहरूको पेसागत क्षमता विकास गर्न शिक्षक पेसागत विकास तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि प्रमाणीकरण र कस्टोमाइज्ड शिक्षक तालिम सञ्चालन गर्न "शिक्षक पेसागत विकास प्रारूप, २०७२" कार्यान्वयनमा ल्याई सोहीबमोजिम शिक्षा तालिम केन्द्रहरूबाट तालिम सञ्चालन हुँदै आएको अवस्था छ । यसैगरी राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षकको पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ । यसै सन्दर्भमा नेपाल सरकारले आधारभूत तह (कक्षा १-३) मा एकीकृत पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । यो पाठ्यक्रम एकीकृत ढाँचामा विकास र विषयक्षेत्रका आधारमा अन्तरसम्बन्धित भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि शिक्षकको पेसागत कार्य पनि सोहीबमोजिम गराउनु अनिवार्य हुन गएको छ ।

आधारभूत तह (कक्षा १-३) मा अध्यापनरत शिक्षकहरूको पेसागत क्षमता विकासका लागि शिक्षक पेसागत विकास प्रारूप, २०७२ अनुरूप पन्ध्र दिने ढाँचामा एकीकृत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शिक्षक तालिम पाठ्यक्रम विकास भएको छ । उक्त तालिम पाठ्यक्रमका आधारमा सञ्चालन हुने शिक्षक पेसागत विकास तालिममा सहभागी हुने शिक्षकहरूलाई लक्षित गरी अध्ययन सामग्रीका रुपमा यो तालिम स्रोत सामग्री विकास गरिएको छ । यो सामग्री मूलतः एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी शिक्षक तालिम पाठ्यक्रम, कक्षा १, २ र ३ को पाठ्यक्रमद्वारा निर्देशित सक्षमता, सिकाइ उपलब्धि र विकसित शिक्षक निर्देशिका तथा विद्यार्थी कार्यपुस्तकलगायत अन्य शैक्षणिक एवम् सन्दर्भ सामग्रीसँगको आबद्धतालाई मुख्य आधार मानी विकास गरिएको छ । यो सामग्री तालिम प्रयोजनका अतिरिक्त शिक्षक, प्रशिक्षकलगायत सम्बन्धित सबै व्यक्तिहरूका लागि अध्ययन सामग्रीको रूपमा समेत उपयोगी हुने विश्वास गरिएको छ ।

प्रस्तुत तालिम स्रोत सामग्री तयार पार्नका लागि विभिन्न क्षेत्रबाट आवश्यक सल्लाह र सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू, लेखक तथा सहयोगी संस्था इजीआरपी आरटीआईप्रति आभार व्यक्त गर्दै रचनात्मक सुझाव र सल्लाहको अपेक्षासहित यस केन्द्र सदैव हार्दिक धन्यवाद प्रकट गर्दछ ।

वि.स. २०७८, कात्तिक

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

# विषय सूची


- एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री १
- शैक्षणिक योजना निर्माण र प्रयोग १९
- विभिन्न विषय क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग ३७
- कक्षाकोठा व्यवस्थापनको अवधारणा र यसका पक्षहरू ४१

## नेपाली

- नेपाली विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तक ४५
- भाषिक तत्त्वगत चिनारी र प्रयोग : ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह ५८
- भाषिक तत्त्वगत चिनारी र प्रयोग : पठनबोध, शब्दभण्डार, लेखाइ, कार्यमूलक व्याकरण ७३
- नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास ८४

## English

- Common Themes and Learning Outcomes ९२
- Curriculum, TG, Workbook, Material ९८
- Designing a Lesson Plan, Demonstration of a Model English Lesson, Practice Teaching, and Feedback Sharing १०२

## गणित

- मेरो गणित विषय पाठ्यक्रम र अन्य विषयको साझा सिकाइ र विषयवस्तु ११४
- पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय र प्रयोग ११८
- आधारभूत तह (१–३) पाठ्यक्रमले तय गरेका विधिहरू, सामग्रीहरू र नमुना पाठ १२४
- एकीकृत सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप निर्माण र सञ्चालन तथा सूक्ष्म शिक्षण १३१

## हाम्रो सेरोफेरो

- हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइ र विषयवस्तु १३३
- पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, मार्गदर्शन र शिक्षक निर्देशिकाबिचको सम्बन्ध १३६
- शिक्षण सामग्री निर्माण र प्रयोग तथा शिक्षण विधि १३९
- एकीकृत शिक्षण सिकाइको पाठ योजना र नमुना पाठ १४५
- शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान १५४
- मूल्याङ्कन प्रक्रिया र अभिलेखीकरण १५७

# एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्री

## १. परिचय

दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रमलाई एकीकृत पाठ्यक्रम भनिन्छ । एकीकृत पाठ्यक्रमका विभिन्न ढाँचाहरू छन् । जसमध्ये विषयगत, बहुविषयगत, अन्तरविषयगत र विषयविहीन ढाँचा प्रचलित छन् । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचामा र हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचामा विकास गरिएको छ । पाठ्यक्रमलाई व्यावहारिक, सान्दर्भिक र सहजरूपमा कार्यान्वयन गर्नको लागि पाठ्यसामग्रीहरूको रूपमा पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक विकास गरिएको छ ।

## २. मुख्य विषयवस्तु

(क) एकीकृत पाठ्यक्रमको अवधारणा

(ख) आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रम

(ग) पाठ्यसामग्री (पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तक) को परिचय र विशेषताहरू

(घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध

(ङ) एकीकृत विषयक्षेत्रहरू

## ३. विषयवस्तुको विस्तृतीकरण

### (क) एकीकृत पाठ्यक्रमको अवधारणा

एकीकृत पाठ्यक्रमको अवधारणा सम्बन्धमा निम्न पाठ्यक्रमविद् तथा शिक्षाविद्ले आफ्नो धारणा प्रस्तुत गरेका छन् :

- Jacobe (1997) का अनुसार एकीकृत पाठ्यक्रम भन्नाले विषयवस्तुलाई ठाडो र तेर्सो रूपमा अन्तर सम्बन्धित हुने गरी एकीकरण गर्नु हो ।
- Erickson (2001) का अनुसार एकीकृत पाठ्यक्रम भनेको विभिन्न विषय वा विधाबिच साझा अवधारणात्मक संरचनामा विषयवस्तु सङ्गठित र आदानप्रदान गर्नु हो ।

- Hamphreys (1981) का अनुसार बालबालिकाले विभिन्न विषयमा आफ्नो वातावरणसम्बद्ध पक्षहरूसँग सम्बन्धित ज्ञानको खोजी गर्नु नै एकीकृत अध्ययन हो ।

- Beane (1997) का अनुसार : पाठ्यक्रमको एकीकरणलाई विषयवस्तुको एकीकरणमा मात्र सीमित नराखी बृहत रूपमा अनुभवको एकीकरण, सामाजिक एकीकरण, ज्ञानको एकीकरण र पाठ्यक्रमको ढाँचाँको एकीकरणका रूपमा लिने कुरा उल्लेख गरेका छन् ।

- विषयक्षेत्रको सिमा भन्दा बाहिर विभिन्न पक्षहरूलाई अर्थपूर्ण रूपमा अन्तरसम्बन्धित गरी सिकाइलाई जीवन सापेक्ष बनाउने गरी सङ्गठित पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो । "Education that is organized in such a way that it cuts across subject-matter lines, bringing together various aspects of the curriculum into meaningful association to focus upon broad areas of study. It views learning and teaching in a holistic way and reflects the real world, which is interactive." (Shoemaker, 1989, p. 5)

- Dressel, 1988 का अनुसार विषयवस्तुको अन्तरसम्बन्धबाट नयाँ अर्थ, सम्बन्ध तथा संरचना विकास र पहिचान गर्ने क्षमता विकास गर्ने गरी विकास गरिएको हुन्छ ।

- Beane, 1995 का अनुसार सिकाइलाई जीवन सापेक्ष र सान्दर्भिक बनाउने समग्र प्रक्रियालाई समेटी विकास गरिएको पाठ्यक्रम नै एकीकृत पाठ्यक्रम हो ।

## एकीकृत पाठ्यक्रमका स्वरूपहरू

### Jacobe ले गरेको वर्गीकरण

१. विषयमा आधारित (Discipline based)

२. समानान्तर विषयहरू (Parallel discipline)

३. बहुविषयक विषय (Multidisciplinary discipline)

४. अन्तरविषयक इकाइ/कोर्स (Interdisciplinary unit/course)

५. एकीकृत दिन र पूर्ण कार्यक्रम (Integrated day and complete program)

### Schumacher ले गरेको वर्गीकरण

१. विभागीय (Departmentalized)

२. समानान्तर (Parallel)

३. पुरक वा साझा इकाइ (Complementary or shared units)

४. वेब्ड पाठ्यक्रम (Webbed curriculum)

# ५. एकीकृत थिम (Integrated theme)

## पाठ्यक्रम एकीकरणका ढाँचाहरू (Models)

१. **खण्डित ढाँचा** (Fragmented model) : यो परम्परागत ढाँचाको विषयगत पाठ्यक्रम हो । यसमा भाषा, गणित, सामाजिक अध्ययन, विज्ञानजस्ता विषयमा अलग अलग विषयगत ज्ञान र सिप प्रदान गरिन्छ । विषयगत शिक्षकले आआफ्नो समयमा आआफनो विषय शिक्षण गर्छ । यसमा विषयगत उच्च ज्ञान प्रदान गर्ने गरिन्छ ।

२. **जोडिएको ढाँचा** (Connected model) : यस्तो ढाँचामा अलग अलग विषय शिक्षण गरिए पनि सोही विषयअन्तर्गतका विभिन्न विषयवस्तु, पाठ शीर्षक, सिप, अवधारणा विचको सम्बन्ध पहिचान गराइन्छ । जस्तै जोड र गुणनलाई सम्बन्धित गराउनु, अघिल्लो पाठमा पढेको शब्द प्रयोग गरी अर्को पाठमा वाक्य बनाउन लगाउनु आदि ।

३. **नेस्टेड ढाँचा** (Nasted model) : कुनै विषयको एउटा पाठको शिक्षण गर्दा एक भन्दाबढी किसिमका सिकाइ अनुभव प्रदान गरिन्छ अर्थात पाठका बहुक्षेत्रहरू पहिचान गरिन्छ । जस्तै : विभिन्न जनावरका खानाहरूका विषयमा शिक्षण गर्दा जीवजन्तुबिचको अन्तरनिर्भरतालगायतका सोचाइ सिपको विकास गराउन सकिन्छ ।

४. **क्रमिक ढाँचा** (Sequenced model) : यसमा विषयवस्तु वा एकाइहरू अलग अलग शिक्षण गरिए पनि तिनीहरूको निश्चित क्रम निर्धारण गरिन्छ । यसो गर्दा कुनै विषयका मिल्ने विषयवस्तुहरू सँगसँगै सिकाउन पनि सकिन्छ । यसलाई समानान्तर ढाँचा (Parallel design) पनि भन्निछ । समानान्तर ढाँचामा विभिन्न विषयवस्तुलाई पनि क्रममा राखेर सिक्न सिकाउन सकिन्छ ।

५. **साझा विषयक्षेत्रमा आधारित ढाँचा** (Shared model) : यस्तो ढाँचाको पाठ्यक्रममा कुनै दुईओटा मिल्ने विषयक्षेत्रका मिलने विषयवस्तुलाई सँगै सिकाइन्छ । यसमा दुई विषयको सिकाइ योजनाहरू सँगसँगै तयार गरिन्छ । दुई विषयका मिल्ने विषयवस्तु वा अवधारणाका आधारमा सिकाइ योजना निर्माण गरिन्छ । जस्तै : पढाइ सिप विकासका लागि वातावरण संरक्षणसँग सम्बन्धित पाठ प्रयोग गरी भाषा र वातावरण दुवै एकै ठाउँमा सिकाउन सकिन्छ ।

६. **वेब्ड ढाँचा** (Webbed model) : यस प्रकारको पाठ्यक्रमको ढाँचामा दुई वा दुई भन्दा बढी विषयसँग सम्बन्धित सामान्य थिम पहिचान गरी ती थिमअन्तर्गत रहेर सम्बन्धित विषयका विषयवस्तु सिकाइन्छ । जस्तै : भाषा विषयमा हाम्रो परिवारसँग सम्बन्धित पाठका आधारमा भाषाका सिप सिकाइन्छ । गणितमा गन्ती र जोड सिकाउँदा पनि घरपरिवारका वस्तु तथा घटनामा आधारित भई सिकाइन्छ भने सामाजिक, स्वास्थ्य तथा विज्ञानमा पनि परिवारसँग सम्बन्धित वस्तु, घटना, वातावरणका आधारमा सम्बन्धित विषयवस्तु प्रस्तुत गरिन्छ । यस ढाँचामा थिममा आधारित भइ विभिन्न विषयलाई सम्बन्धित गरिने भएकोले थिममा आधारित ढाँचा पनि भनिन्छ ।

७. **उनाइ वा थ्रेडेड ढाँचा** (Threaded model) : कतिपय अवधारणा तथा सिपहरू विभिन्न विषयहरूमा सिकाउनु पर्ने हुन्छ । यस्तो अवस्थामा ती अवधारणा तथा सिपहरूलाई विषयक वा बहुविषयक ढाँचामध्ये जुनसुकै ढाँचाको पाठ्यक्रम भए पनि सबै विषय वा विषयक्षेत्रमा आवश्यकता वा उपयुक्तताको आधारमा समावेश गरिन्छ । यसमा खास गरी विषयगत ज्ञान तथा सिप मात्र नभइ ती विषयगत ज्ञान तथा सिप समेत

प्रयोग गरेर व्यवहारिक रूपमा समस्या समाधान गर्ने क्षमता लगायत अधिसंज्ञानात्क क्षमताहरू समावेश गरिन्छ । उदाहारणको लागि सोचाइ सिप, सामाजिक सिप, पढाइ सिप, अन्तरव्यैक्तिक तथा व्यक्तगत सिप, नागरिक सिप जस्ता व्यवहारकुशल सिपहरू सबै विषय कक्षामा आवश्यक हुन्छ ।


८. **एकीकृत वा अन्तरविषयक ढाँचा** (Integrated Or Interdisciplinary model) : यसमा दुई वा दुई भन्दा बढी विषयलाई कुनै मिल्ने थिम वा अवाधारणाको वरिपरि सङ्गठित गरिन्छ । यस्तो गर्दा मिल्ने विषयवस्तुलाई एकै ठाउँमा र नमिल्ने विषयवस्तुलाई क्रमशः अलग्गै सिकाउन सकिन्छ । यो ढाँचा साझा विषयको आधारित ढाँचाकै विस्तारित रूप जस्तै देखिए पनि यसमा दुई वा दुई भन्दा बढी विषय समावेश हुनसक्ने भएकोले दुई विषयको साझा विषयवस्तुमा आधारित ढाँचा भन्दा केही फरक छ । यसमा वहुविषयक ढाँचामा जस्तो अलग अलग विषय शिक्षण नगरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा मिल्ने विषयवस्तु वा विषयक्षेत्रलाई सँगै र अन्यलाई क्रमश : समावेश गरिने हुँदा अलग अलग विषय जस्तो नदेखिई एउटै विषय वा क्षेत्र जस्तो देखिनाले विषयतग सीमाको स्पष्ट पहिचान नहुन सक्छ ।

९. **विलुप्त ढाँचा** (Immersed model) : यस्तो ढाँचामा सिकारू आफैंले विषय वा अवधारणा तथा सिपलाई आवश्यकताअनुसार एकीकृत गरेर प्रयोग गर्छ । जस्तै : वाणिज्य शास्त्रको विद्यार्थीले कम्प्युटरका विभिन्न सिप तथा कार्यक्रमहरू सिकेर त्यसवाट वाणिज्यशास्त्रसँग सम्बन्धित समस्या समाधानमा सहयोग प्राप्त गर्छ । अर्को उदाहारण कुनै बालबालिकाले कला विषयमा जङ्गली जनावरको चित्र बनायो भने उसले त्यसको जीवनचक्रलगायत बसोबास तथा खानाको बारेमा लेख्न वा सोच्न सक्छ र त्यसका आधारमा प्राणीबिचको अन्तरनिर्भरता, एक अर्काको लागि सहयोगी वा खतरा हुने विषय अध्ययन गरी सामाजिक तथा भाषाको पठाइ सिप विकास गर्न सक्छ ।

१०. **सञ्जालमा आधारित ढाँचा** (Network model) : यस्तो ढाँचामा सिकारूहरूबिच सञ्जाल निर्माण र सम्पर्क कायम गरी विभिन्न विषयमा उनीहरूको क्षमता तथा रूचिअनुसार प्रस्तुतीकरणबाट एकअर्काले सिक्ने गर्छन् । यसमा विभिन्न विषयक्षेत्र वा अवधारणामा व्यक्तिको रूचि र क्षमताअनुसार प्रस्तुति हुन सक्ने भएकोले विषयवस्तुको एकीकरण हुन सक्ने देखिन्छ । यो विधि प्राथमिक तहका बालबालिकाका लागि खासै उपयोगी हुने देखिँदैन ।


समग्रमा एकीकृत पाठ्यक्रमका ढाँचाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. **विषयगत** (Disciplinary) : फरक फरक विषयका लागि अलग अलग समय निर्धारण गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, विषयगत ज्ञान र सिपमा जोड दिने




२. **बहुविषयक** (Multi-disciplinary) : विभिन्न विषयबाट अन्तरसम्बन्धित विषयवस्तु वा अवधारणालाई सम्बन्धित गराउने तर विषयगत सीमा र पहिचान कायम रहने

३. **अन्तरविषयक** (Interdisciplinary) : दुई वा दुईभन्दा बढी विषयसँग मिल्ने गरी थिम निर्धारण गरेर मिल्ने विषयक्षेत्रका विषयवस्तुलाई एकै ठाउँमा राखेर सिकाउने, नमिल्ने विषयवस्तुलाई क्रममा राखेर सिकाउने



४. **विषयविहीन** (Transdisciplinary) : विषयगत सीमा कायम नहुने, कुनै समस्या, मुद्दा वा घटनामा आधारित भई सिकाइ क्रियाकलाप सञ्चालन गरिने । यसमा अधिकांशतः अन्तरसम्बन्धित विषयवस्तुबाट सिकाइ सुरू गरिने

नेपालको एकीकृत पाठ्यक्रमको ढाँचा समग्रमा बहुविषयक र हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचामा विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

## नेपालको सन्दर्भमा एकीकृत पाठ्यक्रमको अवधारणा

- सिकारूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यबाट दुई वा दुईभन्दा बढी अन्तरसम्बन्धित विषयहरूबिच सहसम्बन्ध स्थापित गर्दै सिकारूको सक्रियतालाई केन्द्रमा राखी सैद्धान्तिक ज्ञान तथा सिपलाई व्यावहारिक जीवनसँग आबद्ध गर्ने गरी विकास गरिएको पाठ्यक्रम
- सिकाइलाई बृहत् विषय वस्तुमाथि केन्द्रित गराउने उद्देश्यले दुई वा दुईभन्दा बढी विषयहरूका सान्दर्भिक पक्षहरूलाई अर्थपूर्ण रूपमा संयोजन गरी निर्माण गरिएको पाठ्यक्रम
- भिन्न विषय क्षेत्रका सिकाइ सक्षमतालाई एउटै पाठ्यक्रममा समावेश गरी सिकाइ व्यवस्थापन गरिने पाठ्यक्रम

## (ख) आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रमको विशेषता, आवश्यकता र औचित्य

### आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रमको विशेषता

- हाम्रो सेरोफेरो, गणित, नेपाली भाषा, अङ्ग्रेजी भाषा विषयक्षेत्र समावेश गरी समग्रमा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम तयार गरिएको
- सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयलाई अन्तरविषयक ढाँचाको पाठ्यक्रमका रूपमा हाम्रो सेरोफेरो विषयक्षेत्रमा एकीकरण गरिएको
- व्यवहारकुशल सिपहरूलाई एकीकृत गरिएको
- शिक्षाका राष्ट्रिय उद्देश्य, विद्यालय शिक्षाको तहगत संरचना, विद्यालय शिक्षाको पाठ्यक्रम संरचना, आधारभूत शिक्षाका तहगत सक्षमता (कक्षा १-३), आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम ढाँचा, पाठ्यक्रममा समाविष्ट व्यवहारकुशल सिपहरू र एकीकृत पाठ्यक्रमको समग्र संरचना समावेश गरिएको
- सिकाइ सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन, माध्यम भाषाको छनोट, पाठ्यक्रम कार्यान्वयन योजना र पाठ्यक्रम मूल्याङ्कन, परिमार्जन तथा सुधारको प्रक्रियासमेत समावेश गरिएको

- एक पाठ्यघण्टा (Credit hour) बराबर ३२ कार्यघण्टा (Working hour) अर्थात् वर्षभरिमा ३२ हप्ता पठनपाठन हुने गरी कार्यघण्टा निर्धारण गरिएको

- सक्षमतामा आधारित सिद्धान्तअनुसार पाठ्यक्रम विकास गरिएको

- अध्यापन गर्नुपर्ने विषयगत क्रियाकलापलाई पाठ्यघण्टा र कार्यघण्टामा राखिएको

| क्र. स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५ | मातृ भाषिक सिप तथा स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

- बालबालिकाहरूका पूर्व सिकाइ अनुभव, परिवेश तथा पृष्ठभूमि, रूचि र क्षमतासहित वर्तमानको आवश्यकता आँकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान, सिप, अभिवृत्तिसहितका सक्षमताहरू समेटिएको

- आधारभूत तह (कक्षा १-३) का विषयगत पाठ्यक्रम र एकीकृत पाठ्यक्रममा समावेश गरिने व्यवहारकुशल सिपहरू र एकीकृत पाठ्यक्रमको समग्र संरचना समावेश गरिएको

- विद्यार्थीको सक्रिय सहभागिता, परियोजना कार्य, सहयोगात्मक र सहकार्यात्मक सिकाइ, समतायुक्त सिकाइलाई जोड दिइएको

- सिकाइका लागि मूल्याङ्कन (Formative-assessment for learning) र आत्ममूल्याङ्कन (ipsative-assessment as learning) बाट निर्णयात्मक मूल्याङ्कन (summative- assessment of learning) मा जोड दिइएको

- अपाङ्गता भएका बालबालिकाहरूका लागि मूल्याङ्कन गर्ने प्रक्रिया उल्लेख गरिएको

## एकीकृत पाठ्यक्रम विकास गर्नुको औचित्य, महत्त्व तथा आवश्यकता

१. सहकार्यात्मक सिकाइलाई प्रवर्धन गर्न (promote collaborative learning)

२. सिकाइ प्रक्रियालाई वास्तविक र यथार्थमा आधारित बनाउन (reflect the real world in the learning process)

३. विद्यालय र समाजलाई जोड्न (connect school and society)

४. सिकाइको लागि सिकारूहरूको उत्प्रेरणा जगाउन (motivate the learners for learning)

५. खण्डीकृत सिकाइलाई निरूत्साहित गर्न र सिकाइलाई बढी एकीकृत, समग्र प्रक्रिया र जीवनसान्दर्भिक बनाउन (check in the fragmentation of learning and to make learning more integrated, holistic and close to life)

६. सिकारूको आफ्नै गतिमा सिक्ने अवसर प्रदान गर्न (give learners an opportunity to learn in their own place)

७. समकालीन तथा समसामयिक विषयवस्तुमा आधारित सिकाइ गराउन (include the contemporary contents)

८. सिकाइ प्रक्रियामा व्यवहारकुशल सिपहरूलाई एकीकृत गरी सिकाइलाई जीवनको लागि सान्दर्भिक बनाउन (make learning relevant for life by integrating soft skills in the learning process)

९. स्थानीय आवश्यकता र विश्वव्यापी सन्दर्भबिच सन्तुलन कायम गर्न (Strike a balance between global context and local needs)

### एकीकृत पाठ्यक्रमको ढाँचा र संरचना

| क्र. स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप (सेरोफेरो) | ८ | २५६ |
| ५ | मातृभाषिक सिप तथा स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

नेपालको एकीकृत पाठ्यक्रम समग्रमा बहुविषयक ढाँचा र हाम्रो सेरोफेरो अन्तरविषयक ढाँचामा विकास गरिएको छ ।

## एकीकृत पाठ्यक्रममा सिकाइ सहजीकरण प्रक्रिया

### (क) सिकाइ सहजीकरणमा जोड दिइएका पक्षहरू

- बालबालिकाको व्यक्तिगत भिन्नता र क्षमताका आधारमा स्वतन्त्र रूपले सिक्ने मौका प्रदान गर्ने

- खेल, गीत, कविता, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शनमार्फत सिकाइका क्रियाकलापहरू सञ्चालन गर्ने
- अवलोकन, समूह कार्य, परियोजना कार्य, छलफल जस्ता कार्यमा जोड दिने
- बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड दिने
- विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई जोड दिने
- सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा जोड दिने
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्ने
- सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्ने
- सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी सिकाइ सहजीकरण प्रक्रिया अपनाउने
- बालबालिकाको मातृभाषा, घरमा बोल्ने भाषामा सञ्चार गरी सिकाइ क्रियाकलापमा सक्रिय सहभागी हुन सक्ने वातावरण तयार गर्ने
- सिकाइ क्रियाकलापमा शिक्षक र सिकारू तथा सिकारू र सिकारू बिचको अन्तरक्रिया, समूह सिकाइ, सिकाइका लागि मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक-समुदाय सहकार्य जस्ता सहकार्यलाई बढावा दिने
- सिकाइ र दैनिक जीवनसँग विषयवस्तुको तालमेल, पूर्वअनुभवमा आधारित ज्ञान तथा सिप विकास, व्यवहारकुशल सिप र सिकाइबिचको सहसम्बन्ध हुने गरी जीवन्त अनुभवसँगको तादात्म्य कायम गर्ने
- सिकाइलाई दैनिक जीवन पद्धतिसँग आबद्ध गर्दै व्यवहारकुशल सिप हासिल गर्न सिकाइको खण्डीकरण हुन नदिई एक विषयक्षेत्रको सिकाइले अर्को विषयक्षेत्रको सिकाइलाई सहयोग गर्ने गरी अन्तरसम्बन्धित गरी एकीकृत सिकाइमा जोड दिने
- सरल विषयक्षेत्रबाट क्रमशः जटिल विषयक्षेत्रमा प्रवेश गर्दै ज्ञान मार्ग प्रशस्त गर्ने र सिकाइ सहजीकरण पनि विद्यार्थीको सिकाइ गतिबमोजिम गर्न स्वगतिमा हुने सिकाइमा जोड दिने

## (ख) सिकाइ सहजीकरण विधि तथा प्रक्रिया छनोट गर्दा ध्यान दिनुपर्ने पक्ष

१. सक्षमता तथा सिकाइ उपलब्धिहरू

२. **विषयवस्तुको स्वरूप** : विषयवस्तुको स्वरूपअनुसार शिक्षण सिकाइका रणनीति, विधि तथा प्रक्रिया छनोट गर्नुपर्छ ।

३. **बालमनोविज्ञान** : सिकारूको इच्छा, रूचि, क्षमता तथा योग्यता, प्रवृत्ति, पूर्वज्ञान आदि पक्षमा ध्यान दिनुपर्छ ।

४. **स्रोत साधनहरूको उपलब्धता** : शिक्षण विधि तथा रणनीति आर्थिक, मानवीय, स्थानीय स्रोत साधनको अधिकतम प्रयोग हुन सक्ने हुनुपर्छ ।

५. **विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थिति** : शिक्षण विधि तथा रणनीति छनोट गर्दा विद्यालय वातावरण र शिक्षण सिकाइ परिस्थितिसँग मेल खानुपर्छ ।

६. **समय र विद्यार्थी सङ्ख्या** : उपलब्ध समय र विद्यार्थी सङ्ख्यालाई ख्याल गर्नुपर्छ ।

७. **शिक्षकको योग्यता, क्षमता र रूचि** : शिक्षकको आफनो योग्यता, क्षमता, पूर्वज्ञान, आत्मविश्वास, तालिम, शिक्षणप्रतिको लगावजस्ता पक्षले पनि शिक्षण विधि तथा रणनीतिको छनोटमा प्रभाव पार्छ ।

## (ग) विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू

१. कथाकथन एवम् गीत : विषयवस्तुलाई कथा र गीतका माध्यम

२. आगमन विधि : सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्ष

३. भूमिका निर्वाह/अभिनय : सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष

४. निर्माणात्मक कक्षा : मस्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर)

५. सहयोगात्मक कक्षा : समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान

६. परियोजना कार्य : विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना

७. छलफल र प्रश्नोत्तर : शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक र विद्यार्थी विद्यार्थीबिचमा प्रश्नोत्तर

८. अनुसन्धान तथा खोज : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण

९. प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टरआदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन

१०. सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना

११. समस्या समाधान विधि : समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान

१२. खेल विधि : विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुति र अभ्यास

१३. प्रयोगात्मक विधि : कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य

१४. भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन

१५. प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन

१७. स्वाध्ययन तथा छलफल : विद्यार्थीलाई स्वाध्ययन र छलफलमा सहभागी गराउने


१८. अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१९. उदाहरण र प्रयोग : विषयवस्तुलाई उदाहरण र प्रयोगमार्फत् स्पष्ट पार्ने

२०. श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण

## व्यवहारकुशल सिपको परिचय, क्षेत्रहरू र व्यवहारकुशल सिपहरू

- विद्यार्थीका दैनिक जीवनका वास्तविक समस्या समाधानमा सहयोग पुऱ्याउने सिप,
- कुनै निश्चित कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रसँग मात्र सम्बन्धित नभई विभिन्न कार्य, पेसा, विषयक्षेत्र वा ज्ञानको क्षेत्रमा कार्यसम्पादनसँग सम्बन्धित र आवश्यक हुने सिप
- व्यवहारकुशल सिप व्यक्तिको अन्तरवैयक्तिक सक्षमता हो जुन मानवीय संवेदना र व्यवहारसँग सम्बन्धित




एकीकृत पाठ्यक्रममा पाँच विस्तृत क्षेत्रअन्तर्गत २९ ओटा व्यवहारकुशल सिपहरू समावेश गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. **सोचाइ सिप** (Thinking Skills) : सूचना प्रशोधन गर्न, सूचनालाई संयोजन गर्न, निर्णय लिन र नयाँ विचार सिर्जना गर्न प्रयोग गर्ने संज्ञानात्मक क्रियाकलाप

२. **वैयक्तिक सिप** (Intrapersonal Skills) : जिम्मेवारी स्वम् प्रतिबद्धता विकासस गर्नु, स्वव्यवस्थापन, आत्मबल र स्वाभिभानको विकास, इमानदारीरस्वअनुशासन, समय व्यवस्थापन, स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता जस्ता सिप

३. **अन्तरवैयक्तिक सिप** (Interpersonal Skills) : अर्को व्यक्तिसँग प्रभावकारी रूपमा सञ्चार र समन्वय गर्नु, सहयोग तथा सद्भाव कायम गर्न सक्षम हुन, असल सम्बन्ध कायम गर्ने जस्ता योग्यता

४. **सूचना प्रविधि तथा बहुसाक्षरता सिप** (Information technology and multiliteracy Skills) : विज्ञान, प्रविधिका साथै संस्कृतिमा कुशलता प्राप्त गर्न आवश्यक पर्ने विविध वातावरणको व्यवस्थापन, संस्कृतिहरूको ज्ञान, विश्वव्यापी सोच, प्रभावकारी समाधान, जिज्ञासु, चिन्तन गर्ने लगायतका सिप

५. **नागरिक सिप** (Citizenship Skills) : लोकतान्त्रिक मूल्य र मान्यता, सहभागिता, सहनशीलता र खुलापन, विविधताको बोध र सम्मान, राष्ट्रिय पहिचान, समाज, भाषा, संस्कृति र राष्ट्रप्रति प्रेम र अपनत्व, व्यक्तिगत, सामाजिक तथा नागरिक दायित्व र जिम्मेवारी वहन गर्नेलगायत विश्वव्यापी चेतनाको विकास

मुख्य ५ ओटा व्यवहारकुशल सिपहरू र ती क्षेत्रअन्तर्गतका २९ ओटा व्यवहारकुशल सिपहरू निम्नानुसार छन् :

| क्र.स. | मुख्य व्यवहारकुशल सिपहरू | मुख्य व्यवहारकुशल सिपअन्तर्गत समेटिएको व्यवहारकुशल सिपहरू |
|---|---|---|
| १ | सोचाइ सिपहरू (Thinking Skills) (S1) | • प्रयोग सिप (Application skill) (S1.1)<br>• सिकाइ सिप (Learning skill) (S1.2)<br>• रचनात्मक सोचाइ सिप (Creative thinking skill) (S1.3)<br>• समालोचनात्मक सोचाइ सिप (Critical thinking skill) (S1.4)<br>• निर्णय तथा समस्या समाधान सिप (Decision making and problem solving skill) (S1.5) |
| २ | वैयक्तिक सिपहरू (Intrapersonal Skills) (S2) | • स्वव्यवस्थापन (Self management) (S2.1)<br>• आत्मबल र स्वाभिमानको विकास (Develop self-esteem/respect) (S2.2)<br>• इमानदारी, स्वअनुशासन (Integrity/honesty/self-descipline) (S2.3)<br>• समय व्यवस्थापन (Time management) (S2.4)<br>• व्यक्तिगत लक्ष्य निर्धारण र कार्यमा अग्रसरता (Personal goal setting and taking initiatives) (S2.5)<br>• स्वतन्त्र सिकाइ, लचकता र अनुकूलनता (Independent learning, flexibility and adaptability) (S2.6)<br>• जिम्मेवारी स्वम् प्रतिबद्धता (Responsibility and commitment) (S2.7) |

| क्र.स. | मुख्य व्यवहारकुशल सिपहरू | मुख्य व्यवहारकुशल सिपअन्तर्गत समेटिएको व्यवहारकुशल सिपहरू |
|---|---|---|
| ३ | अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills) (S3) | • सञ्चार (Communication) (S3.1)<br>• सहकार्य (Collaboration) (S3.2)<br>• सहयोग तथा सहानुभूति (Cooperation and empathy) (S3.3)<br>• सक्रियतापूर्वक सुन्ने (Active listening) (S3.4)<br>• सांस्कृतिक सिपहरू र नैतिकता (Cultural skills/ethics) (S3.5) |
| ४ | सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू (Information communication and multiliteracy skills) (S4) | • आधारभूत साक्षरता (Basic Literacy) (s4.1)<br>• प्राविधिक साक्षरता (Technological Literacy) (s4.2<br>• दृश्य साक्षरता (Visual literacy) (s4.3)<br>• सूचना साक्षरता (Information Literacy) (s4.4)<br>• बहुसांस्कृतिक साक्षरता (Multicultural Literacy) (s4.5) |
| ५ | नागरिक सिप (Citizenship Skills) (S5) | • सहनशीलता र खुलापन (Tolerance and openness) (S5.1)<br>• विविधताको सम्मान र अन्तरसांस्कृतिक बुझाइ (Respect for diversity and intercultural understanding) (S5.2)<br>• लोकतान्त्रिक, सहभागितात्मक र समतामूलक मूल्य (Democratic, participatory and equitable value) (S5.3)<br>• वातावरणप्रतिको सजगता र सम्मान (Awareness of and respect for the environment) (S5.4)<br>• राष्ट्रिय पहिचान र अपनत्वको अनुभूति (National identity and sense of belonging) (S5.5)<br>• सामाजिक एवम् नागरिक जिम्मेवारी (Social and civic responsibility) (S5.6<br>• वैयक्तिक जिम्मेवारी (Personal responsibility) (S5.7) |

## (ग) पाठ्यसामग्री (पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक) को परिचय र विशेषताहरू

### (अ) पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनको परिचय र विशेषता

पाठ्यक्रमले अपेक्षा गरेका पक्षहरूलाई सहज तरिकाले कार्यान्वयन गर्नको लागि हरेक विषयक्षेत्रको परिचय, प्रत्येक थिमको परिचय, थिमभित्रका सिकाइ उपलब्धि, व्यवहारकुशल सिपहरू, विषयवस्तुहरू तथा क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया समेटेर तयार गरिएको दस्तावेज नै पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन हो ।

यसमा सिकाइ सहजीकरण योजना निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू, नमुना शिक्षण विधि र तरिकाहरू, विषयगत रूपमा प्रयोग गर्न सकिने शैक्षणिक सामग्रीहरू जस्ता पक्षहरूलाई समेट समेटिएको छ । कक्षा १ मा चारओटै विषयक्षेत्रका मार्गदर्शन तयार गरिएको छ भने कक्षा २ र ३ मा अङ्ग्रेजीबाहेक अन्य तीन विषयको पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन विकास गरिएको छ । पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनका मुख्य विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- थिमगत रूपमा सहजीकरण क्रियाकलापहरू सङ्केत गरिएकोले आवश्यकताअनुसार क्रियाकलापलाई contextualize बनाउन सकिने
- लचिलो सिकाइ पद्धति र सिकारूमैत्री सिकाइ वातावरण तयार गर्ने गरी क्रियाकलापहरू तय गरिएको
- सिकाइ क्रियाकलापहरूमा व्यवहारकुशल सिपहरूको संयोजन गरिएको
- सिर्जनात्मक र मनोरञ्जनात्मक क्रियाकलापहरूलाई समावेश गरिएको
- सिकारूका पूर्व सिकाइ अनुभवहरूमा आधारित सिकाइ क्रियाकलापहरूको सङ्गठन गरिएको
- सिकारूका विचारहरू उजागर गर्न सोच्ने, चिन्तन गर्ने, व्यक्त गर्ने, सहकार्य गर्ने लगायतका सिकाइ क्रियाकलापहरूमा जोड दिइएको
- परियोजनामा आधारित सिकाइ क्रियाकलापहरू मार्फत सिकाइलाई दैनिक जीवनसँग जोड्न प्रयास गरिएको
- प्रत्येक सिकारूको सिकाइ रूची, गति, स्तर र क्षमता अनुकुलका सिकाइ क्रियाकलापहरूको चयन गरिएको
- सिकारूको विविधता र बहुबौद्धिकतालाई ख्याल गरी सिकाइ क्रियाकलापको चयन र व्यवस्थापन गरिएको

## (आ) शिक्षक निर्देशिकाको परिचय र विशेषताहरू

सिकाइ सहजीकरण प्रक्रियालाई योजनाबद्ध, व्यावहारिक, सहभागितामूलक बनाउन शिक्षकलाई सहजीकरण गर्न सहयोग गर्ने पुस्तिका नै शिक्षक निर्देशिका हो । यसमा मूलतः अनुमानित कार्यघण्टा, सिकाइ उपलब्धि, शैक्षणिक सामग्री, सिकाइ सहजीकरण क्रियाकलाप, परियोजना तथा प्रयोगात्मक कार्यकलाप, मूल्याङ्कन प्रक्रिया, शिक्षकको लागि विषयवस्तुको थप जानकारी जस्ता पक्षहरूलाई समावेश गरिएको हुन्छ । एकीकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षक निर्देशिका विकास गर्ने क्रममा नेपाली र हाम्रो सेरोफेरो विषयमा पाठगत तथा अङ्ग्रेजी र गणितमा दैनिक पिरियडगत रूपमा शिक्षक निर्देशिका विकास गरिएको छ । शिक्षक निर्देशिकाका विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- विद्यार्थी पाठ्य तथा कार्यपुस्तिकाको क्रियाकलापलाई पाठ्यक्रमको मर्मअनुसार प्रयोगका लागि विस्तृत रूपमा प्रस्तुत गरिएको

- सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीले सम्पादन गर्नुपर्ने क्रियाकलापहरू स्पष्ट पारिएको
- विद्यार्थीहरूमा हुने शारीरिक, मानसिक, भाषिक, संवेगात्मक, संज्ञानात्मक, सांस्कृतिक विविधतालाई ख्याल गरी शिक्षण सिकाइका विविध विधिहरूको प्रयोग गर्न सङ्केत गरिएको
- शिक्षण सिकाइलाई स्थान विशेष परिवेशसँग सान्दर्भिक गर्दै शिक्षणका अन्य तौरतरिकाहरू प्रयोगका लागि स्थान दिइएको
- शिक्षकको पेसागत विकासका लागि उपयोगी हुने गरी विषयवस्तु, सहजीकरण रणनीति र क्रियाकलापहरू, सिकाई सामग्रीहरू समावेश गरिएको, साथै सन्दर्भ सामग्रीहरूको स्रोत खुलाइएको
- व्यवहारकुशल सिपहरू विकास गर्नको लागि क्रियाकलापहरू विकास गरिएको छ भने क्रियाकलापबाट विकास हुने व्यवहारकुशल सिपहरू पहिचान गरिएको
- मूल्याङ्कन गर्ने प्रक्रियालाई साधनसहित स्पष्ट पारिएको

## (ङ) विद्यार्थी पाठ्य तथा कार्यपुस्तकका विशेषताहरू

पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउनको लागि आवश्यक ज्ञान, सिप, अभिवृत्ति, मूल्य विकास गर्नको लागि विषयवस्तुको प्रस्तुतीकरण गरिएको पुस्तक नै विद्यार्थी कार्य तथा पाठ्यपुस्तक हो । यसमा विशेषतः विद्यार्थीको पूर्व सिकाइ अनुभव, आगमनात्मक क्रियाकलाप, उदाहरण, विषयवस्तुको प्रस्तुतीकरण, परियोजना कार्य, परियोजना कार्य, सारांश, अभ्यास, शब्दार्थजस्ता पक्षहरू समेटिएका हुन्छन् । वर्तमान विद्यार्थी कार्य तथा पाठ्यपुस्तकमा विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- विद्यार्थीका लागि पाठ्यपुस्तक र कार्यपुस्तकको रूपमा रहेको
- थिम र पाठको सुरूमा विषयवस्तुका सम्बन्धमा मस्तिष्क मन्थनका लागि चित्रहरू राखिएको
- पाठको बिच बिचमा विषयवस्तुलाई अन्तरक्रियात्मक बनाउन सक्रिय सिकाइका क्रियाकलापहरूको सङ्केत गरिएको
- पाठको बिचबिचमा र अन्तमा विद्यार्थी मूल्याङ्कनका क्रियाकलाप तथा अभ्यासहरू दिइएको
- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनअनुसार शिक्षकले क्रियाकलापहरू विस्तार गर्न लचकता प्रदान गरिएको
- स्वतन्त्र ढङ्गले सोच्ने, गर्ने, हेर्ने र सिक्ने क्रियाकलाप मार्फत विद्यार्थीको प्रतिभा प्रस्फुटनको अवसर प्रदान गरिएको

## (घ) पाठ्यक्रम तथा पाठ्यसामग्रीबिचको अन्तरसम्बन्ध र प्रयोग गर्ने तरिका

पाठ्यक्रमका प्रावधानलाई सहज तरिकाले कार्यान्वयन गरी अपेक्षित उपलब्धि पूरा गराउन पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनले सहयोग गर्छ । उक्त उपलब्धिलाई पाठगत तथा दैनिक रूपमा सहजीकरण गर्नको

लागि शिक्षकलाई सहयोग गर्न शिक्षक निर्देशिकाले सहयोग गर्छ भने विद्यार्थीहरूले अवलोकन, क्रियाकलाप, परियोजना कार्य, प्रयोगात्मक कार्य, क्षेत्रभ्रमणको माध्यमबाट सिक्ने, क्रियाकलाप गर्न कार्य तथा पाठ्यपुस्तकले सहयोग गर्छ । तसर्थ पाठ्यक्रम, मार्गदर्शन, शिक्षक निर्देशिका र पाठ्य तथा कार्यपुस्तकबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ । यी विविध पक्षहरूबिचको अन्तरसम्बन्ध र प्रयोग गर्ने तरिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- छलफलका लागि विषयवस्तुका रूपमा दिइएको चित्रहरूमा सबैलाई आफ्ना अनुभव खुलेर राख्ने अवसर दिने छलफलका विषयवस्तुका सम्बन्धमा पाठ्यक्रमको उद्देश्य, मार्गदर्शनको सङ्केत र शिक्षक निर्देशिकाको व्यवस्थालाई आधार बनाउने
- पुस्तकमा सङ्केत गरिएका खेलहरू खेलाउने तरिका मार्गदर्शन तथा TG मा दिइएका छन्, पाठ्यक्रमको कुन सिकाइ उपलब्धि हासिल गर्न यस्ता खेलहरू राखिएको हो, पहिचान गरी खेल खेलाउने
- पुस्तकमा सङ्केत गरिएका खेलहरू खेलाउने तरिका मार्गदर्शन तथा TG मा दिइएका छन्, पाठ्यक्रमको कुन सिकाइ उपलब्ध हासिल गर्न यस्ता खेलहरू राखिएको हो, पहिचान गरी खेल खेलाउने
- विद्यार्थीहरूले गीत र कविताहरू सुन्ने, हाउभाउ सहित लय मिलाएर सामुहिक र एकल रूपमा गाउने अवसर दिने र सन्देशबारे छलफल गर्ने
- विद्यार्थीहरूले गीत र कविताहरू सुन्ने, हाउभाउ सहित लय मिलाएर सामुहिक र एकल रूपमा गाउने अवसर दिने र यसले सिकाउन खोजेको विषयवस्तु सम्बन्धमा छलफल गर्ने
- चित्र कथाहरू दिइएको क्रियाकलापमा विद्यार्थीहरूलाई उद्देश्यअनुसार अभिनय, अनुकरण तथा छलफल गराउने
- चित्र, आकृति छपाइ, माटो पिठोको काम, रङ कार्य अनदि दृष्यकलासम्बन्धी क्रियाकलापहरू विद्यार्थीहरूलाई प्रत्यक्ष सहभागी गराई सिप विकास गराउने
- अन्य विषयवस्तु शिक्षणसँग एकीकृत गरी बिचबिचमा यस्ता क्रियाकलापहरू गर्न सकिने, पाठ्यक्रमको क्षेत्र र क्रममा rigid हुन नपर्ने
- खाली ठाउँ भर्ने, मौखिक तथा लिखित अभिव्यक्ति दिने, ठिक बेठिक छुट्याउने अभ्यासहरू विद्यार्थीहरू आफैलाई गर्न प्रोत्साहन गर्नुपर्ने
- परियोजना कार्य, क्षेत्र भ्रमण, प्रयोगात्मक अभ्यास, अभिनय लगायतका क्रियाकलापहरू वास्तविक जीवनसँग जोड्ने क्रियाकलाप हुनुपर्ने
- यी क्रियाकलापहरू गर्दा सकेसम्म स्थानीय परिवेशसँग सान्दर्भिक बनाउने
- नियमित सरसफाइ, व्यायाम तथा योग अभ्यास, पोषण, स्वास्थ्य आदिसँग सम्बन्धित क्रियाकलापहरू बानी विकास गर्ने क्रियाकलापलाई स्थान दिनुपर्ने

- यस्ता क्रियाकलापहरू पाठमा कुनै एक ठाउँमा दिइएको भए तापनि सन्दर्भअनुसार पटक पटक गराउनु पर्ने
- पाठमा केही स्वतन्त्र क्रियाकलापहरू दिइएका छन् । विद्यार्थीहरूलाई चिन्तनशील, खोजमूलक र जिज्ञासु बनाउन सन्दर्भअनुसार यस्ता क्रियाकलापहरू गराउने
- धर्म, परम्परा, चालचलन र संस्कार सिकाउन तथा वातावरणको प्रत्यक्ष अनुभव दिलाउन आवश्यकताअनुसार कक्षाकोठा बाहिर लैजाने

## (ङ) एकीकृत विषयक्षेत्रहरू

कक्षा १ देखि ३ सम्म जम्मा १९ ओटा थिमहरू छन् । अङ्ग्रेजी र नेपालीमा ११।११ ओटा थिमहरू छन् । हाम्रो सेरोफेरोमा १० ओटा थिमहरू रहेका छन् भने गणितमा कक्षा १ मा ६ ओटा, कक्षा २ मा ८ ओटा र कक्षा ३ मा ७ ओटा थिमहरू रहेका छन् । १९ ओटा थिमहरूमध्ये कुनै चारओटै विषय क्षेत्रमा कुनै तीनओटा विषयक्षेत्रमा, कुनै दुईओटा विषयक्षेत्रका साझा थिमहरू रहेका छन् भने कुनै विषयगत मात्र थिमहरू रहेका छन् जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

| क्र.स. | विषयक्षेत्रको वितरणको अवस्था | थिम/विषयक्षेत्र | सङ्ख्या |
|---|---|---|---|
| १ | चारओटा क्षेत्र भएका विषयक्षेत्रहरू | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. मेरो विद्यालय ४. सञ्चार प्रविधि र बजार | ४ |
| २ | तीनओटा क्षेत्र भएका विषयक्षेत्रहरू | १. हाम्रो समुदाय (अङ्ग्रेजीबाहेक)<br>२. हाम्रो वातावरण (गणितबाहेक)<br>३. मेरो सिर्जना (अङ्ग्रेजीबाहेक)<br>४. हाम्रो संस्कृति (गणितबाहेक) | ४ |
| ३ | दुईओटा क्षेत्र भएका विषयक्षेत्रहरू | १. हाम्रो वरपरको संसार (सेरोफेरो र नेपालीमा मात्र)<br>२. बानी र रूची (नेपाली र अङ्ग्रेजीमा मात्र) | २ |
| ४ | विषयगत क्षेत्रहरू | अङ्ग्रेजीमा मात्र : १. वर्ण २. मेरा सरसामान ३. फलफूल र तरकारी ४. चरा र जनावर<br>नेपालीमा मात्र : १. हाम्रा क्रियाकलाप<br>सेरोफेरोमा मात्र : १ हाम्रा वरपरका सजीवहरू<br>गणितमा मात्र : १. सङ्ख्याको ज्ञान २. गणितका आधारभूत क्रिया ३. नाप र तौल | ९ |
| जम्मा थिम सङ्ख्या | | | १९ |

एकीकृत सिकाइ योजनाको लागि एकीकृत विषयक्षेत्र तथा सिकाइ उपलब्धिलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

| विषयक्षेत्र | गणित विषयसम्बद्ध सिकाइ उपलब्धि | अङ्ग्रेजी विषयसम्बद्ध सिकाइ उपलब्धि | हाम्रो सेरोफेरो विषयसम्बद्ध सिकाइ उपलब्धि | नेपाली विषयसम्बद्ध सिकाइ उपलब्धि |
|---|---|---|---|---|
| म र मेरो परिवार | • स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन, <br> • १ देखि २० सम्मका सङ्ख्याको गणना, पढाइ लेखाइ, तुलना गर्न | • Recognize and read familiar words accompanied by visuals, <br> • Draw lines, curves, circles ect., trace the letters and write them | • साधारण उपकरणको अवलोकन <br> • आफ्नो परिवारका सदस्यको नाम र नाता, परिवारका मुख्य मुख्य कार्यहरू, <br> • मोटा, मसिना, सिधा, बाङ्गाटिङ्गा रेखा कोर्न | • पठन तथा लेखनपूर्वको चरण : प्रविधिसम्बद्ध <br> • सामग्री नाम <br> • दिइएका सङ्केतका <br> • आधारमा छड्के, सिधा र गोलो रेखा कोर्न, <br> • चित्रमा रङ भर्न |
| ............ | | | | |

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- एकीकृत पाठ्यक्रमको सम्बन्धमा तपाईंको बुझाइ के रह्यो ?
- एकीकृत पाठ्यक्रमको औचित्यलाई कसरी प्रस्ट पार्न सक्नुहुन्छ ?
- नेपालमा कार्यान्वयन भइरहेको एकीकृत पाठ्यक्रमका मुख्य विशेषताहरू के के रहेछन् ?
- पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकबिचको अन्तरसम्बन्ध कस्तो पाउनु भयो ?
- एकीकृत विषयक्षेत्रहरू पहिचान गर्न सक्नुभयो ? एकीकृत सिकाइ सहजीकरण कसरी गर्न सकिने रहेछ ?

## ५. सन्दर्भ स्रोत


- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- कक्षा १ को शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- कक्षा १ को पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- कक्षा १, २ र ३ को विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६, २०७७

# शैक्षणिक योजना निर्माण र प्रयोग

## १. परिचय

पाठ्यक्रमले निर्धारण गरेका अपेक्षित सक्षमता तथा सिकाइ उपलब्धि पूरा गराउन, सिकाइ सहजीकरणलाई सान्दर्भिक, व्यावहारिक, सहभागितामूलक बनाउन र मूल्याङ्कनलाई आधिकारिक (authentic) बनाउन तयार गरिने योजना नै शैक्षणिक योजना हुन् । एकीकृत पाठ्यक्रमअनुसार विभिन्न विषयवस्तुलाई एकीकृत गरी सिकाइ गराउनको लागि पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ वा थिमगत योजना र दैनिक पाठ योजनाको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यी विविध किसिमका शैक्षणिक योजना निर्माण गर्दा विद्यार्थीहरूमा विकास गराउन सकिने व्यवहारकुशल सिपहरूसमेत एकिन गरी क्रियाकलापको माध्यमबाट उक्त सिपहरू विकास गराउनुपर्ने हुन्छ ।

## २. मुख्य विषयवस्तुहरू

(क) शैक्षणिक योजनाको परिचय र महत्त्व

(ख) एकीकृत पाठ्यक्रम कार्यान्व्यन योजना, वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत योजना निर्माण

(ग) व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण र प्रयोग

## ३. मुख्य विषयवस्तुहरू

### (क) शैक्षणिक योजनाको परिचय र महत्त्व

शिक्षण सिकाइलाई योजनाबद्ध, सहभागितामूलक, व्यवस्थित, सरल, आकर्षक तथा निर्धारित समयमै सिकाइ उपलब्ध पूरा गराउन विद्यालयमा तयार गरिने समग्र योजना नै शैक्षणिक योजना हुन् । पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन विद्यालयमा सामान्यतया वार्षिक कार्यतालिका, पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ वा थिमगत योजना, शिक्षण सुधार योजना, दैनिक तथा साप्ताहिक कार्य तालिका, दैनिक पाठयोजना जस्ता योजना बनाउने गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेका सक्षमता तथा सिकाइ उपलब्धिलाई सरल, सहज रूपमा पूरा गराउन, एकीकृत सिकाइलाई व्यावहारिक र सहभागितामूलक बनाउन, सामग्रीको अधिकतम प्रयोग गराउन, मूल्याङ्कनका उपयुक्त साधनहरूको पहिचान गरी विद्यार्थीको सही कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्न शैक्षणिक योजनाको आवश्कता पर्छ । शैक्षणिक योजनाको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- पाठ्यक्रममा विद्यार्थीहरूले हासिल गर्न राखिएका सक्षमता तथा सिकाइ उपलब्धि पूरा गराउनमा सहयोग गर्न

- पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्न
- शिक्षण सिकाइ क्रियाकलापहरूलाई विद्यार्थी केन्द्रित तथा व्यावहारिक बनाउन र सिकाइलाई बालमैत्री बनाउन
- शिक्षण सिकाइलाई प्रभावकारी बनाउन उपयुक्त शिक्षण विधि, तरिकाहरू छनोट गरी प्रयोग गर्न
- विषयवस्तुको प्रकृतिअनुसार उपयुक्त सामग्रीहरूको छनोट, निर्माण र प्रयोग गर्न
- विद्यार्थीहरूको सिकाइमा अभिवृद्धि गर्न र सिकाइको लागि उत्प्रेरणा र प्रोत्साहन गर्न
- सिकाइ कार्यकलापहरूको गुणस्तर पत्ता लगाउन र सुधार गर्न
- शिक्षकलाई आफ्नो पेसाप्रति जिम्मेवारी र जबाफदेही बनाउन
- शिक्षक तथा विद्यार्थीहरूलाई समयको अधिकतम सदुपयोग गराई अपेक्षित उपलब्धि पूरा गराउन
- विद्यार्थी मूल्याङ्कनका उपयुक्त साधन र विधिहरूको पहिचान र प्रयोग गर्न
- उपचारात्मक शिक्षण गरी शिक्षण प्रक्रियामा देखिएका समस्या समाधान गर्दै निरन्तर सुधार गर्न

## (ख) एकीकृत पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना र एकाइ/थिमगत योजना निर्माण

## पाठ्यक्रम कार्यान्वयन योजना (Curriculum Implementation plan)

नमुना पाठ्यक्रम कार्यान्वयन योजना (कक्षा १)

विषय : हाम्रो सेरोफेरो

| थिम | सिकाइ उपलब्धि | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका सिकाइ उपलब्धिहरू तथा विषयवस्तु | सम्भावित सामग्री, क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया | | | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| | | | सिकाइ सामग्री | शिक्षण सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | |
| म र मेरो परिवार | • आफ्नो नाम, ठेगाना र पहिरन बताउन परिवारका सदस्यहरूलाई उपयुक्त अभिवादन गर्न<br>• आफ्नो परिवारका सदस्यहरूको नाम र नाता बताउन<br>• आफूभन्दा सानालाई माया गर्न<br>• आफ्नो परिवारका सदस्यहरूले गर्ने मुख्य मुख्य काम बताउन<br>• समूहमा साधारण बालगीतमा लय मिलाई खुट्टा चाल्न र शरीर हल्लाउन<br>• आफूले खाने खानेकुराका नाम बताउन<br>• स्थानीय स्तरमा पाइने सफा र ताजा खानेकुरा खाने बानी बसाल्न<br>• आफ्नो खेलौना बताउन र घरमा भएका खेलौनाहरू प्रयोग गरी खेल खेल्न<br>• साथीसँग रमाइलो गर्दै स्थानीय खेल खेल्न<br>• लाइनमा मिलेर हिँड्ने बानी विकास गर्न<br>• शिक्षकको निर्देशनअनुसारका विभिन्न कथामा आधारित खेलहरू खेल्न<br>• पेन्सिल, चक, पेस्टल वा खरीको प्रयोग गरी मोटा, मसिना, सिधा, वाँङ्गाटिङ्गा रेखा कोर्न<br>• आफ्नो घरमा भएका सरसामानहरूको नाम बताउन र जतन गर्न<br>• साधारण उपकरणको अवलोकन गर्न र आवश्यकताअनुसार मापनका लागि प्रयोग गर्न | **गणित**<br>• स्थानको आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन (सहकार्य सिप)<br>• देवनागरी र हिन्दु अरेबिक सङ्ख्याङ्कन पद्धतिमा २० सम्म गन्ती गर्न, पढ्न, लेख्न र तुलना गर्न (सञ्चार सिप)<br>**नेपाली**<br>• सबैलाई नमस्कार (परिचय गीत)<br>• कुराकानी, सोधपुछ र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न<br>• शिष्टाचारयुक्त शब्दको पहिचान र प्रयोग गर्न<br>• दिइएका सङ्केतका आधारमा छड्के, सिधा र गोलो रेखा कोर्न<br>• चित्रमा रङ भर्न<br>**English**<br>**Language functions**<br>• Greeting and leave taking<br>• Introducing<br>• Talking about home and family<br>• Give basic personal information about themselves (e.g. name, address, family, nationality) using short words and phrases.<br>• Sing or recite a song/chant by listening to the teacher or an audio.<br>• Reading<br>• Perform rhymes and chants with appropriate rhyme and rhythm.<br>**Writing**<br>• Hold pencil correctly to gain control to draw lines, curves, circles, etc. | • परिवारको फोटो, भिडियो, खानेकुरा, खेलौनाहरू, पेन्सिल, चक, पेस्टल वा खरी, | • प्रयोगात्मक विधि<br>• परियोजना कार्य विधि<br>• सहयोगात्मक सिकाइ विधि<br>• प्रश्नोत्तर विधि<br>• छलफल फल विधि | • मौखिक अभिव्यक्ति<br>• श्रेणी मापन<br>• अभिभावक तथा सहपाठी प्रतिक्रिया<br>• प्रदर्शन गर्न लगाएर<br>• कार्य सम्पादनको अवलोकन गरेर<br>• खेल्न लगाएर<br>• बताउन लगाएर<br>• प्रश्न सोधेर | ४० |
| मेरो दैनिक जीवन | | | | | | |

# वार्षिक शैक्षणिक योजना/वार्षिक पाठयोजना

## परिचय

विद्यालयको विषय/शिक्षकले वार्षिक कार्यतालिकाको आधारमा आफूले अध्यापन गर्ने विषयलाई प्रभावकारी रूपमा शिक्षण गर्नको लागि तयार गरिएको योजना नै वार्षिक शैक्षणिक योजना हो । यसलाई वार्षिक पाठयोजना पनि भनिन्छ । तोकिएको कक्षा र विषयमा पाठ्यक्रमले एक शैक्षिक वर्षमा हासिल गर्न निर्धारित सिकाइ उपलब्धि पूरा गराउनको लागि समय, सामग्री, सिकाइ क्रियाकलाप (विधि र तरिका, उपागम, रणनीति), विषयगत अतिरिक्त सहक्रियाकलाप, मूल्याङ्कन आदि पक्षलाई समेटेर बनाइएको पूर्व तयारी नै वार्षिक शैक्षणिक योजना हो । यस्तो योजनाले शिक्षकलाई कुन एकाइ वा पाठ कुन महिना र कुन हप्तामा शिक्षण गर्ने, कति पिरियडमा पढाउने, कुन शैक्षिक सामग्री प्रयोग गर्ने, कुन विधिको प्रयोग गर्ने, विद्यार्थीले हासिल गर्ने उपलब्धिको लेखाजोखा कसरी गर्ने जस्ता पक्षहरू समेटेको हुन्छ ।

## वार्षिक शैक्षणिक योजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू

- वार्षिक कार्यतालिकाको अध्ययन
- कक्षागत तथा विषयगत उद्देश्यहरू/सक्षमता/सिकाइ उपलब्धि
- शैक्षिक सामग्रीको अवस्था
- शिक्षण विधि तथा क्रियाकलापहरू
- मूल्याङ्कन प्रक्रिया
- विषयगत पाठ्यभार र पूर्णाङ्क
- कक्षा सञ्चालन हुने दिन

## वार्षिक शैक्षणिक/वार्षिक पाठयोजनाको आवश्यकता

- पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धि पूरा गर्न
- विषयवस्तु, सामग्री, कार्यकलाप/विधि, मूल्याङ्कन प्रक्रियाका बारेमा जानकारी हासिल गर्न
- शिक्षणलाई उद्देश्यमूलक, सिलसिलाबद्ध र प्रभावकारी बनाउन
- उद्देश्य र समयबिच तालमेल मिलाउन
- एकाइ योजना र दैनिक पाठ योजना निर्माण गर्न
- पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्ध कायम गर्न
- विषयगत सहकार्यकलाप सञ्चालन गर्न

## वार्षिक शैक्षणिक योजनाको महत्त्व

- शिक्षकलाई एकाइ योजना र दैनिक पाठयोजना बनाउन सहयोग पुग्छ ।

- तोकिएको समयमा शिक्षण कार्य सम्पन्न गर्न सहयोग पुग्छ ।
- शैक्षिक सत्रअन्तर्गतको विषयगत गतिविधिको मोटामोटी रूपरेखा तयार गर्न सहयोग पुऱ्याउँछ ।
- विषय शिक्षकलाई निर्धारित समयभित्र तोकिएको पाठ्यवस्तु योजनाबद्ध ढङ्गले शिक्षण गर्न सहयोग पुऱ्याउँछ ।
- निर्दिष्ट पाठ्यसामग्रीलाई विद्यालयको कार्यक्रमअनुसार समय, शिक्षण सामग्री, शिक्षण प्रक्रिया, पाठ्यवस्तुको सीमा र मूल्याङ्कन प्रक्रिया आदिसित संयोजन हुने गरी शिक्षण गर्न सहयोग पुऱ्याउँछ ।
- सफल शिक्षणका रणनीतिको आधार तय गर्न सहयोग पुऱ्याउँछ ।

## वार्षिक शैक्षणिक योजनाको प्रयोग

- वार्षिक शैक्षणिक अर्थात् वार्षिक पाठयोजनालाई निम्न लिखित कार्यमा प्रयोग गर्न सकिन्छ :
- शिक्षकलाई निर्धारित समयभित्र तोकिएका सिकाइ उपलब्धि, विषयवस्तुहरूलाई योजनाबद्ध रूपमा पूरा गर्नमा सहयोग गर्न
- पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिलाई सहज र सिकाइमैत्रीपूर्ण तरिकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न
- शिक्षण सुधार योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माणको आधार तय गर्न
- शिक्षण सिकाइलाई उद्देश्यमूलक, व्यवस्थित, सिलसिलाबद्ध र सरल बनाउन
- पाठ्यक्रममा निर्धारित गरिए अनुसारका सिकाइ उपलब्धि/उद्देश्यहरू उपलब्ध समयबिच सन्तुलन कायम गरी शिक्षण सिकाइलाई बढी उपलब्धिमूलक र प्रभावकारी बनाउन
- वार्षिक कार्यतालिका वा कार्यपात्रो कार्यान्वयनमा सघाउन
- पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको सम्बन्ध कायम राखी कार्यान्वयनलाई प्रभावकारी बनाउन
- अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलापलाई व्यवस्थित रूपमा सञ्चालन गर्न
- शैक्षिक सत्र अन्तर्गतको विषयगत गतिविधिको मोटामोटी रूपरेखा तयार गर्न
- विषय शिक्षकलाई निर्धारित समय भित्र तोकिएको पाठ्यवस्तु योजनाबद्ध तरिकाले शिक्षण गर्ने सुझाव प्रदान गर्न
- निर्धारित पाठ्यसामग्रीलाई विद्यालयको कार्यक्रमअनुसार समय, शिक्षण सामग्री, शिक्षण प्रक्रिया, पाठ्यवस्तुको सीमा र मूल्याङ्कन प्रक्रिया आदिसँग संयोजन हुने गरी सिकाइ सहजीकरण गर्न
- सफल शिक्षणका रणनीतिहरूको विकास गर्न तथा वार्षिक कार्यपात्रोको कार्यान्वयनलाई प्रभावकारी बनाउन

# वार्षिक शैक्षणिक योजना निर्माणको खाका

विद्यालयको नाम :..........................
शैक्षिक वर्ष : २०७८
विषय : हाम्रो सेरोफेरो
विषय शिक्षकको नाम :............ .........
कक्षा : १
विद्यालय खुल्ने दिन : २२०
वर्षभरि पढाइ हुने दिन : २०५

| महिना | पढाइ हुने दिन | थिम | थिमअन्तर्गतका सिकाइ उपलब्धि | कार्य घण्टा | थिम र थिम अन्तर्गतका पाठहरू | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका विषयवस्तुहरू | शैक्षिक सामग्री | शिक्षण विधि तथा तरिका | विद्यार्थी मूल्याङ्कन गर्ने तरिका |
|---|---|---|---|---|---|---|---|---|---|
| बैशाख<br>जेठ | १५<br>२५ | म र मेरो परिवार | • आफ्नो नाम, ठेगाना र पहिरन बताउन परिवारका सदस्यहरूलाई उपयुक्त अभिवादन गर्न<br>• आफ्नो परिवारका सदस्यहरूको नाम र नाता बताउन<br>• आफूभन्दा सानालाई माया गर्न<br>• आफ्नो परिवारका सदस्यहरूले गर्ने मुख्य मुख्य काम बताउन<br>• समूहमा साधारण बालगीतमा लय मिलाई खुट्टा चाल्न र शरीर हल्लाउन<br>• आफूले खाने खानेकुराका नाम बताउन<br>• स्थानीय स्तरमा पाइने सफा र ताजा खानेकुरा खाने बानी बसाल्न<br>• आफ्नो खेलौना बताउन र घरमा भएका खेलौनाहरू प्रयोग गरी खेल खेल्न<br>• साथीसँग रमाइलो गर्दै स्थानीय खेल खेल्न<br>• लाइनमा मिलेर हिँड्न बानी विकास गर्न<br>• शिक्षकको निर्देशनअनुसारका विभिन्न कथामा आधारित खेलहरू खेल्न<br>• पेन्सिल, चक, पेस्टल वा खरीको प्रयोग गरी मोटा, मसिना, सिधा, वाँङ्गाटिङ्गा रेखा कोर्न<br>• आफ्नो घरमा भएका सरसामानहरूको नाम बताउन र जतन गर्न<br>• साधारण उपकरणको अवलोकन गर्न र आवश्यकताअनुसार मापनका लागि प्रयोग गर्न | ४० | १. हाम्रो परिचय<br>२.हाम्रो पहिरन<br>३. हाम्रो खानेकुरा<br>४. हाम्रो खेलौना<br>५. हाम्रो परिवार<br>६. हाम्रो काम<br>७. हाम्रो सामान | **गणित**<br>• स्थानको आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन (सहकार्य सिप)<br>• देवनागरी र हिन्दु अरेबिक सङ्ख्याङ्कन पद्धतिमा २० सम्म गन्ती गर्न, पढ्न, लेख्न र तुलना गर्न (सञ्चार सिप)<br>**नेपाली**<br>• कुराकानी, सोधपुछ र प्रश्नोत्तरका क्रममा उपयुक्त भाषाको प्रयोग गर्न<br>• शिष्टाचारयुक्त शब्दको पहिचान र प्रयोग गर्न<br>• चित्रमा रङ भर्न<br>• दिइएका सङ्केतका आधारमा छड्के, सिधा र गोलो रेखा कोर्न<br>• चित्रमा रङ भर्न<br>**English**<br>Language functions<br>• Greeting and leave taking<br>• Introducing<br>• Talking about home and family<br>• Give basic personal information about themselves (e.g. name, address, family, nationality) using short words and phrases.<br>• Sing or recite a song/chant by listening to the teacher or an audio.<br>• Reading<br>• Perform rhymes and chants with appropriate rhyme and rhythm.<br>**Writing**<br>• Hold pencil correctly to gain control to draw lines, curves, circles, etc. | • बल<br>• विभिन्न किसिमका पहिरनहरूको तस्बिर<br>• पेन्सिल, इरेजर, रङहरू तथा पेष्टल<br>• विभिन्न प्रकारका खानाहरूको चार्ट<br>• परिवारको फोटा वा चित्र<br>• चित्र पत्ती | **खेल विधि**<br>• तातो आलु<br>• परिचय खेल<br>• चित्र पत्ती खेल (सामान चिन्ने खेल)<br>**सङ्गीत विधि**<br>• गीत गाउने | • मौखिक अभिव्यक्ति<br>• श्रेणी मापन<br>• रूजु सूची<br>• अभिभावक तथा सहपाठी प्रतिक्रिया<br>• अवलोकन गरेर<br>• प्रश्नोत्तर<br>• जोडा मिलाउने<br>• गाउन लगाएर<br>• पहिचान गर्न लगाएर<br>• ठिक बेठिक छुट्याउन लगाएर<br>• रेखा कोर्न लगाएर<br>• सामान चिन्न लगाएर |
| असार | | | | | | | | | |
| साउन | | | | | | | | | |
| भदौ | | | | | | | | | |
| असोज | | | | | | | | | |
| ...... | | | | | | | | | |

# थिमगत वा एकाइ योजना (Theme/Unit plan)

## परिचय

वार्षिक शैक्षणिक योजनामा उल्लेख भएअनुसार प्रत्येक एकाइको शिक्षणलाई उद्देश्यमूलक, सिलसिलाबद्ध र सरल तरिकाले शिक्षण गर्नको लागि तयार गरिएको योजनालाई एकाइ योजना भनिन्छ । एकाइ योजना विषयगत शिक्षकले वार्षिक शैक्षणिक योजनाको आधारमा तयार गर्ने गर्छन् । यस योजनाले हरेक विषयका एकाइहरूको विषयगत प्रकृतिका आधारमा कति पिरियड पढाउनुपर्ने हो, एकाइका उद्देश्यहरू/सिकाइ उपलब्धिहरू के के हुन, कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्ने, कस्तो शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने र मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा समेटेको हुन्छ ।

### थिम/एकाइ योजना निर्माणको ढाँचा

विद्यालयको नामः ....................
शैक्षिक सत्र : २०७८
शिक्षकको नामः ......
विषय : हाम्रो सेरोफेरो
कक्षा : ..................
थिमको अनुमानित कार्य घण्टा : ४० घण्टा
एकाइ, थिमको नाम : म र मेरो परिवार


| थिम अन्तर्गतका पाठहरू | पाठसँग सम्बन्धित सिकाइ उपलब्धि | कार्य घण्टा | व्यवहारकुशल सिप | एकीकृत गर्न सकिने अन्य विषयक्षेत्रका विषयवस्तुहरू | सिकाइ सामग्री | शिक्षण विधि, तरिका, क्रियाकलापहरू | मूल्याङ्कन प्रक्रिया |
|---|---|---|---|---|---|---|---|
| जेनेरिक कार्य | | ४ | | विषयक्षेत्र पृष्ठ छलफल, शिक्षकको सहयोग तथा आफैं गर्ने स्वतन्त्र सिर्जनशील कार्यहरू (जस्तै : चित्र कोर्ने, गीत गाउने, नाच्ने, अभिनय गर्नेलगायत) तथा थप सहयोग (सुधारात्मक तथा उपचारात्मक सिकाइ) का लागि । | | | |
| १. हाम्रो परिचय | • आफ्नो नाम र ठेगाना बताउन<br>• परिवारका सदस्यहरूलाई उपयुक्त अभिवादन गर्न<br>• आफूभन्दा सानालाई माया गर्न | ७ | वैयक्तिक<br>जिम्मेवारी,<br>सञ्चार,<br>सक्रियतापूर्वक<br>सुन्ने सिप | • Talking about home and family<br>• Give basic personal information about themselves (e.g. name, address, family, nationality) using short words and phrases. | शिक्षक, विद्यार्थी | प्रदर्शन विधि<br>खेल विधि<br>सङ्गीत विधि | • मौखिक अभिव्यक्ति<br>• श्रेणी मापन<br>• अभिभावक तथा सहपाठी प्रतिक्रिया |
| २. हाम्रो पहिरन | • आफ्नो पहिरन बताउन | ३ | बहुसांस्कृतिक साक्षरता सिप | ............. | ....... | .......... | .......... |
| ३. हाम्रो खानेकुरा | • आफूले खाने खानेकुराको नाम बताउन<br>• स्थानीयस्तरमा पाइने सफा र ताजा खानेकुरा खाने बानी बसाल्न | ६ | सिकाइ सिप, स्वव्यवस्थापन सिप | ................... | ....... | ......... | ........... |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. हाम्रो खेलौना | • खेलौना बताउन र घरमा भएका खेलौनाहरू प्रयोग गरी खेल्न<br>• साथीसँग रमाइलो गर्दै स्थानीय खेल खेल्न<br>• लाइनमा मिलेर हिड्ने बानीको विकास गर्न<br>• शिक्षकको निर्देशनअनुसार विभिन्न कथामा आधारित खेल खेल्न | ७ | सहकार्य<br><br>सहयोग र सम्मान,<br><br>सिर्जनात्मक सोचाइ सिप | ........... | ..... | ...... | ......... |
| ५. हाम्रो परिवार | • परिवारका सदस्यको नाम र नाता बताउन | ३ | सञ्चार सिप | ......... | .... | ......... | ......... |
| ६. हाम्रो काम | • आफ्नो परिवारका सदस्यले गर्ने मुख्य मुख्य काम बताउन | ३ | सञ्चार सिप र सिकाइ सिप | .......... | ....... | ........ | ............ |
| ७. हाम्रो सामान | • आफ्नो घरमा भएका सरसामानको नाम बताउन र जतन गर्न<br>• साधारण उपकरणको अवलोकन गर्न र आवश्यकता अनुसार मापनका लागि प्रयोग गर्न<br>• पेन्सिल, चक, खरी, पेष्टलको प्रयोग गरी मोटा, मसिना, सिधा र बांगाटिंगा रेखा कोर्न | ७ | स्वव्यवस्थापन, सहयोग, सिर्जनात्मक सोचाइ सिप | .......... | ....... | .......... | ...... |

## (ग) व्यवहारकुशल सिपमा आधारित दैनिक योजना निर्माण र प्रयोग

### नमुना पाठयोजना १

| | | |
|---|---|---|
| विषय : गणित | कक्षा : १ | |
| पाठ : आकार, प्रकार र स्थान | पिरियड : पहिलो | समय : १ घण्टा |




**सिकाइ उपलब्धि (Learning outcome) :**

- स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर छुट्याउन

**शैक्षणिक सामग्री (Materials):**

- पोस्टर, पेपर, भित्र र बाहिर जनाउने तस्बिरहरू
- कक्षाकोठाभित्र र बाहिर पाइने विभिन्न ठोस वस्तुहरू

**व्यवहारकुशल सिप :**

- सहकार्य सिप (S.3.2)


### सिकाइ सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ : दिइएको चित्र हेरी छलफल गरौँ :**

पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या १ को चित्र अवलोकन गराउँदै विद्यार्थीरूसँग के हाम्रो वरपर चित्रमा जस्तै देखिन्छ ? के के देखिन्छ ? के के देखिँदैन ? जस्ता प्रश्न गरी वरपरका वस्तुस्थितिबारेमा छलफल गर्नुहोस् ।

विद्यार्थीको अपेक्षित प्रतिक्रियाः यो हाम्रो गाउँ जस्तै छ । हाम्रो वरिपरि हिमाल छ । हाम्रो गाउँ अग्लो पहाडमा छ आदि ।

- चित्रमा के के देखेका छौँ र कहाँ छन् भनी प्रश्न गर्नुहोस् ।
- पालैपालो सबैलाई चित्रमा देखिएका वस्तुकहाँ छन् भनी प्रश्न गर्नुहोस् ।




**क्रियाकलाप २ :**

- एउटा बट्टा र वस्तुका माध्यमबाट त्यसलाई भित्र राख्ने र बाहिर वस्तुहरू निकाल्ने गरी अवलोकन गराई भित्रका वस्तु छुट्याउन लगाउनुहोस् । भित्र र बाहिरको अवधारणा दिनुहोस् ।
- हामी खेल कहाँ खेल्छौँ ?

- कस्ता खेल भित्र र कस्ता खेल बाहिर खेल्छौँ भनी सोध्नुहोस् ।
- विद्यार्थीको अपेक्षित प्रतिक्रिया : डन्डीबियो बाहिर खेल्छौँ, लुडो भित्र खेल्छौँ आदि ।

**मूल्याङ्कन :**

- भित्र र बाहिर खेलिने खेलको नाम भन्न सके नसकेको यकिन गर्नुहोस् ।

**थप सुझाव :**

स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, ठूलो र सानो, अग्लो र होचो, लामो र छोटो, अगाडि र पछाडि, तल र माथि, नजिक र टाढा, दायाँ, बायाँ र बिच छुट्याउनेसम्बन्धी धारणा दिन दिइएको चित्र छलफल गराउन सकिन्छ ।

## क्रियाकलाप ३ : कविता पढौँ र छलफल गरौँ :

- सबै जना कक्षाकोठामा भएको समयमा विद्यार्थीहरूलाई हामी कहाँ छौँ ? भनी प्रश्न गर्नुहोस् ।
- विद्यार्थीको अपेक्षित प्रतिक्रियाः भित्र, कक्षाकोठामा, विद्यालयमा आदि ।
- कक्षाकोठा वरिपरि भित्र र बाहिर हेर्न लगाउने र के के देखिन्छ भित्र र बाहिर शब्द प्रयोग हुने गरी वाक्य बनाउन लगाउनुहोस् । जस्तैः
  - हामी कक्षाकोठा भित्र छौँ ।
  - कक्षाकोठाको बाहिर रूख देखिन्छ ।
- विद्यार्थीहरूले दिएको उत्तरको आधारमा प्रश्नोत्तर गर्दै भित्र र बाहिरको बारेमा प्रस्ट पार्नुहोस् ।

**मूल्याङ्कन :**

के कक्षाका सबै विद्यार्थीहरूले बाहिर पहिचान गरी कक्षा कोठा र आफ्नो घर बाहिर रहेका केही वस्तु पहिचान गर्न सके ?

## क्रियाकलाप ४ :

पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या २ मा भएको कवितालाई लय मिलाउँदै आफूले गाउने र विद्यार्थीलाई पनि गाउन लगाउनुहोस् । भित्र र बाहिर शब्दको पहिचानमा जोड दिनुहोस् ।

**मूल्याङ्कन :**

चित्र हेरी कवितामा भएका वस्तुहरूबारे प्रश्न गर्नुहोस्, जस्तैः

- बालक कहाँ छ ?
- बिरालो कहाँ गयो ?
- दुधको कुँडे कहाँ छ ?

थप सुझाव :

- चउरमा वृत्ताकार घेरा बनाउनुहोस् र विद्यार्थीहरूलाई उक्त घेरामा उभिन लगाउनुहोस् ।
- अब शिक्षकले भित्रभन्दा उफ्रेर घेराभित्र जाने र बाहिरभन्दा उफ्रेर घेराबाहिर आउनुपर्ने नियम बताउनुहोस् ।
- भित्र र बाहिरको अभ्यासका क्रममा भित्रको निर्देशनमा बाहिर पर्ने र बाहिरको निर्देशनमा भित्र पर्ने विद्यार्थीलाई खेलबाट हटाउनुहोस् ।
- सोहीअनुसार भित्र र बाहिर भन्दै भित्र र बाहिरको अभ्यास गराउनुहोस् ।

## नमुना पाठयोजना २

| | | |
|---|---|---|
| विषय : हाम्रो सेरोफेरो | कक्षा : १ | |
| पाठ : हाम्रो परिचय | पिरियड : दोस्रो | समय : १ घण्टा |

(क) सिकाइ उपलब्धि (Learning outcome) : आफ्नो नाम र ठेगाना बताउन

(ख) शैक्षणिक सामग्री (Materials): पाठसँग सम्बन्धित चित्र, भकुन्डो, शिक्षक र विद्यार्थी

(ग) व्यवहारकुशल सिप : वैयक्तिक जिम्मेवारी, सञ्चार र सक्रियतापूर्वक सुन्ने सिप

(घ) सिकाइ सहजीकरण क्रियाकलाप

### क्रियाकलाप १ :

- कक्षामा प्रवेश गरेपछि दुई हात जोडेर विद्यार्थीहरूलाई नमस्कार गर्नुहोस् । विद्यार्थीहरूलाई एक दुईपटक दोहोर्‍याएर नमस्कार गर्ने अभ्यास गराउनुहोस् ।
- नमस्कार गरेर विद्यार्थीलाई आफ्नो परिचय दिनुहोस् ।
- पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या २ मा चित्रमा देखाईको रूपक र डोल्माबिचको जस्तै जोडी समूह बनाई एकआपसमा परिचय दिन लगाउनुहोस् ।
- विद्यार्थीहरूलाई पालैपालो आआफ्नो नाम, ठेगाना, उमेर, हाल पढिरहेको कक्षा, विद्यालयको नाम, आफूलाई मन पर्ने खानेकुरा, मन पर्ने खेलौना आदिबारे प्रश्न सोधी परिचय दिन लगाउनुहोस् । (विद्यार्थीले दिएका उत्तरको आधारमा मूल्याङ्कन गर्नुहोस् ।
- पाठ्य तथा कार्यपुस्तकमा दिइएको गीतमार्फत आफ्नो परिचय दिन लगाउनुहोस् ।

क्रियाकलाप २ :

- पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या ३ मा दिइएको चित्रमा जस्तै विद्यार्थीहरूलाई भकुन्डो वा बलमार्फत तातो आलु खेल खेलाउँदै पालैपालो आफ्नो नाम र ठेगाना भन्न लगाउनुहोस् ।
- यसको लागि विद्यार्थीहरूलाई गोलो घेरामा राख्नुहोस् । घेरामा क्रमशः बल पास गर्न लगाउनुहोस् । बल पास दिने विद्यार्थीले बल लिने विद्यार्थीतर्फ फर्किएर नमस्कार मेरो नाम.........हो तपाईंको नि भन्दै बल दिन लगाउनुहोस् र यही तरिकाले सबै विद्यार्थीहरूलाई आफ्ना नाम र ठेगाना बताउन लगाउनुहोस् ।

(ङ) गृहकार्य/परियोजना कार्य

- परिचय र ठेगाना सम्बन्धी विद्यालयमा गरिएका क्रियाकलापहरू घरमा गरेर देखाउनुहोस् ।

## Model Lesson 3

| Subject: English | Period: 3rd | Time: 1 hour |
|---|---|---|
| Topic: Listen and say, point, colour and listen and sing the chant | | |

1. **Learning outcomes:**
   a. greet orally (good morning/afternoon).
   b. identify similar and different pictures.
   c. hold pencil correctly and gain control over it.
   d. sing and enjoy the chant.
2. **Materials:** Crayons, song chart, sample outline picture of an apple
3. **Soft skills te be developed:** Communication, critical thinking, sense of belonging, active listening, taking care of self, respect for diversity etc.

**4. Teaching learning activities**

a. Listen and say 15 minutes

**Activity 1**

- Greet students by saying 'Good morning/afternoon class.'
- Say ‘Good morning/afternoon class’ a couple of times and look at the response you get.

- If you do not get the response 'Good morning/afternoon Sir/Miss/Teacher, ask them to respond to you. Ask them to repeat for a couple of times.




**Activity 2**

- Ask some students to go out.
- Ask the class to say 'good morning/afternoon' when the students come in.
- When they come in, ask them to practice 'good morning/afternoon (student's name) and the student who comes in to say good morning/afternoon class'.
- Do it with as many students as possible.

**Activity 3**

- Go to different students randomly in class and say 'good morning/afternoon (student's name) and try to get the response 'good morning/afternoon sir/miss/teacher'.
- Do it with as many students as possible.

**Activity 4**

- Ask students to move around the class and say 'good morning/afternoon (student's name)' and get the same response from their friends.
- Do these practice activities until all students in class say the expression 'good morning ….' correctly?

**Activity 5**

- Call two students to the front of the class and ask them to greet each other in English by calling their names.
- First you demonstrate it with a student and then ask students to do the same.

### Activity 6

- Ask the students to look at the picture and see the things there.
- Then ask simple questions. Like:

  a. What do you see in the picture?

  b. Who is the father doing?

  c. What is the mother doing?

  d. What is the daughter doing?

  e. Which animal do you see?

  f. What is it doing?, etc.


The students may not understand the question in the English language. Thus the teacher can also use the mother tongue or Nepali. Similarly, they may answer in Nepali or in their mother tongue. In such situation, the answer into English.

**b. Point (to the same pictures in each row) 15 minutes**

This is the topic for students to see and identify the pictures. Ask students: What do you see in the picture? What are they doing? (Tell them that they can use their own language)

### Activity 1

- Ask: How many pictures can you see? Which pictures are similar? Why? (Use Nepali in asking questions if they don't understand in English)




- Ask them to work in pairs and talk about the pictures. (similarities and differences). Move around the class and monitor.

**c. Colour** **15 minutes**

This is a colouring activity. This aims to develop hand-eye coordination skill and the skill to gain control over pencil.

**Activity**



- Use the picture given in the workbook.
- Provide crayons.
- Demonstrate a coloured picture of an apple.
- Ask the students to use the similar colour.
- Demonstrate them the correct way of holding the crayon. And make sure that they are all holding the crayon correctly.
- Ask the m to see the border of the picture.
- Tell them that they should colour inside the border only.
- Demonstrates them how should they colour it.
- Teach them to colour either from left to right and top to bottom.
- Asks them to colour gently without living any white mark.
- Once they colour, ask them to show to each other.

**d. Listen and Sing** **15 minutes**

Songs and rhymes are very useful to learn a foreign language. Students like songs. Learn how to sing the song or rhyme before you go class. Practise the rhyme yourself several times so that you can sing it properly in class. In this lesson, the rhyme is Johny, Johny Yes Papa. Go to the following link, listen how this is sung and practice it before class.
https://www.youtube.com/watch?v=F4tHL8reNCs

If you can save it on your mobile or you can go online during the class, you can also show this to the students during the class.

**Activity 1**

- Tell students that you are going to sing a song for them.
- Ask them to listen to you.

- Sing the rhyme while the students listen to you.
- After you sing it a couple of times, ask them to repeat after you.
- Do it several time with actions.

 **Listen and sing.**

Johnny Johnny !
Yes, Papa.
Eating sugar?
No, Papa.
Telling a lie?
No, Papa.
Open your mouth.
Ha ha ha!



- You need to continue until everyone gets the rhyme.

**Activity 2**

- Tell students that you are playing the role of Papa and students are playing the role of Johny.
- Now practise it several times.
- Swap the roles and practise it again.

**Activity 3**

- Ask students to work in pairs. One of them will be Papa and another one will be Johny.
- Ask them to practice is several times.
- Randomly pick some pairs and ask them to show it for the whole class.

**Homework/project work**

- Learn the song by heart with the help of your brother/sister.

## नमुना पाठयोजना ४

| | | |
|---|---|---|
| विषय : नेपाली | कक्षा : १ | |
| पाठ : हाम्रो परिचय | पिरियड : चौथो | समय : १ घण्टा |

**(क) सिकाइ उपलब्धि** (Learning outcome) : आफ्नो परिचय दिन

**(ख) शैक्षणिक सामग्री** (Materials): पाठसँग सम्बन्धित चित्र

**(ग) व्यवहारकुशल सिप** : सञ्चार सिप

**(घ) सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन**

### क्रियाकलाप १

(अ) शिक्षकले विद्यार्थीलाई नमस्कार भन्दै हात जोडेर पनि देखाउनुहोस् । त्यसपछि पुनः आवाजसँगै नमस्कार गरी विद्यार्थीलाई पनि सँगै गर्न लगाउनुहोस् ।

(आ) पाठ्य तथा कार्यपुस्तकमा रहेको 'सबैलाई नमस्कार' कविता वा त्यसको कविता चार्ट प्रदर्शन गर्दै शिक्षकले गति, यति, लय र हाउभाउसहित गाएर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीसँगै गाउनुहोस् र लयबद्ध वाचनमा समस्या भएका विद्यार्थीलाई उपयुक्त चिह्न, सङ्केत र क्रियाको उपयोग गरी थप सिकाइको अवसर प्रदान गर्नुहोस् । यस क्रममा क्रमिक सिकाइ रणनीति (शिक्षकले गरेर देखाउने, शिक्षक र विद्यार्थीले सँगसँगै गर्ने, विद्यार्थी विद्यार्थीसँगै अभ्यास गर्ने र विद्यार्थीलाई व्यक्तिगत रूपमा अभ्यास गर्न लगाउने लाई उपयोग गर्नुहोस् ।




**सबैलाई नमस्कार**

पुतली झैँ बनेर
आएँ पढ्न भनेर
अनिसा हो मेरो नाम
के हो साथी तिम्रो नाम ?
झोलाभित्र कापी छ
मेरो साथी जाती छ
कति राम्रो अनुहार
सबैलाई नमस्कार ।



(इ) उल्लिखित क्रियाकलापपछि स्थानीय रूपमा प्रचलित अभिवादनका शब्द उपयोग गर्दै आफ्नो, साथी र शिक्षकको नाम सोध्न र भन्न लगाउनुहोस् । विद्यार्थीलाई नमस्कार र नमस्ते जस्ता शब्द प्रयोगमा सहज देखिए तिनको प्रयोगमा उत्प्रेरित गर्नुहोस् ।

(ई) मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत, कविता र संवाद सुनाई नमस्कार जस्तै अभिवादनका शब्द पहिचान र प्रयोग गर्न लगाउनुहोस् ।

**(ङ) मूल्याङ्कन** : विद्यार्थीलाई एकआपसमा अभिवादन एवम् परिचय गर्न लगाई शिक्षकले अवलोकन गर्नुहोस् ।



**(च) सुधारात्मक सिकाइ**

- विद्यार्थीलाई लय र हाउभाउसहित सस्वर वाचनमा समस्या भएमा व्यक्तिगत रूपमा अनुवाचन, उस्तै लय भएका श्रव्य सामग्री श्रवण र अनुवाचन, उच्चारण गर्न कठिन भएका शब्दको पहिचान गरी बारम्बार उच्चारण गर्न लगाउनुहोस् ।

**(छ) गृहकार्य/परियोजना कार्य**

परिचय र ठेगाना सम्बन्धी विद्यालयमा गरिएका क्रियाकलापहरू घरमा गरेर देखाउनुहोस् ।

## ४. प्रतिबिम्बन

- शैक्षणक योजनाको महत्त्वलाई कसरी प्रस्ट्याउनुहुन्छ ?
- वार्षिक पाठ्यक्रम कार्यान्व्यन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ तथा थिमगत योजना बनाई प्रयोग गर्नुहो औचित्य के हो ? यस्ता योजना कसरी बनाउन सकिन्छ ?
- व्यवहारकुशल सिपमा आधारित दैनिक पाठयोजना निर्माण गरी शिक्षण सिकाइलाई अपेक्षाकृत कसरी बनाउन सकिएला ?

## ५. सन्दर्भ स्रोत


- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- कक्षा १ को शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- कक्षा १ को पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- कक्षा १ को विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- व्यवहारकुशल सिपमा आधारित नमुना दैनिक पाठयोजना
- एकीकृत वार्षिक पाठ्यक्रम कार्यान्वयन योजना, वार्षिक शैक्षणिक योजना, एकाइ तथा थिमगत नमुना योजना

# विभिन्न विषय क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

## १. परिचय

यस सत्रमा एकीकृत पाठ्यक्रमअन्तर्गत विभिन्न विषय क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सिप सिकाइने छ । आजको समयमा शिक्षण सिकाइ कार्यमा सूचना प्रविधिको प्रयोग बढ्दै गएको छ । जुन विद्यालय वा शिक्षकसँग विद्युत र इन्टरनेट सेवा उपलब्ध छ त्यहाँ सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । यसको प्रयोग शिक्षकले शिक्षण सामग्री सङ्कलन तथा प्रयोगमा गर्न सक्नुहुने छ । त्यसैगरी कक्षामा शिक्षण सिकाइमा र विद्यार्थीको मूल्याङ्कनमा पनि सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । खास गरी विषयवस्तुसँग सम्बन्धित चित्र, भिडियो, अडियो तथा लिखित सामग्रीलगायतका सामग्री सूचना प्रविधिको प्रयोग गरी प्राप्त गर्न सकिन्छ भने कक्षामा प्रोजेक्टर वा कम्प्युटर वा स्मार्टफोनबाट प्रस्तुत गर्न सकिन्छ । सूचना प्रविधिको प्रयोगबाट शिक्षण सिकाइलाई प्रभावकारी बनाउन तथा विद्यार्थीलाई प्रत्यक्षीकरण गरेर सिक्न सहज बनाउँछ । त्यसैले एकिकृत पाठ्यक्रमको तालिममा पनि सूचना प्रविधिको प्रयोग सम्बन्धि विषयवस्तु समावेश गरिएको हो ।

## २. मुख्य विषयवस्तु

एकीकृत पाठ्यक्रमअन्तर्गतका विभिन्न विषय क्षेत्रको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

## ३. विस्तृतीकरण

एकीकृत पाठ्यक्रममा हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजीहरू रहेका छन् । त्यसमध्ये पनि हाम्रो सेरोफेरो विषयअन्तर्गत सामाजिक अध्ययन, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक र सिर्जनात्मक कला जस्ता सिकाइका क्षेत्रहरूलाई एकीकृत गरिएको छ । यी सबै विषयमा सूचना प्रविधिको प्रसस्त प्रयोग गर्न सकिन्छ । शिक्षकले सामग्री सङ्कलन र प्रयोगका लागि सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । सहभागी शिक्षकहरूमध्ये पनि कतिपयले आफ्नो शिक्षण सिकाइ कार्यमा सूचना प्रविधिको प्रयोग गर्नु भएको हुन सक्छ । उहाँहरूको अनुभवलाई समेत प्रस्तुत गर्न लगाएर तालिमलाई सहभागी केन्द्रित बनाउन सकिन्छ ।

एकीकृत पाठ्यक्रम कार्यान्वयनका क्रममा शिक्षकले विषयवस्तुसँग सम्बन्धित र सान्दर्भिक प्रसस्त सामग्रीहरू इन्टरनेटका माध्यमबाट सङ्कलन गरी कक्षामा प्रयोग गर्न सक्नुहुन्छ । आधारभूत तहमा सबैभन्दा बढी प्रयोग हुने चित्र, फोटो र भिडियोहरू हुन् जसले बालबालिकालाई रमाउँदै सिक्न मदत गर्छ भने नदेखेका कुराहरूलाई प्रत्यक्षीकरण गरी बुझ्न सहयोग पुग्छ । यस तालिम सेसनमा सूचना प्रविधिको प्रयोग गरी कसरी चित्र, फोटो र भिडियोहरू डाउनलोड गरी कक्षामा प्रस्तुत गर्न सकिन्छ भन्ने तरिका सिकाइने हुनाले त्यसलाई प्रस्तुत गरिएको छ ।

विषयवस्तुसँग सम्बन्धित विभिन्न प्रकारका चित्र, फोटो, भिडियो, अडियो जस्ता सामग्रीको डाउनलोड गर्ने तरिका निम्नानुसार रहेको छ :


## चित्र डाउनलोड गर्ने तरिका :

### गुगल क्रोम खोल्ने




दायाँतर्फ माथि कुनामा नौओटा थोप्ला भएको ठाउँमा क्लिक गर्नुपर्छ । सो ठाउँमा विभिन्न एपहरू हुन्छन् तीमध्ये गुगल सर्च भन्नेमा क्लिक गर्नुपर्छ । गुगल सर्च बक्स खुल्छ । फेरी दायाँतिरको माथिको कुनामा हेर्नुपर्छ । त्यहाँ Images भन्नेमा क्लिक गर्नुपर्छ । अब गुगल सँगै Images पनि देखिन्छ । त्यसपछि कुन विषयको चित्र खोज्ने हो त्यसलाई टाइप गर्नुपर्छ । जस्तै : animals धेरै चित्रहरू देखिन्छन् तीमध्ये आफूलाई चाहिने चित्र छानेर सो चित्रमा क्लिक गर्नुपर्छ ।

त्यसपछि सो चित्र दायाँतर्फ माथि ठूलो देखिन्छ । त्यसमा राइट क्लिक गरेपछि save as गर्नुपर्छ । कुन ठाउँमा सेभ गर्ने हो छानेर सेभ गर्नुपर्छ । सानोसानो चित्रलाई नै कपी गरेमा चित्र प्रस्ट हुँदैन । यसरी सेभ गरेको फोटो वा चित्र सिधै देखाउन सकिन्छ वा पावर प्वाइन्टमा राखेर प्रस्तुत गर्न सकिन्छ । सो चित्र वा फोटोलाई सिधै कपी गरेर पावरप्वाइन्टमा वा वर्ड फाइलमा पेस्ट गर्न पनि सकिन्छ । मोबाइल फोन सेटमा भने गुगल खोलेर सिधै टाइप गरी खोज्न सकिन्छ र सो चित्रमा थिचेर डाउनलोड गर्न सकिन्छ । एक दुई सेकेन्डको भिडियोका रूपमा GIF चित्र पनि पाइन्छ । जस्तै : विरूवा उम्रेको, फुल फुलेको आदि । त्यस्तो भिडियो खोज्न विषयसँगै GIF पनि टाइप गर्नुपर्छ । जस्तै : Pland GIF टाइप गरेपछि GIF चित्रहरू देखिन्छन् । त्यसपछि प्ले गर्दै आफूलाई चाहिने चित्र सेभ गर्न वा कपी गर्न सकिन्छ ।





त्यस्ता चित्र वा फोटोहरू कपीराइट लाग्ने हुन सक्छन् त्यसैले कक्षाको शिक्षण सिकाइमा बाहेक अन्य कार्यमा दुरूपयोग गर्नु भने हुँदैन ।


# भिडियो डाउनलोड गर्ने तरिका :

गुगल क्रोम खोल्ने । युट्युब खोल्ने । युट्युब सिधै खुलेन भने माथिको जतै रुपमा गएर युट्युबमा क्लिक गर्ने । त्यहाँ पनि भेटिएन भने www.youtube.com टाइप गरेर इन्टर गर्ने । युट्युब खुल्छ । त्यहाँ कुन विषयको भिडियो खोज्ने हो टाइप गर्नुहोस् । जस्तै : traffic rule


त्यससँग सम्बन्धित भिडियोहरू देखिन्छन् ।




तीमध्ये प्ले गर्दै हेर्नुहोस् । कुन उपयुक्त हुन्छ छानेर प्ले गर्नुहोस् । भिडियो खुल्छ ।




अब क्रोमको एड्रेस बारमा https://www.youtube.com/watch?v=bUwPNVEBZxA यस्तो युआर एल देखिन्छ । यसमा www. भन्दा पछाडी ss अक्षर टाइप गर्ने र इन्टर गर्ने । अब यस्तो खुल्छ ।




अब भिडियोसँगै रहेको डाउनलोडमा थिचेर डाउनलोड गर्न सकिन्छ । भिडियो सजिलै डाउनलोड हुन थाल्छ । केही बेर पछि डाउनलोडमा गएर भिडियो कपी गर्न वा प्ले गर्न वा पावर प्वाइन्टमा पेस्ट गर्न सकिन्छ ।

यसरी बालबालिकाका लागि उपयुक्त चित्रकथाहरू, चित्रहरू, भिडियोहरू डाउनलोड गरेर आवश्यकताअनुसार प्रयोग गर्न सहिन्छ ।

मोबाइबाट भिडियो डाउनलोड गर्नका लागि युट्युबमा भिडियो खोजेर खोल्ने । तलपट्टि डाउनलोड भन्ने देखाउँछ । त्यहाँ क्लिक गरेर डाउलोड गर्न सकिन्छ र इन्टरनेट नभएको बेला पनि खोलेर हेर्न सकिन्छ साथै विद्यार्थीलाई देखाउन पनि सकिन्छ ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

सहभागीहरूले सिकिरहेकै समयमा के गरिरहेका छन्, हेर्दै आवश्यक मूल्याङ्कन गर्दै अनि आवश्यक सुझाव पनि दिँदै जानुपर्छ । आवस्यक सहजीकरण पनि गर्दै जानुपर्छ ।

## ५. सन्दर्भ स्रोत


(क) आधारभूत तह १-३ को पाविके, २०७७

(ख) विद्यार्थी कार्यपुस्तक (हाम्रो सेरोफेरो कक्षा १, २ र ३) पाविके, २०७६ ।

(ग) पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो कक्षा १, २ र ३) पाविके, २०७७ ।

(घ) शिक्षक निर्देशिका हाम्रो सेरोफेरो कक्षा १, पाविके, २०७७

(ङ) गुगल क्रोम, युट्युब, गुगल सर्च

# कक्षाकोठा व्यवस्थापनको अवधारणा र यसका पक्षहरू

## अवधारणा

- कक्षाकोठा व्यवस्थापनलाई समय, स्रोत, साधन, क्षेत्रफल, विद्यार्थीको व्यवहार आदि सबैका दृष्टिले उचित व्यवस्थापन गर्ने कार्यका रूपमा परिभाषित गर्ने गरिन्छ ।
- कक्षाकोठाभित्रको शैक्षिक, भौतिक, मानवीय स्रोतको व्यवस्थापन, सामग्री व्यवस्थापन, संवेगात्मक व्यवस्थापन, बसाइ व्यवस्थापन, विविधता व्यवस्थापन आदि कक्षाकोठा व्यवस्थापनभित्र पर्ने पक्षहरू हुन् ।

## कक्षाकोठा व्यवस्थापनको उद्देश्य

- कक्षाकोठालाई बालमैत्री बनाउनु
- अनुकूल सिकाइ वातावरण निर्माण गर्नु
- विद्यार्थीको सिकाइलाई बढवा दिनु
- सिकाइको प्रभावकारितामा सुधार ल्याउनु
- विद्यार्थीलाई सिकाइप्रति बढी जिम्मेवार बनाउनु
- कक्षाकोठालाई विद्यार्थीकेन्द्रित बनाउनु
- कक्षाकोठालाई सहयोगात्मक र सहकार्यात्मक बनाउनु
- कक्षाकोठामा हुने विविधताको व्यवस्थापन गर्नु
- विद्यार्थीको स्वस्थ मनोसामाजिक विकासमा सघाउनु आदि

## कक्षाकोठाको भौतिक व्यवस्था

- कक्षाकोठाको आकार प्रकार, प्रकाश, उचित तापक्रम, हावा आदिको व्यवस्थापन
- फर्निचर व्यवस्थापन
- कक्षाकोठाको सरसफाइ
- बसाइ व्यवस्थापन

- डस्टबिन, दराज आदिको व्यवस्था
- सुरक्षित भौतिक वातावरण आदि ।

## शैक्षणिक सामग्रीको व्यवस्थापन

- सिकाइ कुनाको व्यवस्थापन
- बुक कर्नरको व्यवस्था
- भित्तामा शैक्षिक सामग्री प्रदर्शन
- विद्यार्थी निर्मित सामग्री तथा परियोजना कार्यको प्रदर्शन
- पकेट चार्ट, उपस्थिति चार्ट, लग बुक आदि
- छापामय वातावरण (चित्र किताब, तस्बिर, अभ्यास किताब, छपाइ सामग्री, सन्दर्भ सामग्री, पोस्टर, बालपत्रिका, चार्ट आदि ।

## छापामय कक्षाकोठाका लागि प्रदर्शन गर्न सकिने सामग्रीहरू

- अनुच्छेद, भनाइ तथा सन्देश, वाक्य आदि
- विभिन्न प्रकारका तस्विरहरू (शिक्षक तथा विद्यार्थी निर्मित, बजारबाट खरिद भएका, अन्य निकायबाट प्राप्त भएका)
- कक्षा कोठा नियम, ग्राफ तथा अन्य चार्टहरू
- बालपत्रिका तथा अन्य समाचार बुलेटिन
- चित्र किताब तथा अन्य छपाइ सामग्री
- परियोजना कार्य र तिनका प्रतिवेदनहरू
- बालबालिका तथा शिक्षक निर्मित किताब, पोस्टर, कार्य विवरण आदि ।

## सन्दर्भ सामग्री वा बुक कर्नरको व्यवस्थापन

- एक छुट्टै दराज र डिस्प्ले बोर्डको व्यवस्था गर्ने
- उज्यालो ठाउँ भएको कक्षाकोठाको कुनामा व्यवस्था गर्ने
- नयाँ नयाँ सामग्रीको हकमा बुक डिस्प्ले दराजमा प्रदर्शन गरी विद्यार्थीको ध्यान आकृष्ट गर्न सक्ने गरी व्यवस्थापन गर्ने
- तह र पढाइ स्तर निर्धारण गरिएका विभिन्न विषयका किताबहरू राख्न कक्षाकोठाको भिताहरूमा विद्यार्थीले सहजरूपमा देख्न सक्ने गरी व्यवस्थापन गर्ने
- बालबालिकाले सहज रूपमा देख्न सक्ने गरी डोरीको सहायताले कक्षाकोठाको वरपर प्रदर्शन गर्ने ।

## सन्दर्भ सामग्री

- पढाइ कार्यक्रम लागु भएका जिल्लाका लागि युएसएडको आर्थिक सहयोग र इजिआरपी आरटिआइको सहयोगमा पा.वि.के.बाट विकास भएका १७७ प्रकारका सन्दर्भ सामग्री हरेक विद्यालयका लागि छपाइ गरेर पठाइएको
- हरेक कक्षा (१, २ र ३) का लागि ६६ शीर्षकका सामग्री छपाइ गरी पठाइएको
- विद्यार्थीको पठन क्षमता विकासका लागि ती सामग्रीको उपयोग गरिने ।

## उपयुक्त सिकाइ वातावरण

- समय व्यवस्थापन
- निर्णय निर्माणमा सहभागितात्मक पद्धति
- विभिन्न शिक्षण विधि तथा तरिका र शिक्षण सामग्रीको प्रयोग
- बालकेन्द्रित सिकाइ क्रियाकलाप
- शैक्षणिक स्रोतहरूको व्यवस्थापनमा विद्यार्थी सहभागिता
- वैयक्तिक भिन्नताको व्यवस्थापन
- वैयक्तिक र समूह अभिप्रेरणा
- शिक्षकको व्यवहारमा एकरूपता
- स्पष्ट र दोहोरो सञ्चार, सक्रिय सुनाइ
- आपसी सम्मान र सम्बन्ध विकास
- लैङ्गिकमैत्री सिकाइ वातावरण
- आफ्नो सिकाइ गतिअनुसार सिक्ने अवसर प्रदान
- समूह व्यवस्थापनका रणनीतिहरूको प्रयोग
- शिक्षकको योजना र तयारी
- आत्ममूल्याङ्कनको अवसर प्रदान
- सहकार्यात्मक र सहयोगी सिकाइ वातावरण
- सिकाइ समुदाय विकास
- विविधताको सम्मान हुने वातावरणको सुनिश्चितता
- Nurturing and Productive and stable environment

- विद्यार्थीको सहभागितामा कक्षाकोठाको नियम निर्माण, कार्यान्वयन, अनुगमन र समीक्षा
- धैर्यता प्रदर्शन

## स्वस्थ मनोसामाजिक व्यवहार विकास

- शिक्षकको अनुकरणीय भूमिका (Role Model)
- सहभागितामूलक अनुशासन पद्धति
- कक्षाकोठा समुदाय निर्माण
- कक्षाकोठामा समावेशीकरण (समतामूलक पहुँच, पूर्ण सहभागिता र विविधताको सम्मान)
- व्यवहार परिमार्जन (Behaviour Change)
- व्यवहार परिवर्तन (Behaviour Modification)
- दौँतरी मेलमिलाप
- तनाव व्यवस्थापन
- बालबालिकाको मस्तिष्क पोषण (नीतिकथा, नागरिक दायित्व, चरित्र निर्माण, महान व्यक्तित्वको जीवनी, महावाणी)
- बालबालिकाको आवश्यकताको सम्बोधन
- भयरहित, हिंसारहित तथा सम्मानजनक सिकाइको अवसर
- रूचि, क्षमता र लगाव अनुकूल सिकाइ अवसर
- बाल मनोसामाजिक परामर्श सञ्चालन
- बालबालिकामाथि हुने हानिलाई हटाउने

## बालबालिकामाथि हुने हानिहरू

- दुर्व्यवहार
- भेदभाव
- शोषण
- यातना र हिंसा
- परम्परागत हानिकारक अभ्यासहरू
- बेवास्ता

## नेपाली

# नेपाली विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी कार्यपुस्तक

## १. परिचय

पाठ्यक्रमको विकास, परिमार्जन तथा अद्यावधिक कार्य निरन्तर प्रक्रिया हो । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम एकीकृत अवधारणामा आधारित भई विकास भएको छ । विभिन्न विषयका विषयगत पाठ्यक्रलाई अन्तरसम्बन्धित बनाई एकीकृत स्वरूपमा तयार पारिएको छ । एकीकृत पाठ्यक्रम बालकेन्द्रित सिकाइ सिद्धान्तमा आधारित छ । यस पाठ्यक्रममा अन्तरविषयक तथा बहुविषयक विषयक्षेत्रमा आधारित भई जीवनोपयोगी सिपहरूलाई समेत एकीकृत गरिएको छ । एकीकृत पाठ्यक्रमले बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, सक्षमतामूलक, प्रयोगमुखी र क्रियाकलापमुखी सिकाइलाई जोड दिएको छ । साथै बालबालिकाको सिकाइ र पढाइ सिप विकासका लागि एकीकृत पाठ्यक्रमले भाषिक तत्त्वगत सिकाइ सहजीकरणको अवधारणालाई अङ्गीकार गरेको छ । यसका लागि विद्यार्थी, कार्यपुस्तक तथा शिक्षक निर्देशिका विकास गरिएका छन् । यस सत्रमा हामी नेपाली विषयको एकीकृत पाठ्यक्रम तथा पाठ्यसामग्रीको बारेमा अध्ययन गर्ने छौँ ।

## २. मुख्य विषयवस्तु

(क) पाठ्यक्रमको चिनारी तथा विशेषता

(ख) शिक्षक निर्देशिकाको चिनारी तथा विशेषता

(ग) विद्यार्थी कार्यपुस्तकको चिनारी तथा विशेषता

## ३. विस्तृतीकरण

### (क) पाठ्यक्रमको चिनारी तथा विशेषताहरू

#### परिचय

नेपाली विषयको पाठ्यक्रम भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकासका लागि पठन तत्त्वगत (ध्वनि सचेतीकरण, श्रुतिबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइ) क्रियाकलापमा आधारित भई विकास गरिएको छ । साथै नेपाली विषयको पाठ्यक्रम भाषिक सिप विकासका लागि विषयक र बहुविषयक विषयक्षेत्रमा आधारित भई तयार भएको छ । विषयकले नेपाली विषयसँग

मात्र सम्बन्धित विषयवस्तु समेट्छ भने बहुविषयकले नेपाली र अन्य विषयको सिकाइसमेत जोड्ने काम गर्छ । विभिन्न विषयक्षेत्र, भाषिक क्रियाकलाप र व्यवहारकुशल सिप एकआपसमा अन्तरसम्बन्धित छन् । यसबाट विद्यार्थीमा बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्ने अपेक्षा गरिएको छ । यसका लागि विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवन, अन्तरसम्बन्धित भाषिक सिकाइ क्षेत्रहरूलगायतको एकीकरणको सन्तुलनबाट एकीकृत पाठ्यक्रम तयार पारिएको छ ।

## पाठ्यक्रम (नेपाली) का विशेषताहरू

- सक्षमतामा आधारित भाषिक सिपगत सिकाइ उपलब्धिलाई एकीकृत पाठ्यक्रमको अवधारणाअनुसार रूपान्तरण गरिएको
- विषयक र बहुविषयक क्षेत्रमा आधारित भई तयार गरिएको
- भाषिक ज्ञान र सिप, सिकाइ प्रक्रिया, भाषिक सामर्थ्य र प्रयोग, भाषिक तत्त्वगत सन्तुलन, विद्यालयभित्रको सिकाइ र विद्यार्थीको वास्तविक जीवन, अन्तरसम्बन्धित भाषिक सिकाइ क्षेत्रहरूलगायतको एकीकरणमा जोड दिइएको
- सिकाइ क्षेत्रलाई विषयक्षेत्रगत एकाइमा विभाजन गरी भाषिक सिप, व्यवहारकुशल सिप, विद्यार्थीको वैयक्तिक सिकाइ क्षमतालाई सम्बोधन गर्ने उपागम र भाषिक प्रकार्यलाई एकीकृत रूपमा प्रस्तुत गरिएको
- पाठ्यक्रम कार्यान्वयनका क्रममा सिकाइ सामग्रीको प्रयोग तथा कक्षा शिक्षण र मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन यस पाठ्यक्रममा सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कन रणनीतिसमेत समावेश गरिएको
- भाषिक सिप विकासका लागि ध्वनि सचेतीकरण, श्रुतिबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइका क्रियाकलापहरू समावेश गरिएको
- स्वाध्ययनको बानी विकास गरी स्वप्रेरित सिकाइका निम्ति प्रोत्साहन गरिएको
- व्यवहारकुशल सिपका आधारभूत पक्षलाई भाषिक सिपमा एकीकरण गरिएको
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग र श्रव्य/दृश्यमा आधारित बोध तथा यसको उपयोगलाई समेत जोड दिइएको
- भाषा शिक्षणका क्षेत्रमा बहुप्रचलित क्रमिक सिकाइ पद्धतिलगायतका सिकाइका विधिमा जोड दिइएको
- दैनिक भाषिक व्यवहारको परिवर्तनसमेतलाई दृष्टिगत गर्दै भाषिक मूल्याङ्कन तथा सुधारात्मक शिक्षणलाई जोड दिइएको
- व्याकरण व्यवस्थालाई भाषा प्रयोगको आधारका रूपमा कार्यमूलक बनाइएको

## पाठ्यक्रमको ढाँचा

| क्र.स. | पाठ्यक्रमका अङ्ग |
|---|---|
| १. | परिचय (विषयक्षेत्रमा आधारित) |
| २. | सक्षमता (७ ओटा) |
| ३. | कक्षागत सिकाइ उपलब्धि कक्षा (कक्षा १ मा १६ ओटा, कक्षा २ मा १८ ओटा, कक्षा ३ मा २२ ओटा) |
| ४. | विषयवस्तुको क्षेत्र र क्रम (भाषिक तत्त्वगत क्षेत्रका आधारमा) |
| ५. | पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण |
| ६. | विषयक्षेत्रअनुसार अनुमानित कार्यघण्टा |
| ७. | कक्षा १-३ को पाठ्यक्रममा व्यवहारकुशल सिपहरूको एकीकरण<br>(५ ओटा मुख्य सिपका २९ ओटा उपक्षेत्रको व्याख्या ३५-३७ पृष्ठमा) |
| ८. | शिक्षण सिकाइ योजना निर्माण, सिकाइ सहजीकरण विधि तथा प्रक्रिया |
| ९. | विद्यार्थी मूल्याङ्कन (अनुसूची ३ : विद्यार्थीको सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख) |

## कक्षा १-३ का विषयक्षेत्रहरू

| कक्षा १ (१६ ओटा) | कक्षा २ (१७ ओटा) | कक्षा ३ (१८ ओटा) |
|---|---|---|
| १. वर्ण २. म र मेरो परिवार ३. मेरो दैनिक जीवन ४. हाम्रो विद्यालय ५. हाम्रो विद्यालय ६. हाम्रो वरपरको जीवजन्तु ७. हाम्रो वातावरण ८.मेरा सरसामान ९. मेरो सिर्जना १०. हाम्रो संस्कृति ११. सञ्चार प्रविधि र बजार १२. फलफूल र तरकारी १३. बानी र रूचि १४.चरा र जनावर १५. हाम्रो वरपरको संसार १६. हाम्रा क्रियाकलाप | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. हाम्रो विद्यालय ४. हाम्रोर विद्यालय ५. हाम्रो वरपरको जीवजन्तु ६. हाम्रो वातावरण ७.मरा सरसामान ८. मेरो सिर्जना ९.हाम्रो संस्कृति १०. सञ्चार प्रविधि र बजार ११. फलफूल र तरकारी १२. बानी र रूचि १३. चरा र जनावर १४. हाम्रो वरपरको संसार १५. हाम्रा क्रियाकलाप १६. सङ्ख्याको ज्ञान १७. गणितका आधारभूत क्रिया | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. हाम्रो विद्यालय ४. हाम्रो विद्यालय ५. हाम्रो वरपरको जीवजन्तु ६. हाम्रो वातावरण ७. मेरा सरसामान ८. मेरो सिर्जना ९. हाम्रो संस्कृति १०. सञ्चार प्रविधि र बजार ११. फलफूल र तरकारी १२. बानी र रूचि १३. चरा र जनावर १४. हाम्रो वरपरको संसार १५. हाम्रा क्रियाकलाप १६. सङ्ख्याको ज्ञान १७. गणितका आधारभूत क्रिया १८. नाप |

**नेपाली विषयसँग मात्र सम्बन्धित विषयक्षेत्रहरू**

विषयक्षेत्र १ : म र मेरो परिवार

विषयक्षेत्र २ : मेरो दैनिक जीवन

विषयक्षेत्र ३ : हाम्रो समुदाय

विषयक्षेत्र ४ : हाम्रो विद्यालय

विषयक्षेत्र ५ : हाम्रो वातावरण

विषयक्षेत्र ६ : मेरो सिर्जना

विषयक्षेत्र ७ : रूचि र बानी

विषयक्षेत्र ८ : हाम्रो संस्कृति

विषयक्षेत्र ९ : सञ्चार, प्रविधि र बजार

विषयक्षेत्र १० : हाम्रो क्रियाकलाप

विषयक्षेत्र ११ : हाम्रो वरपरको संसार

### भाषिक सिप, तत्त्वगत क्षेत्र र एकीकृत विषयक्षेत्र

| भाषिक सिप | भाषिक तत्त्वगत क्षेत्र | एकीकृत विषयक्षेत्र वा साझा सिकाइ |
|---|---|---|
| सुनाइ र बोलाइ | • ध्वनि सचेतीकरण<br>• श्रव्यदृश्यबोध | विषयक्षेत्र १ : म र मेरो परिवार<br>विषयक्षेत्र २ : मेरो दैनिक जीवन<br>विषयक्षेत्र ३ : हाम्रो समुदाय<br>विषयक्षेत्र ४ : हाम्रो विद्यालय<br>विषयक्षेत्र ५ : हाम्रो वातावरण<br>विषयक्षेत्र ६ : मेरो सिर्जना<br>विषयक्षेत्र ७ : रूचि र बानी<br>विषयक्षेत्र ८ : हाम्रो संस्कृति<br>विषयक्षेत्र ९ : सञ्चार, प्रविधि र बजार<br>विषयक्षेत्र १० : हाम्रो क्रियाकलाप<br>विषयक्षेत्र ११ : हाम्रो वरपरको संसार |
| पढाइ | • पठन प्रवाह<br>• पठनबोध | |
| लेखाइ | • लेख्यवर्ण सचेतीकरण<br>• लेखाइ | |
| शब्दभण्डार र कार्यमूलक व्याकरण | • शब्दभण्डार<br>• कार्यमूलक व्याकरण | |

## नेपाली विषय र अन्य विषयसँगको एकीकरणको मुख्य आधार

कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत अवधारणमा आधारित भई तयार गरिएको हुँदा नेपाली, गणित, मेरो सेरोफेरो, अङ्ग्रेजी विषयसँगको छुट्टाछुट्टै पाठ्यसामग्री विकास भए पनि सिकाइ सहजीकरणका क्रममा नेपाली विषय र अन्य विषयसँगको साझा सिकाइका क्षेत्र पहिचान गर्नका लागि पाठ्यक्रमको पृष्ठ ३५ देखि ८३ सम्मको पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण खण्डमा समावेश भएका विषयक्षेत्रले एकीकृत गर्न सकिने विषयक्षेत्रलाई मार्गनिर्देशन गर्छ । जसलाई देहायअनुसार विश्लेषण गर्न सकिन्छ ।

### १. पाठ्यक्रममा बहुविषयक विषयक्षेत्रको वितरण र एकीकरणको मुख्य आधार (कक्षा १)

| विषयक्षेत्रको वितरण अवस्था | विषयक्षेत्र र थिमको नाम |
|---|---|
| चारओटै सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ४ ओटा | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. हाम्रो विद्यालय ४. सूचना, प्रविधि र बजार |
| तीनओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ४ ओटा | १. हाम्रो समुदाय (अङ्ग्रेजीबाहेक) २. हाम्रो वातावरण (गणितबाहेक) ३. हाम्रो सिर्जना (अङ्ग्रेजीबाहेक) ४. हाम्रो संस्कृति (गणितबाहेक) |
| दुईओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र २ ओटा | १. हाम्रो वरपरको संसार (गणित र अङ्ग्रेजीबाहेक) ४. बानी र रूचि (हाम्रो सेरोफेरो र गणितबाहेक) |
| विषयगत विषयक्षेत्र ९ ओटा | १. वर्ण २. मेरा सरसामान ३. फलफूल र तरकारी ४. चरा र जनावर (अङ्ग्रेजीमा मात्र), १. हाम्रो वरपरका जीवजन्तु (हाम्रो सेरोफेरोमा मात्र), १. हाम्रो क्रियाकलाप (नेपालीमा मात्र), १. सङ्ख्याको ज्ञान २. गणितका आधारभूत क्रिया ३ नाप क्षेत्रफल (गणितमात्र) |

### २. पाठ्यक्रममा बहुविषयक विषयक्षेत्रको वितरणर एकीकरणको मुख्य आधार (कक्षा २)

| विषयक्षेत्रको वितरण अवस्था (१७ ओटा) | विषयक्षेत्र र थिमको नाम |
|---|---|
| चारओटै सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ४ ओटा | १. म र मेरो परिवार २. मेरो दैनिक जीवन ३. हाम्रो विद्यालय ४. सूचना, प्रविधि र बजार |
| तीनओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ४ ओटा | १. हाम्रो समुदाय (अङ्ग्रेजीबाहेक) २. हाम्रो वातावरण (गणितबाहेक) ३. हाम्रो सिर्जना (अङ्ग्रेजीबाहेक) ४. हाम्रो संस्कृति (गणितबाहेक) |
| दुईओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र २ ओटा | १. हाम्रो वरपरको संसार (गणित र अङ्ग्रेजीबाहेक) ४. बानी र रूचि (हाम्रो सेरोफेरो र गणितबाहेक) |
| विषयगत विषयक्षेत्र ७ ओटा | १. मेरा सरसामान २. फलफूल र तरकारी ३. चरा र जनावर (अङ्ग्रेजीमा मात्र), १. हाम्रो वरपरका जीवजन्तु (हाम्रो सेरोफेरोमा मात्र), १. हाम्रो क्रियाकलाप (नेपालीमा मात्र), १. सङ्ख्याको ज्ञान २. गणितका आधारभूत क्रिया (गणितमात्र) |

### ३. पाठ्यक्रममा बहुविषयक विषयक्षेत्रको वितरण र एकीकरणको मुख्य आधार (कक्षा ३)

| विषयक्षेत्रको वितरण अवस्था (१८ ओटा) | विषयक्षेत्र र थिमको नाम |
|---|---|
| चारओटै सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र २ ओटा | १. मेरो दैनिक जीवन २. सूचना, प्रविधि र बजार |
| तीनओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र ६ ओटा | १. म र मेरो परिवार (गणितबाहेक) २.हाम्रो समुदाय (अङ्ग्रेजीबाहेक), ३. हाम्रो विद्यालय (गणितबाहेक) ४. हाम्रो वातावरण (गणितबाहेक) ५. हाम्रो सिर्जना (अङ्ग्रेजीबाहेक) ६. हाम्रो संस्कृति (गणितबाहेक) |
| दुईओटा सिकाइ क्षेत्रमा भएका विषयक्षेत्र २ ओटा | १. हाम्रो वरपरको संसार (गणित र अङ्ग्रेजीबाहेक) ४. बानी र रूचि (हाम्रो सेरोफेरो र गणितबाहेक) |
| विषयगत विषयक्षेत्र ८ ओटा | १. मेरा सरसामान २. फलफूल र तरकारी ३. चरा र जनावर (अङ्ग्रेजीमा मात्र), १. हाम्रो वरपरका जीवजन्तु (हाम्रो सेरोफेरोमा मात्र), १. हाम्रो क्रियाकलाप (नेपालीमा मात्र), १. सङ्ख्याको ज्ञान २. गणितका आधारभूत क्रिया ३ नाप क्षेत्रफल (गणितमात्र) |

## (ख) शिक्षक निर्देशिकाको ढाँचा तथा विशेषताहरू

शिक्षक निर्देशिकाले शिक्षकलाई शैक्षणिक योजना बनाउन, शैक्षणिक सामग्री छनोट र निर्माण गर्न जस्ता कार्यका लागि सहयोग गर्छ । एकीकृत पाठ्यक्रम शिक्षक निर्देशिकाको सुरूमा शिक्षक निर्देशिका प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने पक्षहरूका बारेमा दिइएको छ । ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइको परिचय तथा ती तत्त्व शिक्षण गर्दाका सम्भावित क्रियाकलापलाई समावेश गरिएको छ । भाषिक तत्त्वगत क्रियाकलाप निर्धारण गर्दा विषयगत क्षेत्र, व्यवहारकुशल सिप र सम्भावित क्रियाकलापलाई अन्तरसम्बन्धित गरी सिकाइ सहजीकरणका विषयहरू समेत समावेश गरिएको छ । साथै नेपाली विषय र अन्य विषयको विषयवस्तुसँग सम्बद्ध क्रियाकलाप एकीकरण गरी भाषिक क्रियाकलापका आधारमा एकीकृत शिक्षण योजनालाई समावेश गरिएको छ । हरेक विषय क्षेत्रको परिचय, ती विषयसँग सम्बन्धित पाठहरूको सिकाइ सहजीकरण योजना, सिकाइ क्रियाकलापका आधार, सिकाइ क्रियाकलापहरूलाई विस्तृत रूपमा समावेश गरिएको छ ।

### १. शिक्षक निर्देशिकाको ढाँचा

- परिचय
- भाषिक तत्त्वको परिचय र क्रियाकलाप
- क्रियाकलाप निर्धारण गर्दा ध्यान दिनुपर्ने पक्षहरू
- व्यवहारकुशल सिप
- अन्तरविषय क्षेत्रगत सिकाइ योजना

निम्नानुसार जस्तै गरी अन्तरविषयक्षेत्रगत विषयवस्तुसँग सम्बद्ध क्रियाकलापलाई एकीकरण गर्दै भाषिक क्रियाकलापका आधारमा एकीकृत शिक्षण योजना निर्माण गरी सिकाइ सहजीकरण गर्नुहोस् :

| विषयक्षेत्र | नेपाली विषयसम्बद्ध मुख्य विषयवस्तु | गणित विषयसम्बद्ध विषयवस्तु | अङ्ग्रेजी विषयसम्बद्ध विषयवस्तु | हाम्रो सेरोफेरो विषयसम्बद्ध विषयवस्तु | एकीकरणको नमुना |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | पठन तथा लेखनपूर्वको चरण : प्रविधिसम्बद्ध सामग्री नाम | १ देखि २० सम्मका अङ्कको गणना | Recognize and read familiar words accompanied by visuals | साधारण उपकरणको अवलोकन | नेपाली विषयको पाठ्य तथा कार्यपुस्तकको पृ. स. ११ को अन्तिम क्रियाकलाप |
| मेरो दैनिक जीवन | अ, आ, इ, ई वर्ण तथा मात्रा | दैनिक क्रियाकलापको समय र सात दिन | Talking about days of the week<br><br>Telling time | घरमा खाना पकाउन प्रयोग गरिने इन्धनको नाम<br><br>चित्र कोराइ (रङ भराइ) | नेपाली विषयको पाठ्य तथा कार्यपुस्तकको पृ. स. १५ मा दिइएको कविताबाट बिहान, आठ बजे जस्ता समयबोध शब्द पहिचान र उच्चारण<br><br>नेपाली विषयको पाठ्य तथा कार्यपुस्तकको पृ. स. १५ को अन्तिम चित्र, नेपाली विषयको पाठ्य तथा कार्यपुस्तकको पृ. स. १६ को पाठको चित्रका आधारमा दैनिक क्रियाकलापको बोध र अभिव्यक्ति<br><br>नेपाली विषयको पाठ्य तथा कार्यपुस्तकको १७ को चित्र वर्णन - आगो, आमा, आलु, आत्था<br><br>पाठको अन्त्यमा दिइएका आकृतिमा रङ भराइ |
| हाम्रो समुदाय | उ, ऊ, ऋ, ए वर्ण र मात्रा | जोर तथा बिजोर सङ्ख्या | - | मेलमिलाप र सहकार्य (आफ्ना दौँतरीसँग मिलेर बस्न र खेल्न तथा साथी र परिवारसँगको आपसी सम्बन्ध, सहयोग र सहकार्य) | नेपाली विषयको पाठ्य तथा कार्यपुस्तकको पृ. स. ३५ को मिलिजुली खाए शीर्षकको पाठ |

## २. विषयक्षेत्रगत परिचय

- पाठगत विषयवस्तु
- सिकाइ उपलब्धि

## ३. पाठगत सिकाइ सहजीकरण योजना

## पाठ २

### (क) सिकाइ सहजीकरण योजना

| क्र. स. | विषयवस्तु | व्यवहारकुशल सिप | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकको सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|---|
| १. | खानेकुरा | सञ्चार सिप (S3.1)<br>दृश्य साक्षरता सिप (S4.3)<br>सहकार्य सिप (S3.2)<br>प्रयोग सिप (S1.1)<br>सिकाइ सिप (S1.2) | १ | ६ |
| २. | दैनिक प्रयोगका सामग्री | | ३ | ७ र ८ |
| ३. | लेखनपूर्वको चरण (धर्का र रङ्गाइ) | | १ | ८ |

### (ख) सिकाइ क्रियाकलापका आधार

यस पाठको सिकाइ सहजीकरण गर्नुपूर्व निम्नानुसारको पूर्वतयारी गर्नुहोस् :

| भाषिक तत्त्वगत क्षेत्र | क्रियाकलापको आधार | क्रियाकलापको सङ्केत र क्रम | सिकाइ सामग्री |
|---|---|---|---|
| ध्वनि सचेतीकरण | शिक्षकको पूर्ण सहयोग |  | १. कविता चार्ट<br>२. श्रव्य वा श्रव्यदृश्य सामग्री (मोबाइल वा अन्य कुनै माध्यमबाट रेकर्ड गरिएको गीत वा कविता)<br>३. ठोस वस्तु |
| दृश्यबोध | शिक्षकको आंशिक सहयोग |  | १. चित्रपत्ती<br>२. ठोस वस्तु |
| शब्दभण्डार | शिक्षकको आंशिक सहयोग |  | १. शब्दपत्ती<br>२. शब्दचित्रपत्ती |
| दृश्यबोध | स्वयम् सिकाइ |  | १. दैनिक प्रयोगका सामग्री<br>२. चित्रपत्ती |
| श्रुतिबोध | शिक्षकको पूर्ण सहयोग |  | १. श्रव्यदृश्य सामग्री |
| दृश्यबोध | स्वयम् सिकाइ |  | १. दैनिक प्रयोगका सामग्री<br>२. चित्रपत्ती |

| | | | |
|---|---|---|---|
| श्रुतिबोध | शिक्षकको आंशिक सहयोग | | १. श्रव्यदृश्य सामग्री |
| लेख्यवर्ण सचेतीकरण | स्वयम् सिकाइ | | १. वस्तु (बाँसका सिन्का, बालुवा, धुलोमाटो, ससाना सिसीका बिर्को, भटमासका दाना, लप्सीका दाना, मसिना ढुङ्गाका गोटी) र दैनिक प्रयोगका वस्तु<br>२. दैनिक प्रयोगका सामग्री |
| लेखाइ | स्वयम् सिकाइ | | पेन्सिल, इरेजर, रङ |

## (ग) सिकाइ क्रियाकलाप

### क्रियाकलाप १

(क) 'कता हराए' कविताको कविता चार्ट बनाउनुहोस् । सो सम्भव नभएमा पाठ्य तथा कार्यपुस्तक देखाउँदै 'कता हराए' कविता ताली र लय मिलाई मनोरञ्जनपूर्ण तरिकाले आदर्श लयमा वाचन गरी सुनाउनुहोस् । त्यसपछि कक्षाका विद्यार्थीलाई समूह, युगल र एकल रूपमा अनुवाचन गर्न लगाउनुहोस् । यस क्रममा निम्नानुसारका पक्षमा विशेष रूपमा ख्याल गर्नुहोस् :

- विद्यार्थीले रुचि लगाएर अनुवाचन गरेका छन् वा छैनन् ? छैनन् भने कारण पहिचान गरी सच्याइदिनुहोस् ।

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :



**कता हराए**

भात पाक्यो भाँडामा, थाप थालमा
धेरै नुन नहाल, साग दालमा
चम्चा ल्याई चलाऊ, चिनी चियाको
मिठो अचार बन्छ रे, फर्सी बियाँको ।
स्याउ जामा लगाई, यता आउँछ
आलु टोपी ढल्काई, गीत गाउँछ
अङ्गुर केरा मेवाले, मलाई बोलाए
झोला कापी कलम, कता हराए ?

(ख) शिक्षकले लय नजानेको अवस्थामा स्थानीय स्रोत व्यक्ति (लयवाचन गर्न सक्ने) लाई कक्षामा ल्याई वाचन अभ्यास गराउनुहोस् वा लयबद्ध रूपमा वाचन गरिएको कविताको रेकर्ड कक्षामा सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई अनुवाचन गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले उच्चारण गर्न नसकेका शब्द टिपोट गर्नुहोस् । टिपोट गरेका शब्द जनाउने चित्र वा ठोस वस्तु प्रदर्शन गर्न सम्भव भएमा चित्रपत्ती वा ठोस वस्तु प्रदर्शन गर्दै सँगसँगै शब्दको उच्चारण गराउनुहोस् । राम्ररी उच्चारण गर्न नसकेसम्म अभ्यास गराइरहनुहोस् ।

### मूल्याङ्कन

विद्यार्थीलाई तीन समूहमा विभाजन गरी पहिलो समूहलाई सिकाइ उपलब्धिमा आधारित भई प्रश्न सोध्नुहोस् । दोस्रो समूहलाई प्रश्नको उत्तर दिन लगाउनुहोस् र तेस्रो समूहलाई उत्तर सही भए नभएको छुट्याउन लगाउनुहोस् । विद्यार्थीमा लक्षित सिकाइ उपलब्धि हासिल नहुँदासम्म यो क्रियाकलाप दोहोऱ्याउनुहोस्, जस्तै :

(क) तपाईंका घरमा के के पकाइन्छ ?

(ख) तपाईंलाई कुन कुन फलफूल मन पर्छ ?

(ग) तपाईंलाई थाहा भएका भाँडाकुँडाको नाम भन्नुहोस् ।

## (ग) विद्यार्थी कार्यपुस्तकको चिनारी तथा प्रयोग

विद्यार्थी कार्यपुस्तक विद्यार्थीले प्रयोग गर्ने मुख्य सामग्री हो । पाठ्यक्रमले निर्धारण गरेका भाषिक तत्त्वगत क्रियाकलापहरूलाई विद्यार्थी कार्यपुस्तकमा समावेश गरिएको छ । विषयक्षेत्रमा आधारित भई ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरिएका छन् ।

### विशेषताहरू

- विषयक्षेत्रमा आधारित क्रियाकलाप समावेश गरिएको
- विषयक र बहुविषयक एकीकृत ढाँचाका विषयक्षेत्रमा आधारित क्रियाकलाप समावेश गरिएको
- भाषिक सिप र भाषिक तत्त्वबिच सन्तुलित समायोजन गरिएको
- पाठ्यक्रममा समावेश गरिएका व्यवहारकुशल सिपलाई पाठ्यवस्तुसँग अन्तरसम्बन्धित गरिएको
- रङ्गीन चित्र प्रयोग गरिएको
- पाठ्यसामग्री रङ्गीन स्वरूपमा निर्माण गरिएको
- क्रियाकलापमुखी र रचनात्मक पाठ्यवस्तुहरू छनोट गरिएका
- पाठ्यवस्तु र व्याकरणलाई अन्तरसम्बन्धित बनाइएको

### विद्यार्थी कार्यपुस्तक (कक्षा १) को ढाँचा

| विषयक्षेत्र | पाठ सङ्ख्या | क्रियाकलाप सङ्ख्या | विषयक्षेत्र | पाठ सङ्ख्या | क्रियाकलाप सङ्ख्या |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | १, २, ३ | १०, ९, ९ | रूचि र बानी | १७, १८, १९ | १६, १२, १६ |
| मेरो दैनिक जीवन | ४, ५ | १३, १५ | हाम्रो संस्कृति | २०, २१, २२ | १४, १६, १७ |
| हाम्रो समुदाय | ६, ७ | १४, १८ | सञ्चार, प्रविधि र बजार | २३, २४, २५ | १२, १६, १७ |
| हाम्रो विद्यालय | ८, ९ | १३, १३ | हाम्रो क्रियाकलाप | २६, २७ | १२, १८ |
| हाम्रो वातावरण | १०, ११, १२, १३ | ९, ७ ९, १४ | हाम्रो वरपरको संसार | २८, २९, ३० | १२, १२, १४ |
| मेरो सिर्जना | १४, १५, १६ | १५, १२, १६ | जम्मा | ३० | ४०० |

### विद्यार्थी कार्यपुस्तक कक्षा २ को ढाँचा

| विषयक्षेत्र | पाठ सङ्ख्या | क्रियाकलाप सङ्ख्या | विषयक्षेत्र | पाठ सङ्ख्या | क्रियाकलाप सङ्ख्या |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | १, २ | १७, २० | रूचि र बानी | १४, १५ | १३, १८ |
| मेरो दैनिक जीवन | ३, ४ | १५, २४ | हाम्रो संस्कृति | १६, १७ | १३, १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| हाम्रो समुदाय | ५, ६ | २२, २३ | सञ्चार प्रविधि र बजार | १८, १९ | १३, १९ |
| मेरो विद्यालय | ७, ८ | २०, १७ | हाम्रा क्रियाकलाप | २०, २१ | १३, १७ |
| हाम्रो वातावरण | ९, १०, ११ | १५, १४, १५ | हाम्रो वरपरको संसार | २२, २३ | १४, १६ |
| मेरो सिर्जना | १२, १३ | १३, १३ | जम्मा | २३ | ३८० |

## विद्यार्थी कार्यपुस्तक कक्षा ३ को ढाँचा

| विषयक्षेत्र | पाठ सङ्ख्या | क्रियाकलाप सङ्ख्या | विषयक्षेत्र | पाठ सङ्ख्या | क्रियाकलाप सङ्ख्या |
|---|---|---|---|---|---|
| म र मेरो परिवार | १, २ | १४, १६ | रूचि र बानी | १४, १५ | १७, १८ |
| मेरो दैनिक जीवन | ३, ४ | १७, १७ | हाम्रो संस्कृति | १६, १७ | १६, १८ |
| हाम्रो समुदाय | ५, ६ | १७, १४ | सञ्चार प्रविधि र बजार | १८, १९ | १७, १८ |
| मेरो विद्यालय | ७, ८ | १७, २१ | हाम्रा क्रियाकलाप | २०, २१ | २०, १७ |
| हाम्रो वातावरण | ९,१०,११ | १७, १८, १९ | हाम्रो वरपरको संसार | २२, २३ | १६, १९ |
| मेरो सिर्जना | १२, १३ | १७, १९ | जम्मा | २३ | ३९८ |

## रङअनुसारको गतिशील सिकाइ समूह र सिकाइको आधार

विद्यार्थीहरूलाई सिकाइमा सक्रिय बनाउनका लागि कक्षामा रङअनुसारका चार समूहको बसाइ व्यवस्थापन गर्न सकिन्छ । रङअनुसारका चार समूहमा क्रियाकलापअनुसार गतिशील रूपमा बस्ने व्यवस्था मिलाउनुपर्छ । रातो रङले शिक्षकको पूर्ण सहयोग, निलो रङले शिक्षकको आंशिक सहयोग, हरियो रङले दौँतरी सिकाइ र पहेँलो वा सुन्तला रङले स्वयम् सिकाइको समूहलाई बुझाउँछ ।

१. शिक्षकको पूर्ण सहयोग

२. शिक्षकको आंशिक सहयोग

३. दौँतरी समूह


४. स्वयम् सिकाइ

## वैयक्तिक सिकाइ गतिका लागि सिकाइ शृङ्खलाको उपयोग

विद्यार्थीको वैयक्तिक सिकाइ अवस्थालाई अभिलेखीकरण गर्न कार्यपुस्तकको अन्त्यमा सिकाइ क्रियाकलाप शृङ्खला (सिकाइ सिँढी) राखिएको छ । विद्यार्थीले गरेका कार्यको मूल्याङ्कन गरी अर्को क्रियाकलापमा जान

योग्य देखिएमा सम्बन्धित विद्यार्थीको कार्यपुस्तकमा रहेको उक्त सिकाइ सिँढीको क्रियाकलाप सङ्केतमा ठिक (√) चिह्न यसको उपयोग गर्न सकिन्छ ।

## सिकाइ शृङ्खला




## विद्यार्थी कार्यपुस्तकको प्रयोग गर्दा ध्यान दिनुपर्ने पक्षहरू

विद्यार्थी कार्यपुस्तकको प्रयोग गर्दा देहायका विषयमा ध्यान दिनुपर्ने छ :

- अन्तरविषयक्षेत्रगत विषयवस्तु सम्बद्ध क्रियाकलापलाई एकीकरण गर्ने
- क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गरौँ र तिमी गर) को उपयोग गर्ने
- पाठ्यसामग्रीको निर्देशनमा रहेका रङअनुसार क्रियाकलाप सहजीकरण गर्ने
- पाठ्यक्रम अध्ययन गरी सक्षमता र सिकाइ उपलब्धिमा केन्द्रित हुने

- एकीकृत गर्न सकिने विषयक्षेत्र पहिचान गरी सिकाइ सहजीकरण गर्ने
- पाठ्यसामग्री र पाठयोजनाको सन्तुलन मिलाउने
- पाठ्यसामग्री र शैक्षणिक सामग्रीको समुचित प्रयोग गर्ने
- पाठ्यसामग्रीमा उपयोग भएभन्दा बाहेक थप अभ्यास गराउने

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

(क) तपाईंले यस सत्रमा के के सिक्नुभयो ? कुनै पाँचओटा विषयवस्तु उल्लेख गर्नुहोस् ।

(ख) एकीकृत पाठ्यसामग्रीलाई कसरी अन्तरविषयक विषयसँग एकीकरण गर्न सकिन्छ ? उदाहरण दिनुहोस् ।

## ५. सन्दर्भ स्रोत


- एकीकृत पाठ्यक्रम, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- शिक्षक निर्देशिका, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- विद्यार्थी कार्यपुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी

# भाषिक तत्त्वगत चिनारी र प्रयोग : ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह

## १. परिचय

नेपाली विषयको शिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषिक सिपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्छन् । सुनाइ र बोलाइ भाषाका आधारभूत सिप हुन् भने पढाइ र लेखाइ भाषाक विशिष्ट सिप हुन् । भाषिक सिपले बोध र अभिव्यक्तिगत क्षमता विकासको विकास गर्छ । सुनाइ र पढाइले बोध तथा बोलाइ र लेखाइले अभिव्यक्तिगत क्षमताको विकास गर्छ । प्रारम्भिक तह (कक्षा १ देखि ३) मा भाषिक सिप विकासका लागि ८ ओटा भाषिक क्षेत्रहरू (ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइ) निर्धारण गरिएका छन् । प्रारम्भिक कक्षामा पढ्न सिक्ने र माथिल्ला कक्षाहरूमा सिक्नका लागि पढ्ने कुरामा जोड दिइने भएकाले तल्ला कक्षाहरूमा नै पठन सिपको विकास हुनु आवश्यक हुन्छ । तल्ला कक्षामा नै पठन सिपको उचित विकास हुन नसकेमा माथिल्लो कक्षामा पर्याप्त सिकाइ हुन सक्दैन । तसर्थ प्रारम्भिक तहमा पठन सिपको विकासका लागि भाषिक क्षेत्रगत तत्त्वका आधारमा उचित शैक्षणिक रणनीति, शिक्षण पद्धति तथा शैक्षणिक सामग्रीहरूको प्रयोग महत्त्वपूर्ण हुन्छ । पठन सिप भाषा विषयको सिप मात्र नभएर गणित, विज्ञान, सामाजिक, जस्ता अन्य विषयगत ज्ञान, सिप र धारणाका लागि पनि आधारभूत सिप हो । त्यसैले तल्ला कक्षादेखि नै बुझेर पढ्ने सक्ने सिपको विकासका लागि भाषिक क्षेत्रहरूको बारेमा अध्ययन गरिने छ । यसमा हामी ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण र पठन प्रवाहको बारेमा अध्ययन गर्ने छौँ ।

## २. विषयवस्तु

- ध्वनि सचेतीकरण (परिचय, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र एकीकृत विषयक्षेत्रको पहिचान)
- श्रव्यदृश्यबोध (परिचय, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र एकीकृत विषयक्षेत्रको पहिचान)
- लेख्यवर्ण सचेतीकरण (परिचय, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र एकीकृत विषयक्षेत्रको पहिचान)
- पठन प्रवाह (परिचय, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र एकीकृत विषयक्षेत्रको पहिचान)

# ३. विस्तृतीकरण

## (क) ध्वनि सचेतीकरण

### परिचय

ध्वनि भनेको आवाज हो । ध्वनि औच्चार्य भाषाको लघुतम एकाइ हो । यहाँ मानवीय ध्वनि अवयवबाट उच्चारित आवाजलाई मात्र ध्वनिका रूपमा लिइएको छ । भाषाका स्वर र व्यञ्जन वर्णसँग परिचित हुनु ध्वनि चिन्नु हो । ध्वनि सचेतीकरणअन्तर्गत विद्यार्थीले ध्वनि सुन्ने, समान ध्वनि चिन्ने, ध्वनि टुक्र्याउने, ध्वनि जोड्ने, ध्वनि थप्ने, ध्वनि झिक्ने, ध्वनि फेरबदल गर्ने जस्ता कार्य पर्छन् ।

### विषयवस्तुको क्षेत्र र क्रम

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| ● पारिवारिक परिवेशमा प्रयोग हुने शब्दको उच्चारण<br>● शिष्टाचारका लागि प्रयोग हुने शब्दको उच्चारण<br>● कुराकानी, सोधपुछ र प्रश्नोत्तर<br>● स्वर तथा व्यञ्जन वर्णगत वर्णको ध्वनि, उच्चारण अभ्यास तथा वर्ण विभेदीकरण<br>● शब्दका सुरू र अन्त्यका ध्वनि उच्चारण अभ्यास<br>● वर्ण जोडेर, छुट्याएर झिकेर, थपेर र परिवर्तन गरेर शब्द निर्माण<br>● शब्दका वर्ण विभाजन<br>● हलन्त तथा संयुक्त व्यञ्जन वर्णको वर्णगत ध्वनि तथा उच्चारण अभ्यास | ● विद्यालय तथा समुदायमा प्रयोग हुने शब्द तथा आदरसूचक एवम् आज्ञासूचक शब्द पहिचान र उच्चारण<br>● संवाद, छलफल र प्रश्नोत्तर<br>● उस्तै उस्तै सुनिने ध्वनि उच्चारण<br>● पाठगत नयाँ शब्द पहिचान र उच्चारण<br>● शब्दका सुरू र अन्त्यका वर्णगत ध्वनि पहिचान र उच्चारण<br>● शब्दका वर्णगत ध्वनि जोडाइ र छुट्याइ<br>● लेख्य चिह्नका आधारमा हुने उच्चारणगत भिन्नता पहिचान र प्रयोग<br>● अनुस्वार र चन्द्रबिन्दु प्रयोग भएका शब्दको शुद्ध उच्चारण<br>● हलन्त र संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्द पहिचान र उच्चारण<br>● अनुमान र कल्पना गरी मौखिक वर्णन<br>● विषयवस्तु, पात्र र घटनासम्बन्धी मौखिक वर्णन<br>● शब्द शब्द जोडेर वा छुट्याएर उच्चारण<br>● मूल शब्दका अगाडि एवम् पछाडि आएका ध्वनि जोडाइ र छुट्याइ | ● पारिवारिक, विद्यालयीय र सामाजिक गतिविधिमा प्रयोग हुने शब्द पहिचान र उच्चारण<br>● सम्मानबोधक शब्दको प्रयोग र उच्चारण<br>● कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तर<br>● बालगीत, बालकविता, बालकथा तथा सूचनामूलक पाठ पठन<br>● सरल तथा जोडेमोडेका वर्णयुक्त शब्दको पहिचान र उच्चारण<br>● संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्द उच्चारण<br>● समान र असमान ध्वनि भएका शब्दहरू पहिचान र उच्चारण<br>● प्राकृतिक तथा सामाजिक परिवेशका चित्रवर्णन |

## शैक्षणिक सामग्री

सामान्यतया ध्वनि सचेतीकरण क्रियाकलापका लागि सामग्रीको प्रयोग गर्नु उपयुक्त मानिँदैन । ध्वनिको आफ्नै आकार, प्रकार, सङ्केत र रङ हुँदैन तर भाषा सिकाउने क्रममा यसको प्रयोग भाषिक वर्ण, सङ्केत, चिह्न, शब्दलाई सम्बन्धित गराएर वाक्य र अर्थमा बोध गराउनका लागि महत्त्वपूर्ण स्थान हुने हुँदा ध्वनि सचेतीकरण शिक्षणका लागि विभिन्न सामग्री र पाठ प्रयोग गर्न सकिन्छ । बालबालिकालाई कुनै कठिन ध्वनि चिनाउनका लागि चित्रको प्रयोग गरिएको पाइन्छ ।

**चित्र पत्ती** : कुनै पनि शब्दको सुरूको ध्वनि, शब्द ध्वनि चिनाउन शब्दको अर्थ नबुझेको अवस्थामा शिक्षकले चित्र प्रदर्शन र प्रयोग गर्न सक्छन् ।

**चित्र र शब्द पत्ती** : शब्दमा भएका वर्ण र अक्षर उच्चारण गर्ने क्रममा ध्वनि विभेदीकरण, ध्वनि जोड्ने, घटाउने, छुट्याउने, थप्ने आदि ध्वनिका क्रियाकलाप गर्न खेल, खोज, प्रश्नोत्तर, अन्तरक्रिया गरी चित्र र शब्दसँगको ध्वनिगत सम्बन्ध स्थापित गराएर शिक्षण गर्न सकिन्छ ।

**बालगीत चार्ट** : बालबालिकालाई गीतमा प्रयोग भएका अन्त्यानुप्रास, उस्तै ध्वनि, फरक ध्वनि, तिनमा प्रयोग हुने गति, यति, लय, ताल वा ध्वनिको विविधीकरण थाहा दिन शिक्षकले नमुना बालगीत गायन, नाटकीकरण, हाउभाउ, ताल र लयसहितको प्रदर्शन र प्रयोग गरेर बालबालिकासँग सहकार्य गरी शिक्षण गरिन्छ ।

## शैक्षणिक क्रियाकलाप

ध्वनि सचेतीकरण सम्बद्ध क्रियाकलापहरूमा स्वर, व्यञ्जन र मात्राका आधारमा शब्दमा रहेका ध्वनिहरूको उच्चारण, जोडाइ र छुट्याइ तथा साधारण तथा लययुक्त ध्वनि पहिचान, एक ध्वनिका स्थानमा अर्को ध्वनि राखी ध्वनि प्रतिस्थापन जस्ता विषयक्षेत्रका रूपमा समेटिन्छ । ध्वनि सचेतीकरण शिक्षणका लागि कक्षा एक, दुई र तीनमा समावेश गरिएका शैक्षणिक क्रियाकलापहरू निम्नानुसार रहेका छन् :

१. **चित्र र चित्रकथा** : पूर्णबाट अंश, ज्ञातबाट अज्ञात र सरलबाट जटिलका सिद्धान्तअनुसार चित्रलाई पूर्ण, ज्ञात र सरल मानिने गरेको कारणले गर्दा सुरूवाती दिनमा चित्र, परिचित शब्द र सन्दर्भबाट प्रारम्भ गर्ने रणनीति अवलम्बन गरिएको छ ।

२. **लयबोध** : गति, यति र लयबद्ध वाचनका माध्यमबाट लयबोधको क्रियाकलाप गराउन सकिन्छ । यसका लागि स्थानीय लोकलयमा आधारित बालगीत वा कविता सङ्कलन गरी त्यसका आधारमा लयबोधका क्रियाकलाप गराउनुपर्छ ।

३. **शब्द सुरूको ध्वनि पहिचान** : सिकाउन लागिएको ध्वनि आउने शब्दहरूको सूची बनाई शब्दको सुरूको ध्वनि पहिचान गराउन सकिन्छ । शब्द उच्चारण गर्दा सुरूमा कुन ध्वनि आयो भन्ने र यसपछि सूचीबाट अर्को एउटा शब्द उच्चारण गर्दै सुरूमा कुन ध्वनि आयो भनेर सोध्ने र सही ध्वनि चिन्न लगाउने गर्न सकिन्छ । जस्तै : “अनार” शब्द उच्चारण गर्नुहोस् र यस शब्दको सुरूमा “अ” ध्वनि आयो भनेर बताइदिनुहोस् । त्यसपछि “अचार”, “अमला” जस्ता शब्दहरू पालैपालो उच्चारण गर्नुहोस् र सुरूमा कुन ध्वनि आयो भनेर सोध्नुहोस् ।

४. **शब्दका अन्तको ध्वनि पहिचान :** शब्दको अन्त्यमा उस्तै ध्वनि आउने शब्दहरूको सूची बनाई उक्त सूचीबाट शब्दहरूको उच्चारण अभ्यास गर्नुपर्छ । यसका लागि क्रमिक सिकाइ रणनीति म गर्छु, हामी गर्छौं र तिमी गरको पद्धति अपनाउन सकिन्छ ।

५. **ध्वनि पहिचान तथा अक्षर जोडाइ र छुट्याइ :** दुई ओटा शब्दको सुरूको ध्वनि एउटै हुने र अर्को एउटा शब्दको सुरूको ध्वनि बेग्लै भएको तीनओटा शब्दका केही समूहहरू (जस्तै : अनार, अचार, कमल) तयार गर्ने र ती शब्दहरू उच्चारण गर्न लगाउने गर्न सकिन्छ । जस्तै : शब्दको सुरूमा बेग्लै ध्वनि आउने शब्द 'कमल' हो भनेर शिक्षकले बताइदिनुहोस् । शिक्षकले 'अनार' को अगाडि 'अ' ध्वनि आउँछ भनेर बालबालिकालाई बताउनुहोस् । ती शब्दको ध्वनि जोड्ने अभ्यास समेत गराउनुहोस् । /अ//नार्/ = अनार, /अ/ /चार्/ = अचार आदि । एउटा शब्द उच्चारण गर्ने र त्यसलाई तालीका आधारमा जोड्ने र टुक्र्याउने अभ्यास गर्नुहोस् ।

६. **वर्ण थपी शब्द निर्माण :** ध्वनि सचेतीकरणमा वर्ण र शब्दमा वर्ण वा ध्वनि थप्दा नयाँ शब्द बन्छन् । वर्णका आधारमा ध्वनि थप्ने अभ्यास गराई उच्चारणको अभ्यास गराउनुपर्छ । जस्तै : 'क' वर्ण सुरूमा राखी 'प', 'र', 'ल' थप्ने (कप, कफ, कर, कल) । र वर्ण अन्त्यमा राखी 'क', 'ख', 'ग', 'घ' थप्ने (कर, खर, गर, घर) । त्यस्तै शब्दमा ध्वनि थपेर पनि नयाँ शब्दको उच्चारण अभ्यास गराउन सकिन्छ । जस्तै : 'त' वर्ण सुरूमा राखी राई, राजु, बेला थप्ने (तराई, तराजु, तबेला), रायो शब्द अन्त्यमा राखी 'क', 'ख', 'ज', 'ह' (करायो, खरायो, जरायो, हरायो ।

जस्तै :

सुन्नुहोस् र लय मिलाई गाउनुहोस् :

## आहा ! कपडा

अखबार पढेर, अक्षर चिन्ने हो
अब बजार गएर, अन्न किन्ने हो
निधारमा अक्षता, टिकी लाएर
असारमा नाच्ने हो, गीत गाएर ।
आमा लिई आउनुभो, आहा ! कपडा
बुबा आई दिनुभो, आलुबखडा
आठ बजे आकाश, कालोमैलो भो
आज छाता ओढेर, स्कुल जाने हो ।



उदाहरण :

क्रमिक सिकाइ विधि प्रयोग गर्नुहोस् । 'अ' र 'आ' ध्वनिको अभ्यास गराउन ध्वनि चिन्ने, जोड्ने र छुट्याउने कार्य गराउनुहोस् ।

### अन्य विषयसँगको सम्बन्ध

यस कार्यका लागि तालिकामा दिएको वा यस्तै अन्य कार्य गराउनुहोस् :

| अङ्ग्रेजी | गणित | सेरोफेरो |
|---|---|---|
| अखबारलाई अङ्ग्रेजीमा newspaper भनिन्छ ?<br>तपाईंलाई कुन कुन अखबार (newspaper) को नाम थाहा छ ?<br>अखबार केका लागि प्रयोग हुन्छ ? | मौखिक छलफल गर्ने......<br>अखबार, असार, अक्षता ........ ................................<br>अ वा यस्तै ध्वनिबाट सुरू भएको कतिओटा शब्दहरू सुन्नुभयो ? | मौखिक छलफल गर्ने......<br>'अ' ध्वनिबाट सुरू हुने अरू शब्द कुन कुन शब्दहरू थाहा छ ? भन्नुहोस् ।<br>जस्तै : अमला, अचार...<br>अमला के होला ?<br>अमला कहाँ फल्छ ?<br>अमलाबाट के के बनाउन सकिन्छ ? |

## (ख) श्रव्यदृश्यबोध

श्रव्य र दृश्य सामग्रीका आधारका मुख्य मुख्य विषयवस्तु वर्णन गर्ने अभ्यासात्मक क्रियाकलाप नै श्रव्यदृश्य बोध हो । यसमा दिइएका दृश्य सामग्रीको अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन गराउनुपर्छ । विषयवस्तुलाई सुनेर वा हेरेर नाम, परिवेश, घटना, सन्दर्भ, अनुमान, पूर्वानुमान, कल्पना, समस्या, तुलना, वर्णन जस्ता अभ्यासात्मक क्रियाकलाप श्रव्यदृश्यबोधअन्तर्गत पर्छन् । श्रव्यदृश्यबोध सम्बन्धी क्रियाकलापबाट विद्यार्थीहरूमा आकृति, रङ, सङ्केत, चिह्नको प्रयोग, हाउभाउ र अभिनयसहितको मौखिक अभिव्यक्तिको विकास गराउन सकिन्छ । आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता, हर्ष, विस्मात आदिसँग सम्बन्धित संवेगात्मक अभिव्यक्तिको विकाससमेत श्रव्यदृश्यबोधका माध्यमबाट गराउन सकिन्छ ।

### श्रव्यदृश्यबोधको आवश्यकता

- दृश्य सामग्रीका आधारमा मुख्य मुख्य विषयवस्तु पहिचान गर्न
- श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउ र अभिनयसहित मौखिक प्रस्तुति गर्न
- अनुमान र समस्या पहिचानसहित मौखिक वर्णन/ प्रश्नोत्तर गर्न
- बहुभाषिक विद्यार्थीको सिकाइलाई सबलीकरण गर्न

### विषयवस्तुको क्षेत्र र क्रम

श्रव्यदृश्यबोधमा देहायका विषयवस्तु समावेश गरिएको छ ।

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
| --- | --- | --- |
| • प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग<br>• श्रव्य र दृश्य सामग्रीका आधारका नाम र मुख्य मुख्य विषयवस्तु वर्णन<br>• हाउभाउ र अभिनयसहितको मौखिक प्रस्तुति र त्यसको अनुकरण<br>• संवेगात्मक अभिव्यक्ति (आश्चर्य, उमङ्ग, उत्सुकता, घृणा, चिन्ता, हर्ष) र प्रतिक्रिया<br>• अनुमान, कल्पना र समस्या पहिचानसहित मौखिक वर्णन | • श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउसहित छलफल, कुराकानी र प्रस्तुति<br>• चित्रवर्णन<br>• दुई दृश्य अवस्थाको अवलोकन, तुलना र प्रतिक्रिया<br>• दुईओटा दृश्यहरूको समानता र भिन्नता सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग<br>• निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिकाबाट विषयवस्तुको बोध | • श्रव्यदृश्य सामग्रीका आधारमा हाउभाउसहित छलफल, कुराकानी, प्रस्तुति<br>• सूचना आदानप्रदान र समीक्षा<br>• वर्ण लेखनका वैकल्पिक ढाँचाको पहिचान<br>• चित्रवर्णन<br>• दुई दृश्य अवस्थाको अवलोकन, तुलना र प्रतिक्रिया<br>• सञ्चारका क्रममा प्रचलित आकृति, रङ र सङ्केत चिह्नको प्रयोग<br>• निर्धारित पाठ्यसामग्री, चित्र र पत्रपत्रिकाबाट विषयवस्तु बोध |

## शैक्षणिक सामग्री

श्रव्यदृश्यबोध शिक्षणका लागि विभिन्न सामग्री र पाठ प्रयोग गर्न सकिन्छ । श्रव्यदृश्यबोधका लागि देहायअनुसारका सामग्री प्रयोग गर्न सकिन्छ :

- चित्र
- चित्रपत्ती
- दृश्यवस्तु (रूख, खोला, ढुङ्गा, गाई आदि)
- रेडियो
- मोबाइल
- टेलिभिजन
- कम्प्युटर

## श्रव्यदृश्यबोधका क्रियाकलापहरू

- दृश्य वस्तुको नाम पहिचान
- दृश्य वस्तुको नाम उच्चारण

- दृश्य वस्तुको आकृति, रङ र सङ्केत चिह्नको प्रयोग
- श्रव्यदृश्य सामग्रीका आधारमा वर्णन
- श्रव्यदृश्य सामग्रीका आधारमा समानता र भिन्नता पहिचान
- श्रव्यदृश्य सामग्रीका आधारमा मौखिक तथा लिखित उत्तर
- श्रव्यदृश्य सामग्रीका आधारमा अनुमान र कल्पना
- श्रव्यदृश्य सामग्रीका आधारमा मुख्य समस्या पहिचान
- श्रव्यदृश्य सामग्रीका आधारमा कुराकानी र छलफल

जस्तै :

**चित्र हेरेर उत्तर भन्नुहोस् :**



(क) यो कुन ठाउँको चित्र हो ?




(ख) साथीहरू के गर्दै छन् ?

उदाहरण :

यस खण्डमा अनुमान गर्ने क्रियाकलाप गराउनुहोस् ।

जस्तै : चित्रमा के के भइरहेको छ ? कहाँको चित्र होला ? यी पात्रहरू को को होलान् ? चित्रमा ती पात्रले के के गरेका छन् ?

## अन्य विषयसँगको सम्बन्ध

यस कार्यको लागि तालिकामा दिएको वा यस्तै किसिमका थप कार्य गराउनुहोस् :

| गणित | हाम्रो सेरोफेरो |
|---|---|
| चित्रमा कति जना पात्रहरू छन् ?<br>चित्रमा भएका पात्रहरूमा अब चार वा यस्तै पात्रहरू थप्दा कति पात्रहरू हुन्छन् ? | चित्रमा के के भइरहेको छ ?<br>हामीले कसैलाई भेट्दा कसरी अभिवादन गर्छौं ? |

## (ग) लेख्यवर्ण सचेतीकरण

लेख्यवर्ण सचेतीकरण भनेको ध्वनिले प्रतिनिधित्व गर्ने वर्ण वा अक्षरको सङ्केतलाई चिनाउनु हो । यो वर्ण र ध्वनिको चिनारी वा तिनका सम्बन्धको ज्ञान हो । भाषाका ध्वनिहरू र ती ध्वनिहरूको प्रतिनिधित्व गर्ने सम्बन्धित भाषाका वर्णहरूको सम्बन्धको सिकाइ लेख्यवर्ण सचेतीकरण हो । यसले विभिन्न प्रकारका ध्वनिको प्रतिनिधित्व गर्ने वर्णको लेखाइको स्वरूप र क्रमप्रति विद्यार्थीलाई सचेत गराउँछ । लेख्यवर्ण सचेतीकरणअन्तर्गत मुद्रित सामग्रीको सचेतता, वर्णमाला सचेतता, विसङ्केतन र पठन अभ्यास जस्ता कुरा पर्छन् । लेख्यवर्ण सचेतीकरणसँग सम्बद्ध क्रियाकलापमा शिक्षकले वर्णसँग सम्बन्धित ध्वनि र अक्षरबिचको सम्बन्ध प्रस्ट पार्नुपर्ने हुन्छ । ध्वनिलाई छापामा परिणत गरेर बालबालिकालाई अक्षर चिनारी गराइन्छ । अक्षर चिन्नु, जान्नु, पढ्नु र लेख्नु भाषा सिकाइका लागि अत्यन्त जरूरी हुन्छ । यसअन्तर्गत रहेर नै बालबालिकाले क्रमशः वर्ण, मात्रा, शब्द, अर्धाक्षरी वर्ण र वाक्य चिन्न तथा लेख्न सक्छन् । लेख्यवर्ण चिनारीलाई सङ्गठित रूपमा (सरल प्रकृतिका ध्वनिबाट क्रमशः जटिलतिर) सिकाइ सहजीकरण गर्दा बालबालिकाको पठन सिप विकास प्रभावकारी भएको अनुसन्धानहरूबाट प्रमाणित भएको छ । ध्वनि सचेतीकरण जस्तै वर्ण तथा मात्रा चिनारी पनि भाषा सिकाइ सहजीकरणको एक प्रभावशाली तत्त्व हो । वर्ण र मात्रा चिनारीको ज्ञानले बालबालिकालाई अक्षर चिनारीका साथै अपरिचित शब्दको पनि चिनारी गराउन मदत पुऱ्याउँछ । लेख्यवर्ण चिनारी शिक्षणको मुख्य उद्देश्य बालबालिकामा सही र उपयुक्त गतिका साथ पढ्ने सिप विकास गर्नु नै हो ।

### विषयक्षेत्रको क्षेत्र र क्रम

लेख्यवर्ण सचेतीकरणअन्तर्गत देहायअनुसारका विषयवस्तुको क्षेत्र र क्रम रहेका छन् :

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • समान र असमान चित्र, शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्दको पहिचान र लेखन<br>• सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट विभिन्न आकृति र चित्र निर्माण<br>• स्वर तथा व्यञ्जन वर्ण तथा मात्राको सङ्केतन, विसङ्केतन र ढाँचाको अनुकरण | • शब्दसूची निर्माण<br>• अक्षर जोडेर तथा झिकेर, थपेर र परिवर्तन गरेर शब्द निर्माण र शब्दका अक्षर विभाजन<br>• हलन्त तथा संयुक्त व्यञ्जन वर्ण र लेख्य सङ्केतको प्रयोग<br>• शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्दको लेखन | • वर्ण लेखनका वैकल्पिक ढाँचाको अनुकरण<br>• अक्षर जोडेर तथा झिकेर, थपेर र परिवर्तन गरेर शब्द निर्माण र शब्दका अक्षर विभाजन<br>• हलन्त तथा संयुक्त व्यञ्जन वर्ण र लेख्य सङ्केतको प्रयोग<br>• शब्दअनुसारका चित्र र चित्रअनुसारका शब्दको लेखन |

| | | |
|---|---|---|
| ● चन्द्रबिन्दु ( ँ ), शिरबिन्दु ( ं ) र विसर्ग ( ः ) को पहिचान र प्रयोग<br>● अक्षर जोडेर तथा झिकेर, थपेर र परिवर्तन गरेर शब्द निर्माण र शब्दका अक्षर विभाजन<br>● समान असमान संरचना भएका शब्दको सूची निर्माण<br>● हलन्त तथा संयुक्त व्यञ्जन वर्ण र लेख्य सङ्केतको प्रयोग<br>● लेख्य वर्णको विविधता ख्याल गरी शब्दको सङ्केतन, विसङ्केतन र प्रयोग | ● शब्दको सुरु र अन्त्यमा उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको पहिचान र लेखन<br>● शब्द शब्दको जोडाइ वा छुट्याइ<br>● मूल शब्दका अगाडि एवम् पछाडि आएका ध्वनिको जोडाइ र छुट्याइ<br>● चन्द्रबिन्दु ( ँ ), शिरबिन्दु ( ं ) र विसर्ग ( ः ) को प्रयोग<br>● लेख्य वर्णको विविधता ख्याल गरी शब्दको सङ्केतन, विसङ्केतन र प्रयोग | ● शब्दको सुरु र अन्त्यमा उस्तै उस्तै ध्वनि तथा समान संरचना भएका शब्दको पहिचान र प्रयोग<br>● शब्द शब्दको जोडाइ वा छुट्याइ<br>● मूल शब्दका अगाडि एवम् पछाडि आएका ध्वनिको जोडाइ र छुट्याइ<br>● चन्द्रबिन्दु ( ँ ), शिरबिन्दु ( ं ) र विसर्ग ( ः ) को प्रयोग<br>● लेख्य वर्णको विविधता ख्याल गरी शब्दको सङ्केतन, विसङ्केतन र प्रयोग |

## सामग्रीहरू

लेख्यवर्ण सचेतीकरणको शिक्षणका लागि शिक्षकले विभिन्न सामग्री, पाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीको तहअनुसार प्रयोग गर्न सक्छन् । लेख्यवर्ण सचेतीकरण शिक्षणमा प्रयोग गर्न सकिने केही महत्त्वपूर्ण सामग्रीहरूको सूची तल उल्लेख गरिएको छ :

**वर्ण पत्ती** : नेपाली भाषाका सबै स्वर र व्यञ्जन वर्ण चिनारी गराउन र सरल शब्दहरू बनाउन सिकाउने क्रममा वर्ण पत्तीको प्रयोग गर्न सकिन्छ । बालबालिकाले सुनेको वर्णको ध्वनिलाई वर्ण सङ्केतसँग जोडेर चिनारी गराउँदै सरल शब्द निर्माणका क्रियाकलापमा प्रयोग गर्न सकिन्छ । उच्चारण, नमुना, प्रदर्शन, खोज, समूह कार्य, खेल विधि प्रयोग गरी पछि परेका, फरक भाषिकाबाट आएका, नेपाली दोस्रो भाषीलाई शिक्षण गर्न सहज हुन्छ ।

**झ्याले पत्ती** : ध्वनि र सङ्केतको सम्बन्ध स्थापित गरेर शिक्षण गर्न, वर्णमा हिज्जे मिलाउन, स्वर वर्ण र मात्रा सङ्केत रूप चिन्न, बाह्रखरी वर्ण परिचय गराउन तथा मात्रा शिक्षणका लागि झ्याले पत्तीको प्रयोग उपयोगी हुन्छ । नमुना प्रदर्शन, खेल, ध्वनिका आधारमा वर्ण पत्ता लगाउन, वर्ण र मात्राको सम्बन्ध गराउन, नेपाली भाषामा भएका वर्णहरूलाई क्रमबद्ध रूपमा राख्न, वर्णहरूको सूचीबाट शब्द बनाउन तथा क्रमिक सिकाइमा आधारित विधिमा अभ्यास गर्न यी सामग्रीको प्रयोग हुन्छ ।

**शब्द र चित्र कार्ड** : शब्द देखाई सोको उच्चारण गर्न लगाउन, शब्दको अर्थ भन्न लगाउने अर्थ भन्न नजानेमा चित्र प्रदर्शन गरी शब्द तथा अर्थज्ञान गराउन सहजीकरण गर्न शब्द र चित्रकार्ड प्रयोग गर्न सकिन्छ ।

**बाह्रखरी चार्ट** : बाह्रखरी चार्टमा भएका वर्णको उच्चारण गर्ने विद्यार्थीलाई सो वर्णको सङ्केत चिन्न लगाउने, स्वर र व्यञ्जन वर्णहरूको क्रम मिलाउन लगाउने, जानिसकेका वर्णबाट शब्द निर्माण गर्न लगाउने, आआफ्नो नाम खोज्ने, अक्षर वा शब्द शिक्षकले भनेका आधारमा पत्ता लगाउने, औच्चार्य वर्णको स्थान विधि र प्रयोगसहित शिक्षण गर्ने कार्यमा बाह्रखरीको प्रयोग गर्न सकिन्छ । जसमा खेल विधि, प्रदर्शन विधि, नमुना र अभ्यास उपयुक्त हुन्छन् ।

**विसङ्केतन पाठ :** भर्खरै वर्ण चिनेका विद्यार्थीका लागि ध्वनि र सङ्केतको सम्बन्ध स्थापना गर्ने सिपको विकास गरी पढ्न सिकाउन, सरल र कठिन वर्णबाट बनेका शब्द उच्चारण गर्न, भाषामा प्रस्तुत गर्ने शैली, प्रवाह, आरोह अवरोहसँगै स्वतन्त्र अभ्यास गरी पढ्ने अवसर प्रदान गरी बोध क्षमता वृद्धि गर्न विसङ्केतन पाठ प्रयोग गर्न सकिन्छ ।


## लेख्यवर्ण सचेतीकरणका शैक्षणिक क्रियाकलापहरू

कक्षा एकदेखि कक्षा तीनसम्मका बालबालिकाहरूलाई लेख्यवर्ण सचेतीकरणका विभिन्न क्रियाकलाप गर्न सकिन्छ । यसका लागि गर्न सकिने सम्भावित क्रियाकलापहरू यस प्रकार छन् :

- छापा सामग्री प्रयोगमा सचेतना
- चित्र चिनारी र शब्द उच्चारण
- स्वर र व्यञ्जन वर्णको चिनारी र उच्चारण
- स्वर र व्यञ्जन वर्णको क्रम मिलान
- वर्णको सङ्केतन र विसङ्केतन
- व्यञ्जन वर्णमा मात्रा जोडाइ
- पिनह्विल चार्ट र झ्याले पत्तीको प्रयोग गरी शब्द निर्माण
- शब्द चिनारी, उच्चारण र लेखन
- आधा वर्ण चिनारी
- संयुक्त वर्ण र वर्ण सङ्केतलाई पढ्न र लेख्न
- हिज्जे मिलाएर परिचित शब्द लेख्न

जस्तै :

**चित्र हेरी नाम भन्नुहोस् र सुरुको वर्णमा गोलो घेरा (O) लगाउनुहोस् :**

छाता  छ छेपारो 

जाँतो  ज जहाज 

यस खण्डमा वर्ण पहिचान गर्ने, ध्वनिलाई सम्बन्धित वर्णको सङ्केतसँग जोड्नेलगायतका क्रियाकलाप क्रमिक सिकाइ विधि प्रयोग गरी गराउनुहोस् ।

- छ वर्णको वर्णपत्ती वा सङ्केत प्रयोग गरी छ ध्वनि र वर्ण चिनाउनुहोस् ।
- छ वर्ण आफू बसेको भुइँमा, हावामा, कापीमा १० वा ......पटक लेख्नुहोस् । क्रमिक सिकाइ विधि प्रयोग गर्नुहोस् ।
- माथि छ वर्ण लागेका कुन कुन चित्र छन् ?

### अन्य विषयसँगको सम्बन्ध

यस कार्यका लागि तालिकामा दिएको वा यस्तै किसिमका थप कार्य गराउनुहोस् :

| अङ्ग्रेजी | गणित | सेरोफेरो |
|---|---|---|
| | छ वर्ण लागेका कतिओटा चित्र छन् ?<br>चित्रमा भएको छ मा अब चार वा यस्तै थप्दा कति हुन्छ ?<br>चित्रमा भएको छ मा अब चार वा यस्तै घटाउँदा कति हुन्छ ?<br>छ वर्ण सुरू वा बिच वा अन्तमा लाग्ने तपाईंलाई कुन कुन शब्दहरू थाहा छ ? भन्नुहोस् । | छाता, छेपारो, ........के /कस्तो / कहाँ /हो ? छलफल गराउनुहोस् ।<br>यस्तै अन्य कुन कुन शब्दहरू थाहा छ ? भन्नुहोस् । |

## (घ) पठन प्रवाह

पाठकले पठन सामग्री सरसर्ती, शुद्ध तरिकाले र हाउभाउसहित पढ्न सक्नु नै पठन प्रवाह हो । पठन प्रवाहको बोधसँग सम्बन्ध रहन्छ । बालबालिकाले पढेको कुरा बुझ्नका लागि उपयुक्त प्रवाहका साथ पढ्न सक्ने हुनुपर्छ । यो कुरा सस्वर पठन र मौन पठन दुवै सन्दर्भमा लागू हुन्छ । पठन प्रवाहले गति, यति र लयका साथ तहअनुसार दिइएको पठन सामग्री शुद्धसँग पढ्ने सिपलाई बुझाउँछ । कुनै पनि पठन सामग्रीलाई बालबालिकाले जति छिटो र सही तरिकाले उच्चारण गरेर पढ्न सक्छन्, त्यति नै धेरै उनीहरूमा बोध क्षमता विकास हुने कुरा अध्ययनहरूले देखाएका छन् । सफल पाठकले अर्थमा ध्यान दिएर पढ्छ जसले गर्दा उसको बोध गर्ने क्षमतामा सहयोग पुग्छ । पठन प्रवाह भाषा विकासको एक महत्त्वपूर्ण आयाम भएकाले प्रारम्भिक कक्षामा नै बालबालिकामा पढ्नका लागि राम्रो सिप विकास गराउनुपर्छ । पढाइलाई कठिन मान्ने बालबालिका पढ्न चाहँदैनन् । माथिल्लो कक्षामा जाँदै

गर्दा बालबालिकालाई पठन प्रवाह झनै आवश्यक पर्छ किनभने माथिल्लो कक्षामा पढ्नुपर्ने सामग्रीको मात्रा बढ्दै जान्छ । सुस्त गतिमा पढ्ने वा पढ्न कठिन हुने बालबालिकालाई उनीहरूको तहका लागि आवश्यक पर्ने पढाइ हासिल गर्न समस्या/कठिनाइ आइपर्छ । पढ्ने सिप राम्रोसँग सिकेका बालबालिकाको पठन प्रवाह पनि राम्रोसँग विकास भएको हुन्छ ।

## विषयवस्तुको क्षेत्र र क्रम

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • मुद्रण सचेतता<br>• वर्ण, शब्द, सरल वाक्य र अनुच्छेद पठन<br>• पद्यात्मक पाठ पठन<br>• वाचन (सस्वर, द्रुत, एकल, युगल र समूह | • गद्यात्मक पाठ (वाक्य र अनुच्छेद : गति, यति, भाव र शुद्धता) पठन<br>• पद्यात्मक पाठ (गति, यति, लय, हाउभाउ र शुद्धता) पठन<br>• वाचन (सस्वर, द्रुत, एकल, युगल र समूह) | • गद्यात्मक पाठ (वाक्य र अनुच्छेद : गति, यति, भाव र शुद्धता) पठन<br>• पद्यात्मक पाठ (गति, यति, लय, हाउभाउ र शुद्धता) पठन<br>• वाचन (सस्वर, द्रुत, एकल, युगल र समूह) |

## पठन प्रवाह शिक्षणमा प्रयोग गर्न सकिने सामग्री

पठन प्रवाहको शिक्षणका लागि शिक्षकले पाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीको तहअनुसार विभिन्न सामग्री प्रयोग गर्न सकिन्छ । पठन प्रवाह शिक्षणमा प्रयोग गर्न सकिने केही सामग्रीहरू यस प्रकार छन् :

**बालगीत चार्ट** : दिइएका बालगीतहरू गति, यति, लय र हाउभाउसहित पढ्ने बानी बसाल्दै पठन प्रवाह अभिवृद्धि गर्न सकिन्छ ।

**विसङ्केतक पाठ** : भर्खरै वर्ण चिनेका विद्यार्थीलाई ध्वनि र सङ्केतको सम्बन्ध स्थापना गर्ने सिपको विकासका लागि यस्ता पाठहरू प्रयोग गरिन्छन् । पढाइसकेका तहअनुसारका वर्ण, अक्षर, शब्द, वाक्यांश र वाक्यले बनेका पठन सामग्रीको प्रयोग गरिन्छ । विसङ्केतन पठन सामग्रीको प्रयोग गरी पठन प्रवाहका साथै सरसर्ती पढेर अर्थबोध गर्नु उपयुक्त मानिन्छ । पाठका आधारमा तयार गरिएका यी सामग्री स्वतन्त्र रूपमा पढ्न, सहयोग र टेवासहित पढ्न, अर्थ लगाएर पढ्न, पाठका आधारमा पढेर बोध गरी प्रश्नको उत्तर दिन सहयोगी हुने अपेक्षा गरिएको छ ।

**विद्यार्थी कार्यपुस्तक** : पढाइका तत्त्वको सिकाइलाई सबलीकरण गर्न विद्यार्थी कार्यपुस्तकलाई प्रयोग गर्न सकिन्छ । सबै तत्त्वमा आधारित सिप विकास गर्नका लागि क्रमिक सिकाइ विधिको अवधारणा प्रयोग गरी बालबालिकालाई मुख्यतया लेखाइ र पढाइ सिकाउन यो पुस्तिका प्रयोग गरिन्छ । विद्यार्थी कार्यपुस्तकमा दिइएको 'पाठ पढ' क्रियाकलाप मूलतः पठन प्रवाह सिप विकासका लागि दिइएको हो ।

**सन्दर्भ सामग्रीहरू/बाल कथाका किताब** : बालबालिकालाई मनोरञ्जनात्मक तरिकाले उत्प्रेरित गरी अर्थपूर्ण श्रुतिबोध र पठन बोध गरेर पढ्न अरू सन्दर्भ सामग्री कक्षामा नै उपलब्ध गराउनुपर्छ । यसरी उपलब्ध गराइएका

सामग्री बालबालिकाको तह, उमेर, रूचि, पढ्ने क्षमता, पुस्तकको आकार, प्रकार, भाषा/भाषिका, चित्र, रङ साथै प्रयोग गरिएका लिपिका सन्दर्भमा पनि उपयुक्त हुनुपर्छ । शिक्षकले यी सामग्री बालबालिकालाई पढाइका लागि प्रयोग गर्दा र स्वतन्त्र रूपमा पढ्न दिँदा पुस्तक र पाठकको तह मिलाउनुपर्छ । यसरी सन्दर्भ सामग्री प्रयोग गर्दा नमुना पढाइ, कक्षा पढाइ, निर्देशित पढाइ, समूह पढाइ, जोडी पढाइ र स्वतन्त्र पढाइका लागि शिक्षकले नमुनासहितको सिकाइ गराउनु जरूरी हुन्छ । जब बालबालिका सहज तरिकाले स्वतन्त्र रूपमा पढ्न थाल्छन् उनीहरूमा मनोरञ्जन साथै नयाँ शब्दको ज्ञान, स्वःस्फूर्त पढाइ भएर अर्थपूर्ण बोध हुने हुनाले अरू विषय (जस्तै : गणित, मेरो सेरोफेरो) मा सकारात्मक प्रभाव परी सिकाइ उपलब्धि बढ्छ ।

## पठन प्रवाह शिक्षणका रणनीति

**सस्वर नमुना पठन** : शिक्षकले अक्षर, शब्द, वाक्य र अनुच्छेद देखाउँदै नमुना पठन गर्नुपर्ने हुन्छ । शिक्षकले पढेर सुनाउँदा आरोह, अवरोह, गति, यति, चिह्नको प्रयोग र हाउभाउलाई विशेष जोड दिनुपर्छ । शिक्षकले नमुना पठन गरिसकेपछि उनीहरूलाई पर्याप्त अभ्यास गर्ने अवसर दिनुपर्छ ।

**साझा पठन** : शिक्षकले विद्यार्थीलाई सँगसँगै पढ्न लगाउनुपर्छ । यस्तो पठन विद्यार्थीको स्तरअनुसार शिक्षकले सस्वर नमुना पठनपछि वा सँगसँगै पनि गर्न सकिन्छ । यसको उद्देश्य शिक्षक र विद्यार्थी दुवैले एकैपटक पढ्ने हो । यसमा शिक्षकले विद्यार्थीको पढाइस्तर थाहा पाउनै पर्छ र आवश्यकताअनुसार उच्चारणमा सहयोग पुऱ्याउनु आवश्यक हुन्छ ।

**समूह पठन तथा जोडी पठन** : समूह पठन कक्षाका सबै विद्यार्थीले वा समूहले एकै पटक गरिने पठन हो । यस्तो पठनले लाज मान्ने वा पढ्न डराउने विद्यार्थीलाई सहायता पुऱ्याउँछ । जोडी पठनमा दुई जना विद्यार्थीले एकअर्काका लागि पढ्छन् । यस्तो पठनमा एकजनाले पढ्दा अर्कोले सुन्ने र हेर्ने गरिने भएकाले सुधारमा सहयोग पुग्छ । जोडी बनाउँदा आवश्यकताअनुसार राम्रो पठन प्रवाह स्तर भएको र कमजोर पठन प्रवाह स्तर भएको, उस्तै स्तर भएकालाई बनाउन सकिन्छ ।

**स्वतन्त्र पठन** : यस्तो पठन स्वतन्त्र रूपमा बालबालिकाले एक्लै गर्छन् । यस्तो पठनमा स्तरअनुसारका विभिन्न किसिमका पाठहरू दिनुहोस् र स्वतन्त्र रूपमा पढ्न लगाउनुहोस् । विद्यार्थीले आफैँ पनि पढ्ने सामग्री छान्न सक्छन् । विद्यालय तहमा विद्यार्थीले आरोह, अवरोह, गति, यति र हाउभाउसहित पढे नपढेको शिक्षकले निरीक्षण गर्नुहोस् र आवश्यक ठाउँमा सहयोग गर्नुहोस् । पढेको अरूले बुझे नबुझेको सोध्नुहोस् र अरूले बुझ्ने गरी पढ्न लगाउनुहोस् । फेरि दोहोऱ्याई तेहेऱ्याई पढ्न लगाउनुहोस् । पढ्न लागेको समय टिपोट गर्न लगाउनुहोस् । स्वतन्त्र पढाइ, खुसी, आनन्द र खोज अनुसन्धानका लागि गरिन्छ । स्वतन्त्र पढाइका लागि विद्यालयको समयमा बाहेक अरू समयमा पनि पढ्न विद्यार्थी र अभिभावकलाई उत्प्रेरणा दिनुहोस् ।

## पठन प्रवाहका शैक्षणिक क्रियाकलाप

कक्षा एकदेखि कक्षा तीनसम्मका बालबालिकालाई पठन प्रवाह शिक्षण गर्दा गर्न सकिने क्रियाकलापहरू निम्न बमोजिम रहेका छन् । यससम्बन्धी विस्तृत जानकारी कक्षागत शिक्षक निर्देशिकाहरूको पठन तत्त्वगत क्रियाकलापको खण्ड र क्षेत्रहरूमा आधारित नमुना पाठयोजनाका खण्डमा राखिएका छन् ।

- वर्ण पठन
- शब्द पठन

- मात्रा लागेका शब्दहरूको पठन
- शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्दहरूको पठन
- अक्षर तथा जोडेमोडेका र अजन्त र हलन्त भएका शब्दहरूको पठन
- छोटा छोटा वाक्य तथा अनुच्छेद तहको पठन
- बालगीतको लयबद्ध पठन
- वर्ण, शब्द, वाक्य पदावलीगत अनुच्छेद (पाठ किताब/कथा/कविता/उपन्यास)
- चिह्नअनुसारको पठन
- चिह्न, आघात र अन्तरालको प्रयोगसहितको पठन
- गति, यति, लय र हाउभाउसहितको पठन

जस्तै :

**पढ्नुहोस् र साथीलाई सुनाउनुहोस् :**




पूजा आई । पाठो देखी । पाठोनजिक गई । पाठाको पेट छामी । पाठो धपाई । चोटामा गई । पापडको पोको देखी । पापड झिकी । पापड खाई । म फटाफट आएँ । म फनन नाचेँ । बाटाको नजिकै बाघ छ । बबिता बाटाको छेउबाट आउँदै थिई । बाटाको छेउबाट बाघ देखी । बाठी बबिता बाघ देखेर दौडी ।

उदाहरण :

बालबालिकाको सिकाइ अवस्थाअनुसार सस्वर नमुना पठन, साझा पठन, समूह पठनलगायतका पठन क्रियाकलाप क्रमिक सिकाइ विधि प्रयोग गरी गराउनुहोस् ।

### अन्य विषयसँगको सम्बन्ध

यस कार्यका लागि तालिकामा दिएको वा यस्तै कार्य गराउनुहोस् ।

| अङ्ग्रेजी | गणित | सेरोफेरो |
|---|---|---|
| | | अनुच्छेदमा दिइएका जनावरका बारेमा छलफल गराउनुहोस् । |

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

(क) ध्वनि सचेतीकरणका कुनै २ ओटा क्रियाकलाप उल्लेख गर्नुहोस् ।

(ख) लेख्यवर्ण सचेतीकरणमा प्रयोग गर्न सकिने सामग्रीहरू टिपोट गर्नुहोस् ।

## ५. सन्दर्भ स्रोत


- एकीकृत पाठ्यक्रम, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- शिक्षक निर्देशिका, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी
- विद्यार्थी कार्यपुस्तक, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी

# भाषिक तत्त्वगत चिनारी र प्रयोग : पठनबोध, शब्दभण्डार, लेखाइ, कार्यमूलक व्याकरण

## १. परिचय

नेपाली विषयको शिक्षण भाषिक सिपहरूको शिक्षण हो । भाषिक सिपमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्छन् । सुनाइ र बोलाइ भाषाका आधारभूत सिप हुन् भने पढाइ र लेखाइ भाषाक विशिष्ट सिप हुन् । भाषिक सिपले बोध र अभिव्यक्तिगत क्षमता विकासको विकास गर्छ । सुनाइ र पढाइले बोध तथा बोलाई र लेखाइले अभिव्यक्तिगत क्षमताको विकास गर्छ । प्रारम्भिक तह (कक्षा १ देखि ३) मा भाषिक सिप विकासका लागि ८ ओटा भाषिक क्षेत्रहरू (ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइ) निर्धारण गरिएका छन् ।

प्रारम्भिक कक्षामा पढ्न सिक्ने र माथिल्ला कक्षाहरूमा सिक्नका लागि पढ्ने कुरामा जोड दिइने भएकाले तल्ला कक्षाहरूमा नै पठन सिपको विकास हुनु आवश्यक हुन्छ । तल्ला कक्षामा नै पठन सिपको उचित विकास हुन नसकेमा माथिल्लो कक्षामा पर्याप्त सिकाइ हुन सक्दैन । तसर्थ प्रारम्भिक तहमा पठन सिपको विकासका लागि भाषिक क्षेत्रगत तत्त्वका आधारमा उचित शैक्षणिक रणनीति, शिक्षण पद्धति तथा शैक्षणिक सामग्रीहरूको प्रयोग महत्त्वपूर्ण हुन्छ । पठन सिप भाषा विषयको सिप मात्र नभएर गणित, विज्ञान, सामाजिक जस्ता अन्य विषयगत ज्ञान, सिप र धारणाका लागि पनि आधारभूत सिप हो । त्यसैले तल्ला कक्षादेखि नै बुझेर पढ्ने सक्ने सिपको विकासका लागि भाषिक क्षेत्रहरूको बारेमा अध्ययन गरिने छ । यसमा हामी पठनबोध, शब्दभण्डार, कार्यमूलक व्याकरण र लेखाइको बारेमा अध्ययन गर्ने छौँ ।

## २. विषयवस्तु

- शब्दभण्डार (परिचय, सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र एकीकृत विषयक्षेत्रको पहिचान)
- पठनबोध (परिचय, सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र र एकीकृत विषयक्षेत्रको पहिचान)
- कार्यमूलक व्याकरण (परिचय, सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र र एकीकृत विषयक्षेत्रको पहिचान)
- लेखाइ (परिचय, सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सामग्री, सम्भावित कार्यकलाप र र एकीकृत विषयक्षेत्रको पहिचान)

## ३. विस्तृतीकरण

### (क) शब्दभण्डार

शब्द, भाषा सिकाइ र अर्थका हिसाबले न्यूनतम भाषिक एकाइ हो । शब्दको ज्ञान हुनु भनेको शब्दको सूची र तिनले दिने अर्थसँग परिचित भई वाक्यमा प्रयोग गर्न सक्नु हो । शब्दभण्डार शिक्षणलाई भाषा सिकाइको एक महत्त्वपूर्ण पक्षका रूपमा लिइन्छ । बालबालिकामा भएको शब्दभण्डारले उनीहरूमा नयाँ ज्ञान, सिप र धारणा हासिल गर्न ठूलो भूमिका खेल्छ । शब्दभण्डारले वाक्यमा आएका शब्दहरूको अर्थानुमान गर्न मदत गर्छ । यसले पढाइ गति अभिवृद्धि गर्न सहयोग गर्छ । यस्तै बालबालिकालाई आफ्ना विचारहरूलाई स्पष्ट ढङ्गले आदान प्रदान गर्न समेत सक्षम बनाउँछ । शब्दभण्डार भनेको कुनै भाषा प्रयोग गर्ने मानिसमा भएको त्यस्तो शब्दको सङ्ग्रह हो जुन मानिसले सुन्न, बोल्न, पढ्न, लेख्न र सहजै प्रयोग गर्न सक्छन् । शब्दभण्डारको मात्रा मानिसको उमेर, कार्य, पेसा, शिक्षा, अनुभव, प्रयोग आदिमा भर पर्छ । भाषाको बोध र अभिव्यक्तिमा सक्षम हुन शब्दहरूको सही अर्थ बुझ्न र प्रयोग गर्न आवश्यक हुन्छ । शब्दको अर्थले बालबालिकामा विषयवस्तुको धारणाको विकास गर्न सहयोग पुऱ्याउँछ । त्यसैले भाषिक विकासका लागि शब्दभण्डार सिकाइ सहजीकरणमा जोड दिइने गरिन्छ । सिकाइ सहजीकरणसम्बद्ध क्रियाकलाप सञ्चालन गर्दा शब्दहरूलाई घोकाउनुभन्दा पाठ, उच्चारण, हिज्जे, सन्दर्भ र तिनको अर्थ बुझाउन केन्द्रित हुनुपर्छ ।

#### शब्दभण्डार सिकाइ सहजीकरणको उद्देश्य

१. बालबालिकालाई शब्दको सही उच्चारण सिकाउनु
२. शब्दमा हिज्जेको ठिक जानकारी गराउनु
३. शब्दको अर्थबारे जानकारी गराउँदै सोही समूहका अन्य शब्दहरू चिन्न लगाउनु
४. उस्तै अर्थ आउने, उल्टो अर्थ आउने शब्दहरू चिन्न सक्ने बनाउनु
५. शब्दको अर्थ लाग्ने गरी समूह र व्यक्तिगत रूपमा वाक्यमा प्रयोग गर्न लगाउनु

#### शब्दभण्डारका प्रकार

शब्दहरूलाई सामान्यतया तीन भागमा विभाजन गर्न सकिन्छ :

**पहिलो श्रेणीका शब्द :** बालबालिकाले घरपरिवारमै सुनिरहेका वा बोलिरहेका शब्दहरू पहिलो श्रेणीका शब्द हुन् । शारीरिक अङ्ग, खानपान, भेषभुषा, नातागोतासम्बन्धी दैनिक प्रयोगमा आउने शब्द पहिलो श्रेणीका शब्दमा पर्छन् । जस्तैः टाउको, भात, आमा, टोपी आदि ।

**दोस्रो श्रेणीका शब्द :** विद्यालयमा आइसकेपछि सिक्ने क्रममा विद्यार्थीले पहिले नै सुनेका वा सुन्दै नसुनेका, अर्थ ज्ञान पनि नगरेका शब्दहरूलाई दोस्रो श्रेणीका शब्दका रूपमा लिइन्छ । जस्तैः जोड, घटाउ, बिर्को, पढाइ, परीक्षा, हाजिरकापी आदि । हाम्रो प्रयास हरेक तह वा कक्षाका बालबालिकालाई दोस्रो श्रेणीका शब्दहरू सिकाउनमा बढी केन्द्रित हुनुपर्छ ।

**तेस्रो श्रेणीका शब्द :** खासखास क्षेत्रमा प्रयोग हुने, प्राविधिक, पारिभाषिक शब्दहरू यस श्रेणीमा पर्छन् । जस्तैः रसायन, मुचुल्का, आदि । विद्यार्थीको स्तर बढ्दै जाँदा यस्ता श्रेणीका शब्दहरू पनि जान्नुपर्ने हुन्छ ।

## क्षेत्र र क्रम

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>• दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>• धारणा र शब्दलाई सिकाइमा उपयोग<br>• नयाँ शब्दको पहिचान, अर्थबोध र प्रयोग<br>• आफ्नो परम्परागत मूल्यमान्यताका बारेमा छलफल | • दैनिक प्रयोग हुने शब्द, शीर्ष शब्द र विषयक्षेत्रगत शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>• अर्थ सामीप्य भएका शब्दहरू (टुसुक्क बस्नु, मुसुक्क हाँस्नुलगायत) पहिचान, उच्चारण, अर्थबोध र प्रयोग<br>• पाठबाट नयाँ शब्द पहिचान, उच्चारण, अर्थबोध र प्रयोग<br>• समूहबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>• पठन सामग्री, अनुभव र अभ्यासका आधारमा नयाँ शब्द उच्चारण, अर्थबोध र प्रयोग<br>• सांस्कृतिक सन्दर्भमा प्रयोग हुने शब्द सङ्कलन, उच्चारण र प्रयोग<br>• स्थानीय रूपमा प्रचलित शब्दहरूको प्रयोग<br>• सम्मानबोधक शब्दको प्रयोग | • निर्देशित शब्दका वर्णहरू प्रयोग गरी नयाँ शब्दहरू निर्माण<br>• पर्यायवाची, विपरीतार्थी र धेरै अर्थ दिने शब्दको पहिचान र प्रयोग<br>• निर्देशित शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>• विद्यालयमा प्रयोग गरिने वस्तु जनाउने शब्दको पहिचान, उच्चारण, अर्थबोध र प्रयोग<br>• पाठबाट नयाँ शब्द पहिचान, उच्चारण, अर्थबोध र प्रयोग<br>• सन्दर्भगत प्रयोगमा आउने शब्दको उच्चारण, अर्थबोध र प्रयोग<br>• आफ्नो परम्परा र रीतिरिवाजको वर्णन<br>• पठन सामग्री, अनुभव र अभ्यासका आधारमा नयाँ शब्द उच्चारण, अर्थबोध र प्रयोग<br>• बाल शब्दकोशको प्रयोग<br>• सम्मानबोधक शब्दको प्रयोग |

## शब्दभण्डार शिक्षणका लागि प्रयोग गरिने सामग्री

शब्दभण्डार शिक्षणका लागि शिक्षकले पाठ तथा सिकाइ उपलब्धि र विद्यार्थीको तहअनुसार विभिन्न सामग्री प्रयोग गर्न सक्छन् । जसलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

**शब्द र चित्र कार्ड** : बालबालिकालाई नयाँ शब्दभण्डारको वृद्धिका साथै पढिसकेका शब्दहरूका पुनरावृत्ति गर्नका लागि खेल, खोज, प्रदर्शन,समस्या समाधान, अन्तरक्रिया जस्ता विधि प्रयोग गरी अभ्यास गराउन शब्द र चित्र पत्तीको प्रयोग गर्न सकिन्छ ।

**शब्द र वाक्य पिनह्विल कार्ड** : शब्द पिनह्विल चार्ट बालबालिकालाई दुई वर्णहरूलाई जोडेर शब्दको निर्माण कसरी हुन्छ भन्ने कुराको जानकारी दिन प्रयोग गर्न सकिन्छ । वाक्य पिनह्विल चार्ट वाक्य संरचना, बोध, तथा उचित शब्द प्रयोग गरी सिकाउन प्रयोग गर्न सकिन्छ ।

**बाह्रखरी चार्ट** : शब्द निर्माण अभ्यासका लागि यसको प्रयोग गर्न सकिन्छ ।

**सन्दर्भ सामग्री** : स्वतन्त्र पढेर नैतिक, चारित्रिक, सामाजिक, विज्ञान, गणित, भूगोल आदि विषयका प्राविधिक र पारिभाषिक शब्दहरू विद्यार्थीले जान्न सक्छन् ।


## शैक्षणिक क्रियाकलाप


शब्दभण्डार शिक्षणमा उच्चारण, हिज्जे, अर्थ र वाक्यमा प्रयोगका क्रियाकलाप गरिन्छन् । शब्दमण्डार शिक्षणका केही क्रियाकलापलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

- वस्तु वा चित्रको नाम, सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग
- दैनिक प्रयोगमा आउने शब्द, लब्ध शब्द, शीर्ष शब्द तथा विसङ्केतक शब्दको उच्चारण, अर्थबोध र प्रयोग
- पाठमा प्रयोग भएका नयाँ शब्द पहिचान र उच्चारण
- पाठका अनुच्छेदका आधारमा नयाँ शब्द पहिचान, अर्थबोध र प्रयोग
- सम्मानबोधक शब्दको उच्चारण, अर्थबोध र प्रयोग

जस्तै :

शब्द सुन्नुहोस् र चित्र चिन्नुहोस् :



उदाहरण :

यस खण्डमा शब्दभण्डार शिक्षण गर्दा शब्दको उच्चारण, अर्थ र प्रयोगमा आधारित भएर क्रियाकलाप गराउनुहोस् । शब्दको अर्थ बताउनुहोस् वा विविध तरिकाबाट शब्दको अर्थ सिकाउनुहोस् । सिकाउने क्रममा क्रमिक सिकाइ विधि प्रयोग गर्नुहोस् ।

### अन्य विषयसँगको सम्बन्ध

यस कार्यको लागि तालिकामा दिएको वा यस्तै किसिमका थप कार्य गराउनुहोस् :

| अङ्ग्रेजी | गणित | सेरोफेरो |
|---|---|---|
| शब्दको अर्थ अङग्रेजीमा पनि बताउनुहोस् ।<br><br>शब्दहरूको उच्चारण, अर्थ र प्रयोगमा आधारित भएर क्रियाकलाप गराउनुहोस । | चित्रमा कति जना हुनुहुन्छ ?<br><br>चिमा शरीरका अङ्गहरूका नाम के के र कतिओटा दिइएको छ ? | तपाईँको परिवारमा को को हुनुहुन्छ ?<br><br>चित्रमा दिइएका पात्रहरू को को होलान् ? |

## (ख) पठनबोध

सामान्य अर्थमा बोध भनेको बुझाइ हो । बोलिएका कुरा सुनेर र लेखिएका कुरा पढेर अर्थ लगाउन सक्नु नै बोध हो । पढेर बोध गर्नुलाई पठन बोध र सुनेर बोध गर्नुलाई श्रुतिबोध भनिन्छ । औचारिक ध्वनिहरू सुनी त्यसका आधारमा बोध गर्नु श्रुतिबोध हो भने कुनै पनि लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कको सहायताले हेरेर र पढेर बोध गर्नु पठन बोध हो । यसैले बोध, पठन र श्रुति दुवै तरिकाबाट हुन्छ । यो एक जटिल प्रक्रिया पनि हो । पठन बोधको प्रमुख अभिप्रायः भनेको हेरेर, बुझेर र पाएको ज्ञानलाई प्रयोग गरेर केही नयाँ कुरा प्राप्त गर्नु र अर्थ निकाल्नु हो । पठन बोधबाट अन्तर्दृष्टिको पनि विकास हुन्छ । त्यसैले पठन बोध भनेको पढेका कुरा जस्ताको त्यस्तै दोहोऱ्याएर भन्ने मात्र होइन, बरू पढेपछि त्यसबाट अर्थ ग्रहण गर्ने र नयाँ ज्ञान निर्माण गर्ने कुरा हो । नबुझीकन पठनको गति मात्र बढाइयो भने त्यो पठन जीवन्त हुँदैन, यान्त्रिक हुन्छ । यस्तो बुझाइबिनाको पठन निरर्थक हुन्छ । त्यसैले बालबालिकाका लागि पठन बोधको क्षमता विकास गराउन आवश्यक हुन्छ । पठनको गतिसँगसँगै बुझाइको गतिलाई पनि समेट्न जरूरी हुन्छ । प्रारम्भिक तहका कक्षाहरूमा पठन बोधका कार्यकलापहरू गराउँदा सस्वर पठनका कार्यकलापहरूमा बढी जोड दिई सिकाइ सहजीकरण कार्यकलाप गराउनु उपयुक्त हुन्छ । पठन बोधका लागि उच्चारण अभ्यास, प्रश्नोत्तर, पूर्वानुमान, पढेका कुराको अनुभव आदानप्रदान आदि गराउन आवश्यक हुन्छ । बोधअन्तर्गत पूर्वज्ञान, शब्दभण्डारको ज्ञान, धारणा, सूचना तथा स्वअनुभवसँग विचारलाई जोड्ने विषयहरू आउँछन् । बोधले पाठलाई कसरी बुझ्ने भन्ने कुरामा सक्षम बनाउँछ । सुनेर र पढेर कुनै विषय, बुझ्ने, त्यसका बारेमा प्रतिक्रिया दिन सक्षम बनाउने काम बोध सिकाइका क्रममा हुन्छ ।

### पठनबोधको आवश्यकता

- बोध नै सिकाइको सार हो ।
- पढाइको प्रमुख अभिप्रायः नै पठन बोध हो ।

- यसले पढिने पाठसित अन्तरक्रिया गर्न र त्यसबाट ज्ञान बढाउन सक्षम बनाउँछ ।
- पूर्वज्ञान र पढाइपछि हासिल गरेको ज्ञानको अन्तर चिन्न सक्षम बनाउँछ ।
- थप प्रश्नहरू गर्न, जिज्ञासा व्यक्त गर्न र खोजी गर्न सक्षम बनाउँछ ।
- जानेका ज्ञान सिपलाई अरू समक्ष हस्तान्तरण गर्न सक्षम बनाउँछ ।
- पठन सिपलाई प्रदानात्मक सिपका रूपमा रूपान्तरण गर्न सक्षम बनाउँछ । (पढाइलाई आदानात्मक सिपका रूपमा लिइने भएकाले)

## क्षेत्र र क्रम

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • सङ्केत, चित्र, शीर्षक, पाठ, कथा, कविता र संवादका विषयवस्तु बोध<br>• स्थानीय परिवेश र पाठगत सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर<br>• आफ्नो अनुभव वर्णन<br>• पाठगत पात्र र घटना पहिचान | • सङ्केत, चित्र, शीर्षक, पाठ, कथा, कविता र संवादका विषयवस्तु बोध<br>• स्थानीय परिवेश र पाठगत सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर<br>• आफ्नो अनुभव, पाठगत सन्दर्भ र पूर्वज्ञानअनुसार विषयवस्तुको वर्णन<br>• पाठगत पात्र र घटना पहिचान तथा सार प्रस्तुति<br>• सूचनामूलक सामग्री (पोस्टर, पत्रपत्रिकालगायत) बाट विषयवस्तु बोध | • सङ्केत, चित्र, पूर्वज्ञान, पदावली र वाक्य, शीर्षक, पाठ, कथा, कविता र संवादका विषयवस्तु बोध<br>• शाब्दिक, तार्किक र वर्णनात्मक प्रश्नोत्तर<br>• पात्र वा शीर्षक परिवर्तन गरी पुनर्लेखन<br>• सिकाइको स्वमूल्याङ्कन<br>• स्थानीय परिवेश र पाठगत सन्दर्भका आधारमा छलफल र प्रश्नोत्तर<br>• आफ्ना अनुभव, पाठगत सन्दर्भ र पूर्वज्ञानअनुसार विषयवस्तु वर्णन<br>• पाठगत तथ्य, सन्दर्भ, पात्र र घटना पहिचान तथा सार प्रस्तुति<br>• सूचनामूलक सामग्री (चिठी, निवेदन, साइन बोर्ड, पोस्टर, सूचना र अन्य विवरण) बाट विषयवस्तुको बोध |

## पठनबोध शिक्षणमा प्रयोग गर्न सकिने सामग्री

- वर्णपत्ती
- शब्दपत्ती
- विसङ्केतन पाठ
- विसङ्केतक किताब
- पिनह्विल चार्ट
- झ्यालेपत्ती

- बालगीत चार्ट
- कथा, कवितालगायतका सन्दर्भ सामग्रीहरू
- श्रव्यदृश्य सामग्री

**पठनबोधका शैक्षणिक क्रियाकलाप**

- चित्रात्मक प्रस्तुतिको सिलसिलासहितको वर्णन
- सुनेका वा आफूले पढेका पाठबारेमा पूर्वज्ञानका आधारमा अनुमान
- घटनाक्रम मिलाउने
- छलफल तथा प्रश्नोत्तर
- तयारी, सूचना बोध
- अनुमान
- अनुमान/पूर्वानुमान
- पठन बोध
- बोधमा आधारित प्रश्नोत्तर
- शारांश निर्माण
- संरचनागत अध्ययन

जस्तै :

पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

## स्यालको बिहे



आज स्यालको बिहे छ । सबै जनाको जन्त जाने लक्ष्य छ । जन्त गएर भोज खाने लक्ष्य छ । जरायो बाजेले भन्न थाले । छिटो जाऔँ । भरे दुलही भित्र्याउन ढिला हुन्छ । बाटामा रुख ढलेका छन् । पन्छाउँदै जानुपर्छ । दुलही भित्र्याएपछि बेलुका नाच्नुपर्छ । सबै खुसी भएर जन्त जान्छन् ।

यस खण्डमा बोध शिक्षण गर्दा श्रुतिबोध वा पठनबोधमा आधारित भएर क्रियाकलाप गराउनुहोस । क्रमिक सिकाइ विधि प्रयोग गर्नुहोस् ।

हो, होइन /छ, छैन क्रियाकलापबाट सुरू गर्दै के, को, कहाँ (तथ्यमा आधारित क्रियाकलापहरू) र उच्च तहका क्रियाकलापहरू गर्नुहोस् ।

### अन्य विषयसँगको सम्बन्ध

यस कार्यको लागि तालिकामा दिएको वा यस्तै किसिमका थप कार्य गराउनुहोस् :

| अङ्ग्रेजी | गणित | हाम्रो सेरोफेरो |
|---|---|---|
| | कथामा एक वा .....पात्र थप गरे कथा कस्तो होला ? जम्मा कति जना पात्र होलान् । वा अन्य दुई पात्र हटाउँदा कथामा के होला ? | |

## (ग) लेखाइ

लेख्य सङ्केतद्वारा विषयवस्तुलाई प्रस्तुत गर्नु लेखाइ हो । लेखाइ र पढाइ एक आपसमा सम्बन्धित छन् । लेख्यवर्ण सचेतीकरणमा भाषा सङ्केत र औच्चार्य ध्वनिको सम्बन्धलाई प्रस्तुत गरिन्छ भने लेखाइमा अनुलेखन, चित्र वर्णन, श्रुति लेखन तथा स्वतन्त्र लेखनका क्रियाकलाप गराइन्छ । लेखाइ सञ्चारको एउटा तरिका हो । यसमा मानक भाषाको प्रयोगलाई विशेष जोड दिइन्छ । यो स्थायी प्रकृतिको हुन्छ ।

यसर्थ लेखाइका माध्यमबाट सूचना, सन्देशलगायतका पक्ष व्यक्तिगत, समूहगत हुँदै सघन रूपमा जनसमुदाय समक्ष लैजान सकिने हुन्छ । प्रारम्भिक तहमा राम्ररी पढ्न र लेख्न नसिकेका बालबालिकाको पछिसम्मकै समग्र शैक्षिक उपलब्धि कमजोर रहन्छ । यसले गर्दा उनीहरूको जीवनका अन्य पक्ष एवम् उपलब्धिहरूलाई समेत प्रत्यक्ष असर पार्छ । सिद्धान्ततः प्रारम्भिक कक्षाको अन्त्यसम्ममा अर्थात् कक्षा ३ को अन्त्यसम्ममा पठन तथा लेखन दुवैका आधारभूत सिपहरू विकास भइसक्नुपर्छ भन्ने मान्यता रहेको छ । कक्षा एकमा भर्ना भइसकेपछि कक्षा तिनमा पुग्दासम्म कलम समाउन सिक्ने, थोप्ला जोड्ने, धर्का जोड्ने, अक्षर लेख्ने, शब्द बनाउने, वाक्य लेख्ने, चित्रको व्याख्या गर्ने, पढेका पाठमा आधारित भई प्रश्नको उत्तर लेख्ने र स्तरअनुसारका सामान्य विषयमा स्वतन्त्र रूपमा लेख्नेसम्मको सिप विकास हुने अपेक्षा गरिएको हुन्छ । लेखाइमा हिज्जे, हस्त लेखन तथा रचना जस्ता पक्ष रहेका छन् । लेखनपूर्व गरिने अभ्यास विभिन्न आकृतिसहितका धर्काहरूको निर्माणबाट सुरू गरिन्छ । त्यसपछि वर्ण, मात्रा, शब्द, वाक्य र अनुच्छेद लगायत तहअनुसार विभिन्न लेखन सम्बद्ध पक्षको अभ्यास गरिन्छ ।

## क्षेत्र र क्रम

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • सङ्केतक (थोप्ला, सङ्केत, वर्ण र अङ्क) बाट वर्णको ढाँचा निर्माण<br>• छड्के, सिधा र गोलो रेखा कोराइ<br>• चित्र तथा आकृतिमा रङ भराइ<br>• वर्ण, शब्द, वाक्य र अनुच्छेदको अनुलेखन तथा श्रुतिलेखन<br>• विषयवस्तुका आधारमा शब्दभरण र वाक्य पूरण<br>• प्रश्नोत्तर<br>• निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित लेखन<br>• स्वतन्त्र रचना | • शब्द, वाक्य र अनुच्छेदको अनुलेखन तथा श्रुतिलेखन<br>• प्रश्नोत्तर र अन्य ढाँचामा लिखित प्रतिक्रिया<br>• विषयवस्तुको सिलसिला तथा क्रम मिलान<br>• पाठगत पात्र तथा सन्दर्भ परिवर्तन गरी पुनर्लेखन<br>• निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित र स्वतन्त्र रचना<br>• विषयवस्तुका आधारमा शब्दभरण र वाक्य पूरण<br>• कार्यमूलक व्याकरण र लेख्य चिह्नको प्रयोग गरी लेखन अभ्यास<br>• निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित लेखन<br>• स्वतन्त्र रचना | • शब्द, वाक्य र अनुच्छेदको अनुलेखन तथा श्रुतिलेखन<br>• पाठगत प्रश्नोत्तर, बुँदा टिपोट र भाव विस्तार<br>• विषयवस्तुको सिलसिला तथा क्रम मिलान<br>• विषयवस्तुका आधारमा शब्दभरण र वाक्य पूरण<br>• पाठगत पात्र तथा सन्दर्भ परिवर्तन गरी पुनर्लेखन<br>• परम्परागत मूल्यमान्यतापरक अनुच्छेद लेखन<br>• निर्धारित विषयवस्तुको मौलिक वाक्यमा पुनकर्थन<br>• कार्यमूलक व्याकरण र लेख्य चिह्नको प्रयोग गरी लेखन अभ्यास<br>• निर्धारित शीर्षक तथा विषयवस्तुका आधारमा निर्देशित लेखन<br>• स्वतन्त्र लेखन |

## लेखाइ शिक्षणमा प्रयोग हुने सामग्री

- वर्णपत्ती
- झ्यालेपत्ती
- शब्द र चित्रपत्ती
- बाह्रखरी चार्ट
- विसङ्केतक पाठ
- विद्यार्थी कार्यपुस्तक

### लेखाइका शैक्षणिक क्रियाकलाप

- वर्ण र मात्रा लेखन
- आधा वर्ण लेखन
- अनुलेखन
- श्रुतिलेखन
- अनुच्छेद लेखन
- प्रश्नोत्तर लेखन
- सिर्जनात्मक लेखन (कथा, कविता, निबन्धलगायत)

जस्तै :

**तपाईँलाई मनपर्ने कुनै एउटा चराका बारेमा चार वाक्य लेखी शिक्षकलाई देखाउनुहोस् ।**

## (घ) कार्यमूलक व्याकरण

भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिसँग सम्बन्धित व्यवस्थालाई व्याकरण भनिन्छ । नेपाली भाषा शिक्षण गर्दा भाषिक सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा जोड दिनुपर्छ । भाषिक सिप शिक्षणलाई विषयक्षेत्रसँग सम्बन्धित पाठ्यवस्तुलाई जोडेर व्याकरणिक तत्त्वको पहिचान र प्रयोग गराउनु नै कार्यमूलक व्याकरण हो । व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्ट्याइँ गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रबाटै नियम खोजी गर्ने कार्यलाई कार्यमूलक व्याकरण भनिन्छ । कार्यमूलक व्याकरण शिक्षण गर्दा पाठ्यवस्तुको उपयोग, भाषिक सिप, भाषिक अभ्यास र विद्यार्थीको भाषिक अनुभवलाई प्रयोगपरक किसिमले उपयोग गर्नुपर्छ ।

यसबाट विद्यार्थीहरूमा शुद्धसँग बोल्ने र लेख्ने क्षमता विकास हुन्छ । कार्यमूलक व्याकरणमा कालका सामान्य पक्षको प्रयोग गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने, लिङ्ग, वचन, पुरुष र आदरको ख्याल गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने र पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादिबोधक र उद्धरण चिह्नको ख्याल गरी मौखिक तथा लिखित अभिव्यक्ति दिने सिपको विकास गर्न सकिन्छ ।

### कार्यमूलक व्याकरणको आवश्यकता

- भाषाको शुद्ध प्रयोग गर्न सक्ने बनाउन
- उदाहरण र प्रयोगमा आधारित भई व्याकरणका नियमप्रति सचेत हुन
- आधारभूत तह (कक्षा १-३) मा पदसङ्गति, काल र लेख्य चिह्नको पहिचान र सामान्य प्रयोग

## विषयवस्तुको क्षेत्र र क्रम

| कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|
| • पदसङ्गति (लिङ्ग, वचन, पुरुष र आदर)<br>• क्रियाका काल र पक्ष<br>• लेख्य चिह्न प्रयोग (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्न) | • पदसङ्गति (लिङ्ग, वचन, पुरुष र आदर)<br>• क्रियाका काल र पक्ष<br>• लेख्य चिह्न प्रयोग (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्न) | • पदसङ्गति (लिङ्ग, वचन, पुरुष र आदर)<br>• क्रियाका काल र पक्ष<br>• लेख्य चिह्न प्रयोग (पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्न) |

## शैक्षणिक सामग्री

- वर्णपत्ती
- मात्रापत्ती
- शब्दपत्ती
- चित्रपत्ती
- वाक्यपत्ती

## कार्यमूलक व्याकरणका सम्भावित क्रियाकलाप

- सङ्गति मिलेका वाक्य दिएर पढ्न र लेख्न लगाउने
- खाली ठाउँ दिई सङ्केतका आधारमा सङ्गति मिलाउन लगाउने (लिङ्ग, वचन, पुरुष, आदर)
- विभिन्न काल प्रयोग भएका वाक्य दिएर पढ्न र लेख्न लगाउने
- खाली ठाउँ दिई सङ्केतका आधारमा कालको पहिचान गर्न लगाउने
- विभिन्न लेख्य चिह्न प्रयोग भएका वाक्य दिएर पढ्न र लेख्न लगाउने
- खाली ठाउँ दिई सङ्केतका आधारमा लेख्य चिह्न राख्न लगाउने
- वाक्य वा अनुच्छेद सुनाएर सङ्गति, काल र लेख्य चिह्नको पहिचान गर्न लगाउने

जस्तै :



**सुन्नुहोस्, ठिक वाक्यमा (✓) र बेठिक वाक्यमा (X) चिह्न दिनुहोस् :**

| | |
|---|---|
| ऊ आउनुभयो । ☐ | उहाँ आउनुभयो । ☐ |
| म काम गर्छ । ☐ | म काम गर्छु । ☐ |
| तपाईं आयो । ☐ | तपाईं आउनुभयो । ☐ |

# नमुना पाठ प्रस्तुति र शिक्षण अभ्यास

## १. परिचय

तालिमबाट भएको सिकाइ कक्षाकोठामा पुग्ने कुराको सुनिश्चित गर्नका लागि प्रशिक्षार्थीहरूको समूहमा नै रहेर गरिने शिक्षण सूक्ष्म शिक्षण हो । सूक्ष्म शिक्षण नियन्त्रित र सुरक्षित वातावरणमा गरिने अभ्यास हो । यस्तो कार्यको उद्देश्य अभ्यास गरी सिपमा विकास गर्नु हो । यो त्यस्तो शिक्षण प्रविधि हो जसले नवप्रवेशी र अनुभवी दुवै शिक्षकलाई आफ्नो शिक्षणमा सुधार गर्ने मौका प्रदान गर्छ । शिक्षकले यथार्थ सिकाइका लागि कक्षामा जानुपूर्व कक्षामा कसरी प्रस्तुत हुने भनेर तालिममा सहभागीहरूका बिचमा गरिने अभ्यासात्मक क्रियाकलापका रूपमा लिइन्छ । यसका लागि अध्यापन योजना वा पाठ योजना तयारी गर्नुपर्छ । यस प्रयोजनका लागि नमुना पाठको छनोट, शिक्षणीय उद्देश्य वा विशिष्ट उद्देश्य, शैक्षिक सामग्रीहरू, शिक्षण सिकाइ क्रियाकलाप, शिक्षण सिकाइका क्रियाकलाप तयार गर्दा शिक्षकले खेल्ने भूमिका, विद्यार्थीले खेल्ने भूमिका, तयार गरेका सामग्रीलाई कक्षा क्रियाकलापमा समावेश गर्ने तरिका र मूल्याङ्कन समावेश गरी योजना तयार गरिन्छ । यसरी तयार गरेको योजनाका आधारमा साना साना प्रशिक्षार्थी समूहमा पाँचदेखि दस मिनेटमा सूक्ष्म शिक्षणको अभ्यास गरिन्छ । सूक्ष्म शिक्षण धेरै ठाउँमा उपयोग गर्न पनि सकिन्छ । यस्तो कार्यमा शिक्षण सिकाइ क्रियाकलापको समाप्तिपछि पृष्ठपोषण दिइन्छ । एकीकृत विषयक्षेत्रका आधारमा भाषिक तत्त्वगत क्रियाकलापलाई अन्य विषयसँग पनि जोड्दै शिक्षण योजना र अभ्यास गर्नुपर्छ । प्रारम्भिक कक्षामा पढाइ सिप विकास गर्नका लागि मुख्य शिक्षण रणनीतिका रूपमा क्रमिक सिकाइ रणनीति (म गर्छु, हामी गर्छौं, तिमी गर) अपनाइएको छ । सोही रणनीति बमोजिम कक्षा १ देखि ३ का लागि विकास गरिएका विद्यार्थी कार्यपुस्तक तथा शिक्षक निर्देशिकासमेत एकीकृत शिक्षणको अवधारणामा आधारित भएकाले सोका आधारमा शिक्षण अभ्यास गर्नुपर्छ ।

## २. मुख्य विषयवस्तु

- शिक्षण योजना
- नमुना पाठ प्रस्तुति
- शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान

## ३. विस्तृतीकरण

### पाठ्यक्रमका आधारमा एकीकृत र विषयगत विषयवस्तुको यकिन


कक्षा १ देखि ३ को पाठ्यक्रम एकीकृत अवधारणामा आधारित भई तयार गरिएको छ । सिकाइ सहजीकरणका क्रममा नेपाली विषय र अन्य विषयसँगको साझा सिकाइका क्षेत्र पहिचान गर्नका लागि पाठ्यक्रमको पृष्ठ ३५

देखि ८३ सम्मको पाठ्यक्रमको एकीकृत संरचनामा कक्षागत सिकाइ उपलब्धिको विस्तृतीकरण खण्डमा निर्धारण गरिएका सिकाइ उपलब्धिको आधारमा सहजीकरण योजना बनाउनुपर्ने हुन्छ । जस्तै : मेरो दैनिक जीवनको सिकाइ सहजीकरणका लागि देहायअनुसारका साझा सिकाइका विषयवस्तु पहिचान गर्न सकिन्छ :

विषयक्षेत्र : **मेरो दैनिक जीवन**

| नेपाली विषयसम्बद्ध मुख्य विषयवस्तु | गणित विषय सम्बद्ध विषयवस्तु | अङ्ग्रेजी विषयसम्बद्ध विषयवस्तु | हाम्रो सेरोफेरो विषयसम्बद्ध विषयवस्तु |
|---|---|---|---|
| **ध्वनि सचेतीकरण**<br>● कुराकानी, संवाद, अन्तरक्रिया र प्रश्नोत्तरका आधारमा भाषिक सञ्चार गर्न<br>**श्रव्यदृश्यबोध**<br>● श्रव्यदृश्य सामग्रीबाट सूचना तथा जानकारी लिन र दिन<br>**लेख्यवर्ण सचेतीकरण**<br>● शब्दका सुरु र अन्त्यका वर्ण छुट्याएर र जोडेर पढ्न तथा लेख्न<br>**शब्दभण्डार**<br>● पाठमा पढेका शब्दहरूको अर्थबोध गरी उल्टो अर्थ दिने अरु शब्दहरू खोज्न<br>● शब्दलाई वाक्यमा प्रयोग गर्न<br>**पठनप्रवाह**<br>● आशय र भावअनुकूल हाउभाउ, गति र शुद्धतासहित पाठ पढ्न<br>**पठनबोध**<br>● अनुमान र धारणा मिले नमिलेको छुट्याई सुधार गर्न<br>● अनुमानयोग्य र सूचनामूलक पाठहरू पढेर शाब्दिक, तार्किक र वर्णनात्मक प्रश्नोत्तर गर्न<br>**लेखाइ**<br>● रुचिका विषयक्षेत्र र शीर्षकमा आधारित भई स्वतन्त्र लेखन गर्न<br>**कार्यमूलक व्याकरण**<br>● पूर्णविराम, अल्पविराम, प्रश्नवाचक, विस्मयादिबोधक र उद्धरण चिह्नको प्रयोग गरी लिखित अभिव्यक्ति दिन | ● घडी हेरी घण्टा, मिनेट र सेकेन्डमा समय भन्न र लेख्न<br>● समयका एकाइहरू बिचको सम्बन्ध भन्न र लेख्न (वर्ष, महिना, हप्ता, दिन, घण्टा, मिनेट र सेकेन्ड)<br>● कुनै काममा लागेको समय पत्ता लगाउन | Talking about future apologizing Telling the time | ● चर्पी तथा धारा र वरपरको वातावरण सफा राख्न<br>● शरीरका अङ्गहरू सफा राख्ने बानीको विकास गर्न, रोग लाग्नबाट बच्न र<br>● स्वस्थकर बानी अवलम्बन गर्न<br>● मनपर्ने विषयमा चित्र बनाउन |

**मेरो दैनिक जीवन**



विषयक्षेत्र : मेरो दैनिक जीवन, कक्षा : ३, पाठ : ३




## पाठयोजनाको नमुना

| | | |
|---|---|---|
| विषय - नेपाली | | कक्षा - ३ |
| विषयक्षेत्र - मेरो दैनिक जीवन | पाठ : ३ | समय - ६0 मिनेट |

**पाठ्यवस्तु** - ध्वनि सचेतीकरण, श्रव्यदृश्यबोध, लेख्यवर्ण सचेतीकरण, पठन प्रवाह, शब्दभण्डार)

**व्यवहारकुशल सिपहरू** : प्रयोग सिप S1.1, सञ्चार सिप S3.1, सहकार्य सिप S3.2, दृष्य साक्षरता सिप S4.3, सिकाइ सिप (S1.2)

### विशिष्ट उद्देश्यहरू

- 'मेरो खाजा' कविता लय हालेर वाचन गर्न (ध्वनि सचेतीकरण)
- दैनिक जीवनमा प्रयोग हुने शब्द पहिचान र उच्चारण गर्न (श्रव्यदृश्यबोध)
- वर्ण जोडेर शब्द लेख्न (लेख्यवर्ण सचेतीकरण)
- गति, यति र हाउभाउसहित पाठ पढ्न (पठन प्रवाह)
- पाठमा प्रयोग भएका शब्दको अर्थबोध र वाक्यमा प्रयोग गर्न (शब्दभण्डार)

### सामग्रीहरू

शब्दपत्ती, विद्यार्थी कार्यपुस्तक, कविता चार्ट, पावर प्वाइन्ट, सन्दर्भगत चित्र

## सहजीकरण क्रियाकलाप

**क्रियाकलाप १ : लय मिलाएर गाउनुहोस् :**

- दिइएको मेरो खाजा कवितामा भएको चित्र प्रदर्शन गरी छलफल गराउनुहोस् । छलफल गराउँदा दैनिक रूपमा गर्ने काम, सरसफाइका विषयमा आधारित भई छलफल गराउनुहोस् :

१. लय मिलाएर गाउनुहोस् :

### मेरो खाजा

आइतबार आलुचिउरा खाजा खाने हो
सोमबार भुटीभात बोकी जाने हो
मङ्गलबार मकैमही खान पाइयोस्
बुधबार भटमास लान पाइयोस् ।



बिहीबार बिस्कुट खान्नँ रोटी खान्छु म
शुक्रबार हलुवा र खिर लान्छु म
शनिबार घरमा सबै बस्न पाइन्छ
मन लागेको परिकार खाजा खाइन्छ ।

बिहान उठ्ने नुहाउने सफा हुने हो
बेला बेला मिचीमिची हात धुने हो
सफा नाना सफा खाना सफा घर होस्
रोगव्याधी सधैँभरि पर पर होस् ।

- दिइएको कवितालाई क्रमिक सिकाइ पद्धति (म गर्छु, हामी गर्छौं, तिमी गर) का आधारमा सुरुमा आफैँले गति, यति र लय हाली वाचन गर्नुहोस् ।
- त्यसपछि विद्यार्थी सँगसँगै वाचन गर्नुहोस् ।
- पछि विद्यार्थीलाई मात्रै गति, यति र लय मिलाई वाचन गर्न लगाउनुहोस् ।

**क्रियाकलाप २ : चित्रमा सानी के के गर्दै छिन् ? भन्नुहोस् :**

- तलको चित्र देखाई चित्रको परिवेश, पात्र र दैनिक गर्ने कामको बारेमा विद्यार्थीलाई छलफल गराउनुहोस् :

२. चित्रमा सानी के के गर्दैछिन्, भन्नुहोस् :




- चित्रमा सानी के के गर्दै छिन् ? विद्यार्थीलाई सोध्नुहोस् ।
- विद्यार्थीले भनेका विषयवस्तुलाई समेटी चित्रमा सानीले गर्ने दिनभरिका कामको चरण र विद्यार्थीले दैनिक रूपमा गर्ने कामको बारेमा भन्न लगाउनुहोस् ।

## क्रियाकलाप ३ : वर्ण जोडेर पढ्नुहोस् र लेख्नुहोस् :

- दिइएको वर्ण जोडेर शब्द बनाउने क्रियाकलाप गराउनुहोस् :

### वर्ण जोडेर पढ्नुहोस् र लेख्नुहोस् :




| | | | |
|---|---|---|---|
| ........................... | ........................... | ........................... | ........................... |
| ........................... | ........................... | ........................... | ........................... |
| ........................... | ........................... | ........................... | ........................... |

### म गर्छु

- कुनै एक वर्ण देखाई उक्त वर्णका अगाडि अन्य वर्णहरू राखी शब्द बनाएर देखाउनुहोस् । जस्तै रा वर्णमा के, घे, डे, मे राखी केरा घेरा, डेरा, मेरा

### हामी गर्छौं

- शिक्षक विद्यार्थी सँगसँगै वर्ण जोडेर शब्द बनाउने अभ्यास गर्नुहोस् ।


### तिमी गर


- विद्यार्थीलाई अर्को कुनै वर्ण दिई त्यसका अगाडि कुनै वर्ण राखेर शब्द बनाई लेख्न लगाउनुहोस् ।


## क्रियाकलाप ४ : पालैपालो पढ्नुहोस् :

- संवादमा भएको चित्र देखाई संवाद केको बारेमा छ ? अनुमान गर्न लगाउनुहोस् ।
- दिइएको संवादलाई गति, यति र हाउभाउसहित पढ्नुहोस् ।

### ६. पालैपालो पढ्नुहोस् र उत्तर दिनुहोस् :






- उक्त संवादलाई धनियाँ र डाक्टर बनी विद्यार्थीलाई पालैपालो वाचन गर्न लगाउनुहोस् ।
- संवाद वाचनपछि दैनिक रूपमा गर्ने काम र स्वस्थ रहन दाँत माझ्नुपर्ने पक्षमा जोड दिँदै छलफल गराउनुहोस् ।

## क्रियाकलाप ५ : पाठबाट उल्टो अर्थ दिने शब्द पत्ता लगाई लेख्नुहोस् :

कुनै एउटा शब्दको शब्दपत्ती देखाई त्यसको उल्टो अर्थ दिने शब्दको बारेमा बताइदिनुहोस् । जस्तै :

**उल्टो अर्थ बुझाउने शब्द**

| | |
|---|---|
| भित्र | बाहिर |
| राम्रो | नराम्रो |
| तल | माथि |
| दायाँ | बायाँ |
| अगाडि | पछाडि |

दिइएको संवादमा भएका उल्टो अर्थ दिने शब्दको पहिचान गर्न लगाउनुहोस् :

धनियाँ : नमस्कार !

डाक्टर : नमस्कार, के भयो तिमीलाई ?

धनियाँ : दाँत दुख्यो ।

डाक्टर : दाँत माझ्ने गरेकी छैनौ र ?

धनियाँ : होइन, **बिहान बेलुकी** नै दाँत माझ्छु । मेरा दाँत **सफा** छैनन् र ?

डाक्टर : आँ ... गर त । म तिम्रो दाँत हेर्छु ।

धनियाँ : आँ ... ।

डाक्टर : ल हेर, चकलेट पो खान्छ्यौ कि क्या हो ?

धनियाँ : चकलेट मिठो लाग्छ । त्यसैले म त खान्छु ।

डाक्टर : चकलेट धेरै खानु हुँदैन । चकलेट खाएपछि, खाना खाएपछि र सुत्नुअघि दाँत माझ्नुपर्छ ।

धनियाँ : हवस्, अबदेखि त्यसै गर्छु, धन्यवाद ।

डाक्टर : नानी त कति **असल** । नानीलाई पनि धन्यवाद ।

### नमुना शिक्षणका लागि सहजकर्ताको पूर्वतयारी

- शिक्षण गर्ने दिनको तयारीको लागि पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी कार्यपुस्तिका राम्रोसँग अध्ययन गर्नुहोस् ।
- अध्ययनका आधारमा पाठयोजना बनाउनुहोस् ।
- विषयगत र अन्तरविषयगत रूपमा मिल्दाजुल्दा सिकाइ उपलब्धि र विषयवस्तुको सूची बनाउनुहोस् ।
- नमुना पाठयोजनाबमोजिम शिक्षण गर्नका लागि पूर्वअभ्यास गर्नुहोस् ।
- आफूले शिक्षण गर्ने दिनको पाठ सबै सहभागीले प्राप्त गर्नका लागि सम्भव भए विद्यार्थी कार्यपुस्तक र सम्भव नभए सम्बन्धित दिनको फोटोकपी गरी सबै सहभागीलाई पुग्ने गरी वितारण गर्नुहोस् ।
- सहभागीलाई सो कक्षाको विद्यार्थीको भूमिकामा रहन भन्नुहोस् ।
- तयारीका आधारमा नमुना शिक्षण गर्नुहोस् ।

### सूक्ष्म शिक्षणका क्रममा पृष्ठपोषण दिँदा ध्यान दिनुपर्ने पक्षहरू

- सहभागीले सूक्ष्म शिक्षण गर्दैगर्दा अवरोध नगर्ने
- प्रत्येक सहभागीलाई सूक्ष्म शिक्षण समाप्त भएपछि एक मिनेट आफैँ प्रतिबिम्बन गर्न लगाउने (कस्तो गर्ने योजना थियो, कस्तो भयो, अर्कोपटक गर्दा के सुधार गर्नुहुन्छ ?)
- त्यसपछि मात्र अन्य सहभागीलाई पृष्ठपोषण दिन भन्ने ।
- पृष्ठपोषण निम्नलिखित ढाँचामा दिने : (राम्रो गरेको कुरा तथा सुधार गर्न सकिने क्षेत्र)

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

नमुना पाठ प्रस्तुतिपछि तपाईं आफूले खेल्नुभएको भूमिका र यथार्थ शिक्षणमा भएका पाँचओटा समानता र भिन्नता लेख्नुहोस् ।

## ५. सन्दर्भ स्रोत

- https://learning.cehrd.edu.np/home
- https://www.youtube.com/watch?v=qakoZleFbV0&list=PLVOHiHZt8InLyhflA8g7csUstEM6PEmQd

English


# Common Themes and Learning Outcomes

## Introduction

Learning outcome is the central focus of curriculum development. The purpose of selection and development of learning outcome is to help learners grow and develop academically, personally and socially. Learning outcome can be realized in students' real lives by the use of themes. There is dynamic relationship between learning outcome and themes. First learning outcomes should be developed and then appropriate themes should be selected. Themes should be used as means, not end, or as vehicle to achieve learning outcomes. Pedagogy lubricates this entire process. Soft skills appear as glue to bind themes and learning outcomes. Therefore, planning and pedagogy spin around learning outcomes, themes and soft skills. Learning outcomes should inspire, themes should drive and soft skills should bind learning outcomes and themes. In integrated curriculum, theme plays key role. In integrated curriculum of English, function-wise and skill-wise learning outcomes have been listed.

There are certain language functions given in integrated English curriculum (Grade 1-3). Four English language skills- listening, speaking, reading and writing are systematically and orderly focused.

The dynamic relationship between learning outcome and theme is presented below.



There are four core subjects in integrated English curriculum of Grade 1-3. They are- English, Nepali, Mathematics and Our Surrounding. We can see thematic integration among these four core subjects. There are also some themes that are subject-specific. Therefore, we should be alert while dealing with those themes that are common to different subjects and themes that are subject-specific. The following table shows the thematic integration across the subjects and subject-specific themes.

**Degree of thematic integration**

| Subject | Degree of integration | | | English specific |
|---|---|---|---|---|
| | Common among four subjects | Common among three subjects | Common between two subjects | |
| English, Nepali, Mathematics and Our Surrounding | 1. Me and my family<br>2. My daily life<br>3. Our school<br>4. Communication, technology and market | | | |
| English, Nepali and Our Surrounding | | 5. Our environment<br>6. Our culture | | |
| English and Nepali | | | 7. Hobbies and interest | |
| Only English | | | | 8. Alphabets<br>9. My belonging<br>10. Birds and animals<br>11. Fruits and vegetables |

## Meaning of integration

Integration is linking, joining, connecting, showing interrelationship within and across the thematic areas. The concept of integration in teaching and learning is recently introduced

in School's education, particularly in Grade 1-3. This concept is the by-product of shifting pedagogy and product of innovative spirit of curriculum developers, experts, researchers and practitioners.

## Significance of integration in pedagogy and learning

*"If you want to walk fast, travel alone. If you want to walk far, travel together."*

*(Bovaird and Loffer, 2012)*

The above mentioned adage saying is relevant and useful to think and link with integrated teaching and learning. Integrated teaching requires collective and collaborative efforts from teachers if they expect to make learning efficient and sustainable on the part of learners. In the conventional teaching, most of the teachers don't have the culture of working together for the sake of students' learning. In integrated teaching and learning, joint planning, collective effort, team teaching, grade teaching (i.e., handling all subjects by one teacher), sharing, collaboration among practitioners for common themes (i.e., thematic integration) are necessary. Therefore, thematic teaching demands teachers to sit together and plan for classroom instruction. If they do so in a principled way, the result (i.e., learning) will be sustainable and resilient.

Knowledge in the real world is not applied in bits and pieces but in an integrative manner. Genuine learning takes place as students are engaged in meaningful and purposeful activity. Subject matter (i.e., themes) serves as a means, not a goal in integrative teaching and learning. Teachers and students need to work cooperatively to ensure successful learning. To be more specific, the following points summarize the significance of integration in pedagogy and learning:

- Whole language instruction is integrated instruction.
- Broad understanding
- Holistic learning
- Workbook is avenue/means for holistic learning.
- Theme is not ends but means to an end (i.e., learning outcome). This means theme should be dynamically used to develop soft skills and achieve set learning outcomes.
- Integration of themes/skills/materials/pedagogy creates true learning environment.

- Integration in pedagogy bridges the gap between 'skill-getting inside the classroom and skill-using in the real life situation' or 'life and world- jivan ra jagat'. This means outside happenings can be brought inside the classroom.

- Language is a tool for learning rather than curricular subject. Hence, school subjects are basis of integration.

## Degree of integration

The search for complete integration in within and across the subjects is just like a waste of time (i.e., Pie in the sky). It is, therefore, we have to explore the possibilities and dimensions of integration within subject and across the subjects.

### Within the subject

- Language skills integration-when the focus of a lesson is on listening skill, teaching listening skill demands other skills like speaking, reading and writing skills. Skill teaching cannot be done in isolation. The attempt to teach language skills in isolation becomes ridiculous.

- Language aspects integration- when the focus of a lesson is on teaching grammar, it demands other aspects like language functions, vocabulary and pronunciation.

- Holistic (skills and aspects) teaching- when the focus of a lesson is on teaching language function, it demands dealing with relevant structures/forms (grammar), appropriate and relevant words selection (vocabulary), engaging in communicative situations (listening, speaking, pronunciation), read and write some important structures and examples (reading and writing).

### Across the subjects

- Interdisciplinary- within two subjects like English and Nepali for example- Hobbies and Interest.

- Multidisciplinary- within more than two subjects like English, Mathematics and Our Surrounding for example "Me and My Family".

- Trans-disciplinary- going beyond the subjects, no limit- limitless. Theme is a vehicle through which teacher and students travel towards destination (i.e., learning outcomes).

## Learning outcomes guide the Six 'Ts'

**Theme:** major curricular units, chosen to be appropriate to students' needs and interests, institutional expectations, available resources and teacher's abilities for example:


- Me and My Family
- My Daily Life
- Our School
- Communication, Technology and Market, etc.

**Topic:** Specific areas of theme for example:

- Listen and Say
- Colour
- Listen and Practise
- Listen and Act
- Look and Say
- Point, Trace and Colour
- Join
- Draw, etc.

**Text:** Written (i.e., reading and writing) and Oral (listening and speaking) texts for example:

- Graphs
- Charts
- Pictures
- Audio
- Colour
- Drawing
- Tracing
- Text, etc.



**Thread:** Linkages across themes, threads can bridge themes. Thread can be understood as soft skills. There are five groups of soft skills introduced in Integrated Curriculum (IC).

**Task:** Basic unit of instruction, instructional activities and techniques: decoding activities, tracing, matching, colouring, drawing, puzzles, acting, role playing, singing, games, rhyme/chant, cued dialogues, describing, question answer, completing (mostly product oriented type of tasks).

**Transition:** learning, links across themes, go beyond the single discipline

*Note: Threads and transitions create additional linkages throughout the curriculum.*

Source:https://carla.umn.edu/cobaltt/modules/curriculum/stoller_grabe1997/6ts.pdf

# Curriculum, TG, Workbook, Material

## Structure of English curriculum

Curriculum is core document of planning, pedagogy and learning of school education. It guides the teachers and learners towards achieving set competencies. English curriculum of Grade 1-3 adapts the following structure:

- Introduction
- Competencies for Grade 1-3
- Grade-wise Learning Outcomes for Grade 1-3
    - Skill-wise learning outcomes
    - Function-wise learning outcomes
- Scope and sequence of the contents
    - Themes
    - Language functions: exponents/structures, soft skills, activities
- Evaluation procedure

## Features of English curriculum: Based on eleven themes

The main features of English curriculum grade 1-3 are given below:

- It aims to develop comprehensive communicative competence.
- Language functions and language skills are merged under the broad heading 'learning outcomes'.
- Soft skills are integrated and shown in each theme.
- Provisions of working hours, assessment, revision and remedial teaching are given.

- It has learning outcome-wise format for recording the students' learning.
- Sample activities for assessing the students' learning in each theme have been suggested.

## Principles of language learning

Textbook serves 'what' and workbook serves 'how '. My English Book of Grade 1-3 serves two functions, workbook and textbook. Activities included in the book follow the natural principles of language learning and development.

- **Hear** before you can **say** it.
- **Say** before you can **read** it.
- **Read** before you can **write** it.

## Structure and Features of Workbook

The structure and features of workbook are given below.

- Key material in classroom delivery
- Teachers create their own resources/tasks.
- Lots of colourful illustrations
- Activity oriented
- Rhymes can be found on the YouTube.
- Colouring, drawing, finding the words in puzzle, etc. can be fun and meaningful.
- Each reading text contains a visual for scaffolding.
- Instructions with icons

## Integration of learning outcomes, themes and soft skills,

Soft skill is the core aspect of integrated teaching. Each theme is expected to integrate different soft skills. Curriculum Development Centre has presented five different macro areas of soft skills. They are:

- Thinking skills


- Intrapersonal skills
- Interpersonal skills
- Information communication and multi-literacy skills
- Citizenship skills

Within these five macro areas of soft skills, we can explore other micro soft skills.

## Learning outcomes, themes and soft skills

**Soft skills**

1. Problem solving
2. Active listening
3. Team work
4. Communication
5. Collaboration
6. Taking care of oneself
7. Self-awareness
8. Time management
9. Self-discipline
10. Managing daily life
11. Respect for diversity
12. Responsibility




**Soft skills**

1. Integrity/honesty
2. Tolerance
3. Democratic particiation
4. Building rapport with others
5. Intercultural skills
6. Multi-literacy skills
7. Critical thinking
8. Information management
9. Sociability
10. C:\user\Lenevo|desktop\IC-Final Curriculum.pdf

**How to deal with:**

1. Multidisciplinary (Common themes in more than two subjects): Coordination necessary, team planning and team teaching is very important- theme is not end but means to an end.
2. Interdisciplinary (common themes in two): Coordination necessary, team planning and team teaching is very important- theme is not end but means to an end.
3. Disciplinary (Subject-specific themes): Coordination within theme- focusing on developing basic skills of English.

**Pedagogical Focus**

<table>
<tr><th rowspan="2">S. N.</th><th colspan="2">Pedagogical focus (themes, soft skills and learning outcomes)</th></tr>
<tr><td>Multidisciplinary<br><br>Focus on:<br>o Integrated learning<br>o Interlink similar themes of different subjects<br>o Holistic learning<br>o Bridging gap between skill-getting and skill-using</td><td>Disciplinary<br><br>Focus on:<br>o Basic skills of English<br>o Learning outcomes<br>o Language functions</td></tr>
<tr><td>1</td><td>Focus on grade teaching (if possible)<br>Grade teacher can:<br>o see the linkage among the subjects<br>o recover if anything missing in previous class<br>o balance the learning across the subjects<br>o bear responsibility of students' learning</td><td rowspan="3">Focus on basic skills of English:<br>o Learning facilitation principles<br>o Communicative tasks<br>o Integration of soft skills<br>o Gradual release model<br><br>Some specific activities<br>o Imitating<br>o Comparing<br>o Identifying<br>o Drawing<br>o Colouring<br>o Completing<br>o Matching<br>o Circling<br>o Ticking<br>o Choosing<br>o Oral drilling<br>o Solving puzzles<br>o Reading aloud</td></tr>
<tr><td>2</td><td>Make robust coordination to deal with thematic integration.<br>Separate subject teachers should:<br>o collaborate to choose appropriate activities<br>o collaborate together to decide on how to handle common themes<br>o plan in team<br>o organize team teaching<br>o share classroom experiences<br>o check students' understanding<br>o compare students' participation</td></tr>
<tr><td>3</td><td>Use theme as a vehicle for learning outcomes.<br>Theme should be used as:<br>o Means to an end, but not end in itself<br>o Avenue for going beyond the single subject<br>o Tool to co-produce knowledge<br>o Cooperative learning tool</td></tr>
</table>

# Designing a Lesson Plan, Demonstration of a Model English Lesson, Practice Teaching, and Feedback Sharing

## A. A Sample Lesson Plan

| | | |
|---|---|---|
| Daily Lesson Plan | Grade 1 | Lesson: 75 |
| Theme: My Daily Life | Topic: Brush your teeth | |

**Language skills**: Listening, Speaking, Reading and writing

**Soft Skills Incorporated**: Communication, practising healthy habits

**Vocabulary:** Action verbs (brush, wash, clean, wear, drink, eat)

Body parts: hand, nail, face, hair

**Language Function**: Describing daily habits

**Objectives:** By the end of this lesson, the students will be able to

- Listen to action words and act them
- Talk about their daily life using action words
- Read and write action verbs with correct spelling
- Complete the sentences looking at the pictures

**Materials**

- My English Book, Grade 1
- Song/video: Brush, brush, brush your teeth
- Pictures

**Teaching Learning Activities**

**Activity 1: Warm up**

- Greet the students saying ‘Good morning/afternoon class’ and get back the response.

- Show them the picture given in the activity book (page 153) and ask the following questions:
  1. What do you see in the picture?
  2. Where is the rabbit standing?
  3. What is the rabbit doing?
  4. Do you also brush your teeth?
  5. How many times a day do you brush your teeth?
  6. What time of the day do you brush your teeth?

**Activity 2: Listening**

- Play a video or sing a song “Brush, brush, brush your teeth”.
- Let the students sing the song along with you.
- Ask if the students if they liked the video/song.
- Let them tell the list of activities shown/described in the video/song:
  1.
  2.
  3.
  4.
- Ask the following questions to the students:
  1. How many people did you see in the video?
  2. Who are they?
  3. Is this a big family or a small family?
  4. How many members are there in your family?
  5. Who are they?

**Activity 3: Listening and Acting**

**Ask the students to look at you while you act:**

1. Brushing your teeth
2. Washing your hands
3. Combing your hair
4. Eating your food

Next, ask the students to act out the same with you.

**Activity 4: Speaking**

Ask the following questions:

1. Do you do these activities everyday?
2. Are they good habits or bad habits?
3. What other good habits do you know?

**Activity 5: Reading**


- Read aloud the following sentences one by one.
- Repeat each sentence 3 or 4 times.
- While you read, act out the verbs.
  1. Wash your face.
  2. Brush your teeth.
  3. Comb your hair.
  4. Cut your nail.
  5. Change your dress.
  6. Drink the water.
  7. Eat your food.
- Ask the students to follow you.
- Let the students read the sentences first in whole group, in small group, and then individually.
- Ask the students to open their activity book.
- Ask them to show the above-mentioned sentences in their activity book and read along with you.
- Ask the students to point out the sentences in their activity book and read the sentences on their own.

**Activity 6: Matching the Daily Activities with Time**

Show the following pictures on the board and ask the students individually which part of the day they perform various activities.


1.







2.





3.





| Morning | Afternoon | Evening | Night |
|---|---|---|---|

4.





| Morning | Afternoon | Evening | Night |
|---|---|---|---|

**Activity 7: Writing**

Involve the students in the following writing exercise.

### Complete the sentences.

1. Wash your ____________________



2. Brush your ____________________



3. Comb your ____________________



4. Wear your ____________________



**Activity 8: Assessment**

Monitor the students' written performance and support them if required.

*[Note: In addition to the activities suggested in the Teacher's Guide, teachers can add other integrated teaching learning activities that suit their context in each lesson.]*

## B. Content from Teacher's Guide

**Lesson 75 : Brush Your Teeth** **Teacher's Guide: *My English Book 1***

| Lesson Focus | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Listening and speaking | | | Reading | | | | Writing | Vocabulary |
| Phonological awareness | Listening (comprehension) | Speaking/ Language functions | Graph phonemic awareness | Vocabulary | Reading for fluency | Reading for comprehension | | |
| Listen to different action words and act them. | Listen to different action words and act them. | Expressing with action verbs | Writing action verbs | Pronunciation practice of words<br>Understanding the meaning of words | Reading of a text for fluency | Reading of a text for comprehension | Writing action words | come, go, wash, eat, drink, clean, cut, comb, brush, see, etc. |

In this lesson, there are three topics to cover:

1. Look and read (Listening and speaking)
2. Read and write (Reading)
3. Complete the sentences (Writing)

**Objectives:**

- Listen to action words and act them.
- Talk using action words.
- Understand and write action verbs with correct spelling.
- Read a very short text and answer the questions orally.
- Complete the sentences with correct words by looking at the pictures.

**Materials:**


pictures, sentence cards, word cards.

**Before you teach:**

1. Study the workbook thoroughly.
2. Have the materials ready.

## 1. Look and read. 20 minutes

Look and read.



Wash your face.
Brush your teeth.
Comb your hair.
Cut your nail.

**Activity 1**

- Greet them by saying 'Good morning/afternoon class' and get back the response.
- Show them the picture (given on the left) and ask the question: What is it? (by pointing to the rabbit, mirror, brush, sink etc.) Where is the rabbit? (in bathroom), What is he doing? (brush his teeth).
- Ask each question in whole group, in small group and individually.
- Do not give the answer yourself. Encourage them to come up with the answers. Let them speak their own language and translate their words into English.
- Ask them to look at you while you act brushing your own teeth.
- Ask them to act out 'brush your teeth'.


**Activity 2**

- Ask them to close their book.

- Read the given sentences one by one and ask them to look at and listen to you: Wash your face. Brush your teeth. Comb your hair. Cut your nail. Repeat each sentence 4/5 times. When you read, act out the verbs.
- Read the sentences given one by one and ask them to follow you. Do this many times so that they can repeat correctly after you. Do this in whole group first, in small group and individually.
- Ask them to open their book. Ask them to show the sentences in their book and read with you together.
- Ask the students to point and read the sentences themselves.

## Activity 3

- Write the words on the board (wash, brush, comb, cut), act out the verbs. After that ask them to act out the action verbs after you read each word.
- Act out each verb randomly and ask them to say the correct verb for your act.




- Write the complete sentences on the board as given in the book and act again.
- Read the complete sentences and ask the students to act out the verbs themselves.
- Teach the meaning of other words: face, teeth, hair, nail (showing by yourself).
- Now, read the sentences one by one and ask them to act out. (You say: wash your face and the students act out washing their face). Do this in order of the sentences first and then randomly later. Do this first in whole group and in pair (one says and another act) and individually at the end.

## Activity 4

- Show the pictures one by one and elicit the words: wash, hand, eat, food, drink, water, clean, plates.
- Do not say the words yourself.
- Act out 'wash hands, eat food, drink water, clean plates' and ask the students to come up with the sentences.
- Drill the sentences.
- Ask the students to say and act out the sentences: wash your hand, eat food, drink

water, clean plates.

- Divide the students in pairs and ask them to act out and say the sentences. Ask them to swap the roles. Monitor and help the needy students.
- Show the pictures randomly and ask them to say the sentences. Do it in whole group, small group and individually.
- Say the following words one by one and ask them to write the words in the air: wash, brush, comb, wear, clean, drink, eat, face, teeth, hair, nail, hand, food, water, plates.

### Activity 5

- Write the words on the board. Ask the students to stand in two rows. You read a word and one student from each row runs to the board to point. One who touches the word first gets a point. Make sure that, they don't hurt themselves while running.
- Erase the words from the board. Ask the students to say as many words as they remember.

## 2. Read and write 20 minutes


### Activity 1

- Show the picture given in the book and ask: What do you see in the picture?
- Collect answers from the students (frog, pond, plants). Let everyone say their answers.
- Ask: What does a frog eat? (Ask all the students to say their answers.) Elicit 'fly' from the students.

**Read and write.**

**Frog**

I see a frog.
The frog is in a pond.
The frog eats a fly.



1. What do I see?
   ☐ a cat ☐ a frog ☐ a bee
2. Where is the frog?
   ☐ in a pond ☐ on the ground ☐ on the leaf
3. What does the frog eat?
   ☐ a bee ☐ an ant ☐ a fly

- Read the text at normal speed when the students point to the words in the text.
- Read the text and ask the students to follow you. When they follow, they point to the text with their fingers.
- Divide the students in pair where one reads and another follows. Ask them to swap the roles. Monitor and help the students to pronounce the words correctly.
- Ask the students to read the text individually and monitor.

**Activity 2**

- Ask the students to look at the questions: 1-3. Read the questions for them.
- Show the pictures of cat, bee, pond, ground, leaf, ant and fly one by one and pronounce the words correctly and ask them to repeat after you. (Repeat words 5/6 times)
- Show the pictures one by one again and ask them to say what it is. Write the words on the board one by one on the board.
- Say the words one by one (not showing the words) and ask them to spell the words.
- Say the words one by one and ask students to write the words in their exercise book.
- Ask the students to tick the correct answers from 1-3 in their book by reading the text. Ask them to do it individually.
- Pair up the students and ask them to check each other's answers.
- Check the answers in whole group.

## 3. Complete the sentences 20 minutes

**Activity 1**




- Act out the following and ask students to guess what you are doing.
  - wash hands
  - brush teeth
  - comb hair
  - wear clothes
- Do not say the answer yourself. Encourage everyone to speak. Repeat the acting 4/5 times. Focus the weaker students.
- Now, show the picture one by one and ask them to come up with the correct words for the blanks.
- Move around the class showing the picture with the book in your hands and elicit the words from each student. If they make wrong pronunciation, drill the words.
- Ask them to complete the sentences with the correct words.
- Make sure that they write the words correctly in the given space.
- Remind them to use full stop at the end of each sentence.

## C. Guidelines for Teaching English in Grade 1

Here some of the guidelines that the teachers need to follow to make English language teaching effective and interesting in the early grades:

- Be guided by the learning outcomes mentioned in the curriculum and teacher's guide.
- Use plenty of and variety of teaching learning materials.
- Consider the language function/s targeted by the lesson, e.g. greeting, requesting.
- Note the vocabulary items focused by the particular lesson.
- Create joyful atmosphere with fun activities.
- Make sure that all the literary skills (listening, speaking, reading, and writing) have been included in each lesson.
- Provide opportunities to talk to each other in pairs or groups or in front of the whole class.
- Praise and encourage the students for their efforts.
- Expose the students to correct pronunciation.
- Use English language but make sure that there is no communication gap during the lesson.
- Repeat the instructions and sentences several times.
- Take errors as natural outcomes in the learning process.
- Involve multiple senses of the learners.
- Introduce variety in the content, tasks and activities selected.
- Incorporate soft skill/s in the lesson.
- Encourage collaborative activities more than competitive activities.
- Allow different individual responses based on learners' own experience, opinions or imagination.

- Assess and review students' progress.
- Address the students with disabilities.
- Provide appropriate language model.

## D. Teaching Learning Activities Appropriate for Grade 1-3

Teachers can incorporate the following teaching learning activities in an English lesson:

- Look and say
- Listen and say
- Picture description
- Role play
- Rhyme/song
- Listen and act

## गणित

# मेरो गणित विषय पाठ्यक्रम र अन्य विषयको साझा सिकाइ र विषयवस्तु

## १. परिचय

हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालनार्थ आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम निर्माण गरिएको छ । एकातर्फ गणितको सबैजसो विषयहरूसँग सम्बन्धित भएको र अर्को तर्फ गणितलाई विषयवस्तुहरूलाई विशुद्ध विषयगत रूपमा भन्दा अन्य विषयहरूसँग सम्बन्धित वा एकीकृत गराएर शिक्षण गर्न सकेको खण्डमा मात्र गणितीय धारणाहरूलाई व्यावहारिक बनाउन र सिकाइलाई दैनिक जीवनसँग जोड्न सकिन्छ । तसर्थ, गणितका विषयवस्तुहरूलाई अन्य विषयहरूसँग एकीकरण गराएर शिक्षण गराउनका लागि गणितलाई अन्तरविषयक र बहुविषयक थिमहरूमा गणितका विषयवस्तुहरू समावेश गरी पाठ्यक्रम तयार गरिएको छ । साथै विषयगत रूपमा विभिन्न व्यवहारकुशल सिपहरूको पनि समावेश गरिएको छ । एकीकृत पाठ्यक्रमा रहेका विभिन्न थिमहरू तथा ती थिमहरू अन्तर्गतका अन्य विषयसँगको साझा सिकाइ र विषयवस्तुहरूका बारेमा अभिमुखीकरण हुनु आवश्यक हुन्छ । त्यसैले, गणित विषयक्षेत्रको पाठ्यक्रमको परिचय, यसको स्थान तथा अन्य विषयहरूसँगको साझा सिकाइ र थिममा आधारित एकीकृत सिकाइ सहजीकरणका लागि यो सत्र तयार गरिएको छ ।

## २. मुख्य विषयवस्तु

- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति
- उपलब्ध भएको पाठ्यक्रम कार्यान्वयन मार्गदर्शनको परिचय र प्रयोग
- विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय र प्रयोग
- शिक्षक निर्देशिकाको परिचय र प्रयोग
- एकीकृत सिकाइ सहजीकरण
- विद्यार्थी परीक्षण तथा मूल्याङ्कन र पृष्ठपोषण

## ३. विस्तृतीकरण

**(क) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति (पृ.स. ५)**

| क्र.स. | विषयसम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकाससम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकाससम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृ भाषिक सिप तथा स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप | ५ | १६० |
| | जम्मा | २६ | ८३२ |

## (ख) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति (पृ.स. १२-१४)

- गणित विषयका क्षेत्रहरू: ५ ओटा (ज्यामिति, सङ्ख्याको ज्ञान, गणितका आधारभूत क्रियाहरू, नाप र साधारण ग्राफ)
- कक्षा १–३ को गणित विषयका तहगत सक्षमताहरू : जम्मा ९ ओटा
- सिकाइ उपलब्धिहरू
  कक्षा १ : १६ ओटा
  कक्षा २ : २६ ओटा
  कक्षा ३ : ३५ ओटा

## (ग) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ मा गणितको स्थान र प्रस्तुति (पृ.स. ३५-८३)

**बहुविषयक थिम** (Multidisciplinary Theme)

| क्र.स. | गणित विषयअन्तर्गत समावेश थिमहरू | गणितमा समावेश थिमहरू समावेश अन्य विषयहरू |
|---|---|---|
| १ | म र मेरो परिवार (कक्षा १ र २) | नेपाली, अङ्ग्रेजी र हाम्रो सेरोफेरो |
| २ | मेरो दैनिक जीवन | नेपाली, अङ्ग्रेजी र हाम्रो सेरोफेरो |
| ३ | हाम्रो समुदाय | नेपाली र हाम्रो सेरोफेरो |
| ४ | हाम्रो विद्यालय (कक्षा १ र २) | नेपाली, अङ्ग्रेजी र हाम्रो सेरोफेरो |
| ५ | मेरो सिर्जना | नेपाली र हाम्रो सेरोफेरो |
| ६ | सञ्चार प्रविधि र बजार | नेपाली, अङ्ग्रेजी र हाम्रो सेरोफेरो |

**विषयक थिम** (Disciplinary Theme)

थिम ७ : सङ्ख्याको ज्ञान (क) पूर्ण सङ्ख्या (कक्षा २ र ३)

थिम ८ : गणितका आधारभूत क्रिया, जोड, घटाउ, गुणन र भाग (कक्षा २ र ३)

थिम ९ : नाप, क्षेत्रफल (कक्षा ३)

### घ) आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ को गणित विषयको पाठ्यक्रममा समावेश व्यवहारकुशल सिपहरू (पृ.स. ८५)

| मुख्य व्यवहारकुशल सिपहरू | व्यवहारकुशल सिपहरू |
|---|---|
| सोचाइ सिपहरू (Thinking Skills) | • प्रयोग सिप (S1.1) |
| | • सिकाइ सिप (S1.2) |
| | • रचनात्मक सोच सिप (S1.3) |
| | • समालोचनात्मक सोचाइ सिप (S1.4) |
| | • निर्णय तथा समस्या समाधान (S1.5) |
| अन्तरवैयक्तिक सिपहरू (Interpersonal Skills) | • सञ्चार सिप (S3.1) |
| | • सहकार्य सिप (S3.2) |
| सूचना प्रविधि तथा बहुसाक्षरता सिपहरू (Information Communication and Multi-literacy Skills) | • दृश्य साक्षरता सिप (S4.3) |
| | • सूचना साक्षरता सिप (S4.4) |

### ङ) प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ र आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा गणित

| प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ | आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६ |
|---|---|
| **नौओटा क्षेत्र**<br>• ज्यामिति<br>• सङ्ख्याको ज्ञान<br>• गणितका आधारभूत क्रियाहरू<br>• समय, मुद्रा र नापतौल<br>• भिन्न, दशमलव, प्रतिशत, ऐकिक नियम र व्याज<br>• बिल र बजेट<br>• तथ्याङ्क<br>• समूह<br>• बीजगणित | **पाँचओटा क्षेत्र**<br>• ज्यामिति<br>• सङ्ख्याको ज्ञान<br>• गणितका आधारभूत क्रियाहरू<br>• नाप<br>• साधारण ग्राफ |

## ४. प्रतिबिम्बन

- आधारभूत तह कक्षा (१-३) पाठ्यक्रममा अन्य पहिलेका र अन्य तहका पाठ्यक्रम भन्दा के कुराहरूमा फरक देखिन्छ ? समग्र कक्षामा छलफल गराउनुहोस् र निष्कर्षमा पुग्नुहोस् ।
- आधारभूत तह कक्षा (१-३) पाठ्यक्रममा भएका नयाँ विषयवस्तुहरू तथा ढाँचाहरू के के रहेका छन् ? छलफल गराउनुहोस् ।

## ५. सन्दर्भ स्रोत

- आधारभूत तह कक्षा (१-३) पाठ्यक्रम

# पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय र प्रयोग

## १. परिचय

हाल राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालनार्थ आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रम निर्माण गरिएको छ । सोही पाठ्यक्रमका आधारमा थिमअनुसार नै सिलसिलेवार रूपमा शिक्षण सिकाइ गर्न सहज होस् भनी विषयवस्तुहरूको वर्गीकरण गरी विद्यार्थी पाठ्य तथा कार्यपुस्तक तयार गरिएको छ । यसमा नवीनतम गणितीय विधि तथा ढाँचाहरूको साथमा आगमनात्मक तरिकाले विषयवस्तुहरू प्रस्तुत गरिएको छ । नयाँ बनेको र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक कार्यान्वयनका लागि गणितका विषयवस्तुहरूलाई कसरी आगमनात्मक तरिकाले दैनिक व्यवहारसँग जोडेर र अन्य विषयका सिकाइ उपलब्धिहरूसँग सकेसम्म प्रभावकारी तरिकाले सम्बन्धित गराएर सहजीकरण गर्नका लागि शिक्षक निर्देशिका तयार पारिएको छ । तसर्थ विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, शिक्षक निर्देशिकाको प्रभावकारी प्रयोगका लागि अभिमुखीकरण हुनु आवश्यक हुन्छ । त्यसैले गणित विषयक्षेत्रको पाठ्यक्रम र विद्यार्थी पाठ्य तथा कार्यपुस्तक र शिक्षक निर्देशिकाको परिचय, संरचना तथा प्रयोग तथा थिममा आधारित एकीकृत सिकाइ सहजीकरणका लागि यो मार्गदर्शन तयार गरिएको छ ।

## २. मुख्य विषयवस्तु

यस सत्रका मुख्य विषयवस्तुहरू निम्नानुसार रहेका छन् :

- पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको परिचय ।
- पाठ्यक्रम, शिक्षक निर्देशिका र विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको प्रयोग ।

## ३. विस्तृतीकरण

पाठ्यक्रम, शिक्षक निर्देशिका, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, मार्कर, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, projecter, मेटाकार्ड, आदि ।

### (क) पाठ्यक्रम


### (ख) विद्यार्थी पाठ्य तथा कार्यपुस्तक

- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गराउने गरी विषयवस्तु, क्रियाकलापहरू तथा worksheet हरू समावेश गरेर कक्षा १, २ र ३ को गणित विषयको विद्यार्थी पाठ्य तथा कार्यपुस्तक तयार गरिएको छ ।


- यो पाठ्यपुस्तक र कार्यपुस्तकको संयोजनको रूपमा रहेको छ ।

- कक्षा १, २ र ३ को गणित विषयको विद्यार्थी पाठ्य तथा कार्यपुस्तकमा विषयवस्तु र worksheet हरूको प्रस्तुति यस प्रकार रहेको छ :


**विषयवस्तसम्बन्धी धारणालाई कथा, चित्र, क्रियाकलाप आदिको माध्यमबाट प्रस्तुत गरिएको**





कक्षा १




**विषयवस्तसम्बन्धी धारणालाई कथा, चित्र, क्रियाकलाप आदिको माध्यमबाट प्रस्तुत गरिएको**




कक्षा १




## विद्यार्थी पाठ्य तथा कार्यपुस्तकको प्रयोग

- पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि हासिल गराउनका लागि थिमअनुसारका परिवेशसँगसम्बन्धित गराई तथा अन्य विषयक्षेत्रका मिल्ने विषयवस्तुसँग एकीकृत गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

- पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन तथा शिक्षक निर्देशिकामा उल्लिखित क्रियाकलाप वा सान्दर्भिक क्रियाकलाप गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

- कार्यपुस्तकमा भएका क्रियाकलाप मात्र नगराई थप क्रियाकलाप तथा अभ्यास गराउनुपर्ने छ ।


- विद्यार्थीहरूमा व्यवहारकुशल सिप विकास गर्ने गरी सक्रिय सिकाइका विधि अवलम्बन गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

- कार्यपुस्तकमा उल्लिखित निर्देशनअनुसारका क्रियाकलाप गराउनुपर्ने छ ।

## विषयवस्तु र त्यसको प्रस्तुतिमा भएको नयाँपन

- पूर्वसङ्ख्या क्रियाकलाप समावेश (कक्षा १)
- पूर्वसङ्ख्या क्रियाकलापअन्तर्गत आकारप्रकार र स्थान पाठमा भित्र र बाहिर, सानो र ठूलो, लामो र छोटो, अग्लो र होचो, तल र माथि, दायाँ र बायाँ, अगाडि, बिच र पछाडि तथा नजिक र टाढा समावेश
- Number Bond or Decomposition को अवधारणा उल्लेख (कक्षा १)
- सङ्ख्याहरूको सिङ्गो र भागबिचको सम्बन्ध (relation between whole and part) समावेश गरिएको छ ।


▶ ☐ **मा ठिक सङ्ख्याङ्क लेख्नुहोस् :**




- दश बनाएर जोड र घटाउ क्रिया समावेश (कक्षा १)
- गुणन र भागलाई कक्षा २ बाट शुरूवात
- गुणन प्रक्रियालाई व्यक्त गर्ने तरिकामा परिवर्तन

### विषयवस्तु

गुणन प्रक्रियालाई व्यक्त गर्ने तरिकामा परिवर्तन



| पहिले | अहिले |
|---|---|
| ३ + ३ = ६ | ३ + ३ = ६ |
| ३ दुई पटक (३ दुना) = ६ | २ पटक ३ (२ गुणा ३) = ६ |
| ३ x २ = ६ | २ x ३ = ६ |

- कथा, गीत, कविता, चित्र आदिबाट विषयवस्तुको प्रस्तुतीकरण
- आगमनात्मक तथा विद्यार्थीहरूले घरमा सिकेका विषयवस्तुहरूबाट गणितका पाठहरूको सुरूवात गरिएको ।

## (ग) शिक्षक निर्देशिका

- शिक्षकलाई सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्ने किसिमले विषयवस्तुहरू के के पढाउने, कसरी (कुन विधि प्रयोग गरी) पढाउने, कुन-कुन पाठमा कुन कुन शैक्षिक सामग्रीको प्रयोग गर्ने र विद्यार्थीको मूल्याङ्कन कसरी गर्ने भन्ने कुराको विस्तृत विवरण भएको शिक्षक निर्देशन पुस्तिकालाई शिक्षक निर्देशिका भनिन्छ ।
- यसलाई शिक्षकको पथप्रदर्शक र स्वप्रशिक्षकको रूपमा लिइन्छ ।
- यसमा पाठशीर्षक, पाठको उद्देश्य, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री, शिक्षकका लागि केही नमुना शिक्षण क्रियाकलाप, त्यसपाठलाई शिक्षण गर्न लाग्ने अनुमानित घण्टी, पाठ्यपुस्तकका अभ्यासका केही प्रश्नहरूको समाधान, अभ्यासका लागि थप प्रश्नहरू र थप सुझाव समेत गरिएको हुन्छ ।
- यसले वार्षिक योजना, दैनिक पाठयोजना तयार पार्न र प्रभावकारी शिक्षण गरी विद्यार्थीको उपलब्धिस्तरमा सुधार ल्याउन सहयोग गर्छ ।

### शिक्षक निर्देशिकाको ढाँचा

- परिचय
- शिक्षक निर्देशिका प्रयोग सम्बन्धमा
- क्रियाकलाप निर्धारण गर्दा ध्यान दिनुपर्ने पक्ष
- पाठ सङ्ख्या
- पाठको नाम
- परिचय
- सिकाइ उपलब्धि
- व्यवहारकुशल सिप
- शिक्षण योजना
- यस एकाइमा शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू
- घन्टी
- सिकाइ उपलब्धि
- सामग्री
- पाठ शीर्षक
- क्रियाकलाप (विद्यार्थीबाट आशातीत प्रतिक्रियासमेत)
- मूल्याङ्कन

## विषयगत रूपमा गणित विषयको सिकाइ सहजीकरण क्रियाकलाप

हालको शिक्षण तरिका →

| परिभाषा/धारणा (Definition/concept) | प्रक्रिया (Algorithm) | व्यावहारिक समस्या/सन्दर्भ (Context/Daily life problem) |
|---|---|---|
| जोड भनेको के हो ? (जोडको अर्थ) | कसरी जोड्ने ? (Process) | तपाईँसँग ३ ओटा बेलुन थियो । आमाले २ ओटा बेलुन दिनुभयो ? अब तपाईँसँग कतिओटा बेलुन भयो ? |

← अबको शिक्षण तरिका

शिक्षक निर्देशिकाको ढाँचा निम्नानुसार रहेको छ :

**पाठ १**

### आकार, प्रकार र स्थान

(क) **परिचय (Introduction)**

**"म र मेरो परिवार"** विषयक्षेत्रअन्तर्गत यस पाठमा स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, ठुलो र सानो, अग्लो र होचो, लामो र छोटो, अगाडि, पछाडि र बिच, तल र माथि, नजिक र टाढा, दायाँ र बायाँसम्बद्ध विषयवस्तुमा आधारित छ । यस पाठमा बालबालिकालाई चित्र छलफल गर्न, कविता भन्न, वस्तुको आकार प्रकार र स्थान छुट्याउन लगाएर आकार प्रकार र स्थानसँग परिचित गराउने उद्देश्य राखिएको छ ।

(ख) **सिकाइ उपलब्धि (Learning Outcomes)**

स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, अगाडि र पछाडि, तल र माथि, दायाँ, बायाँ र बिच, नजिक र टाढा छुट्याउन ।

(ग) **व्यवहार कुशल सिपः सहकार्य सिप (S3.2)**

(घ) **शिक्षण योजना : Teaching Plan**

| क्र.स. | विषयवस्तु | अनुमानित घन्टी | पाठ्य तथा कार्यपुस्तकमा सम्बन्धित पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | भित्र र बाहिर | १ | २ |
| २. | ठुलो र सानो | १ | ३ |
| ३. | अग्लो र होचो तथा लामो र छोटो | १ | ४, ५ |
| ४. | दायाँ, बायाँ र बिच तथा अगाडि र पछाडि | १ | ६, ७ |
| ५. | तल र माथि तथा नजिक र टाढा | १ | ८-१२ |

(ङ) **यस पाठको शिक्षणमा ध्यान दिनुपर्ने पक्षहरू**

- आकार प्रकार र स्थान शिक्षण गर्दा उनीहरूको दैनिक जीवन र आवश्यकतासँग सम्बन्धित गराउनुपर्छ । कविताको भाव नभई विषयवस्तुसँग सम्बन्धित गराई मनोरञ्जनबाट सिर्जनात्मक तवरले गणितीय धारणा दिनुपर्छ ।
- यस पाठको शिक्षणमा विषयवस्तुसँग सम्बन्धित भएर नापो तथा वस्तुको स्थिति कति राख्ने भन्नेबारेमा स्पष्ट हुनुपर्छ, जस्तैः शिक्षक विद्यार्थीतर्फ फर्कदा शिक्षकको दायाँ हात पक्ष विद्यार्थीको बायाँ हात पक्ष हुन्छ । त्यसैले दायाँ र बायाँ तथा अगाडि र पछाडि सिकाउँदा शिक्षक विद्यार्थी भैं नै उभिनुपर्छ ।
- सिकाइमा विद्यार्थीको सक्रिय सहभागिता बढाउनुपर्छ । तुलना गर्दा कम्तीमा दुईओटा वस्तुहरू जस्तैः डेस्क र बेन्च तथा पेन्सिल र मार्करका बिचमा तुलना गर्नुपर्छ । बालबालिकालाई परिचित वस्तुहरूसँग सम्बन्धित गराई सिकाइ गराउनुपर्छ ।

शिक्षक निर्देशिका, मेरो गणित, कक्षा १   १

- भित्र र बाहिर, अगाडि, पछाडि र बिच, तल र माथि, दायाँ र बायाँ, नजिक र टाढा यी शब्दहरूको प्रयोग अन्य विषयमा पनि प्रयोग हुने भएकाले शिक्षकले अन्य विषयसँग पनि सम्बन्धित गराई शिक्षण गर्नुपर्दछ ।
- आकार, प्रकार र स्थान, रेखाहरू तथा ज्यामितीय आकारहरू पाठमा आधारित भई सो पाठका सिकाइ उपलब्धि प्राप्तिको लेखाजोखा गर्न पाठ्य तथा कार्यपुस्तक हेरौं, मैले कति सिकेँ ? मा दिइएका वा त्यस्तै प्रश्नहरू तयार गरेर मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्छ ।

**पहिलो पिरियड : 1st period**

**सिकाइ उपलब्धि (Learning outcome)**

- स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर छुट्याउन

**शैक्षणिक सामग्री (Materials)**

- पोस्टर, पेपर, भित्र र बाहिर जनाउने तस्बिरहरू
- कक्षाकोठाभित्र र बाहिर पाइने विभिन्न ठोस वस्तुहरू

**दिइएको चित्र हेरी छलफल गरौं :**

**क्रियाकलाप : १**

- पाठ्य तथा कार्यपुस्तकको पेज न. १ को चित्र अवलोकन गराउँदै विद्यार्थीरूसँग के हाम्रो वरपर चित्रमा जस्तै देखिन्छ ? के के देखिन्छ ? के के देखिँदैन ? जस्ता प्रश्न गरी वरपरका वस्तुस्थितिबारेमा छलफल गर्नुहोस् ।

विद्यार्थीको अपेक्षित प्रतिक्रियाः यो हाम्रो गाउँ जस्तै छ । हाम्रो वरिपरि हिमाल छ । हाम्रो गाउँ अग्लो पहाडमा छ आदि ।


- चित्रमा के के देखेका छौं र कहाँ छन् भनी प्रश्न गर्नुहोस् ।
- पालैपालो सबैलाई चित्रमा देखिएका वस्तुकहाँ छन् भनी प्रश्न गर्नुहोस् ।

**क्रियाकलाप : २**

- एउटा बट्टा र वस्तुका माध्यमबाट त्यसलाई भित्र राख्ने र बाहिर वस्तुहरू निकाल्ने गरी अवलोकन गराई भित्रका वस्तु छुट्याउन लगाउनुहोस् । भित्र र बाहिरको अवधारणा दिनुहोस् ।

आकारप्रकार र स्थान   १

दिइएको चित्र हेरी छलफल गरौं :




- हामी खेल कहाँ खेल्छौं ? कस्ता खेल भित्र र कस्ता खेल बाहिर खेल्छौं ? भनी सोध्नुहोस् ।
- **विद्यार्थीको अपेक्षित प्रतिक्रियाः** डन्डीबियो बाहिर खेल्छौं, लुडो भित्र खेल्छौं आदि ।

**मूल्याङ्कन**

भित्र र बाहिर खेलिने खेलको नाम भन्न सके नसकेको यकिन गर्नुहोस् ।

**थप सुझाव**

स्थानका आधारमा वस्तुहरूलाई भित्र र बाहिर, ठुलो र सानो, अग्लो र होचो, लामो र छोटो, अगाडि र पछाडि, तल र माथि, नजिक र टाढा, दायाँ, बायाँ र बिच छुट्याउनेसम्बन्धी धारणा दिन दिइएको चित्र छलफल गराउन सकिन्छ ।

२   शिक्षक निर्देशिका, मेरो गणित, कक्षा १

## शिक्षक निर्देशिकाको प्रयोग

- पाठको पूर्व तयारी गर्न
- विभिन्न शैक्षणिक योजनाहरू (वार्षिक, एकाइ, पाठयोजना) निर्माण गर्न

- शैक्षिक सामग्रीको छनोट र प्रयोग गर्न
- उपयुक्त शिक्षण विधिको प्रयोग गर्न
- शिक्षण सिकाइ क्रियाकलापहरूको तयारी र सञ्चालन गर्न
- मूल्याङ्कनमा उपयुक्त विधि, प्रविधिहरूको छनोट निर्माण र प्रयोग गरी सिकारू मूल्याङ्कन गर्न

### गणित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन

**एकीकरणको अवधारणाअनुसार**

- विषयक्षेत्र (Theme) सँग सम्बन्धित गराएर
- अन्य विषयसँग सम्बन्धित गराएर

**विद्यार्थीहरूको बहुबौद्धिकता, रूचिअनुसार प्रयोग गर्न सकिने तथा व्यवहारकुशल सिप विकास गर्नका लागि शिक्षणका विधिहरू**

- गीत/कविता/कथा सुनाउने
- नमुना निर्माण र प्रदर्शन
- चित्र/भिडियो देखाउने
- शारीरिक क्रियाकलापहरूका माध्यमबाट
- प्रश्नोत्तर
- समूह कार्य
- अभिनय आदि ।

## ४. प्रतिबिम्बन

एकीकृत पाठ्यक्रम (१–३), पाठ्य वा कार्यपुस्तक र शिक्षक निर्देशिकामा अन्य भएका फरक तथा व्यावहारिक विषयवस्तुहरू के के हुन् ? सूची तयार पार्नुहोस् ।

## ५. सन्दर्भ स्रोत

- पाठ्यक्रम
- पाठ्य वा कार्यपुस्तक
- शिक्षक निर्देशिका

# आधारभूत तह (१–३) पाठ्यक्रमले तय गरेका विधिहरू, सामग्रीहरू र नमुना पाठ

## १. परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमअनुसार आधारभूत तह कक्षा १-३ मा एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख छ । नयाँ बनेको पाठ्यक्रमअनुसार गणित विषयको विषयवस्तुलाई बहुविषयक र विषयक ढाँचामा विभिन्न थिमहरूमा एकीकृत गरिएको छ । पाठ्यक्रमको मर्मअनुसार एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरण योजना निर्माण गरी सिकाइका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ ।

विद्यार्थीकेन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई अन्तरसम्बन्धित गर्न सहज हुने, बालबालिकाहरूले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने हुन्छ । तसर्थ, विषेशगरी गणित शिक्षणका लागि उपयोगी विधिहरू तथा सामग्रीहरूको बारेमा जानकारी पाउनु नितान्त आवश्यक देखिन्छ । यसका साथमा गणितका विषयवस्तुहरूलाई अन्य विषयसँग एकीकृत गरी कुन कुन विधि र सामग्रीहरू प्रयोग गरी नमुना पाठहरू निर्माण गर्न र प्रस्तुत गर्नका लागि सजिलो होस् भनी यो मार्गदर्शन तयार गरिएको छ ।

## २. मुख्य विषयवस्तु

- आधारभूत तह पाठ्यक्रम (१–३) एकीकृत पाठ्यक्रममा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने क्रियाकलापका लागि सम्भाव्य शिक्षण सिकाइ विधिहरूको पहिचान र प्रयोग
- गणित शिक्षण सिकाइका लागि सहयोग पुऱ्याउने शिक्षण सिकाइ सामग्रीहरूको पहिचान र प्रयोग
- आधारभूत तह पाठ्यक्रम (१–३) एकीकृत पाठ्यक्रममा आधारित विधि तथा सामग्रीहरू प्रयोग गरी लघु नमुना पाठ

### क) पाठ्यक्रमले तय गरेका विधिहरू

आधारभूत तह (कक्षा १–३) को पाठ्यक्रमको पृष्ठ सङ्ख्या ८८र ८९ मा निम्नलिखित विधिहरू उल्लेख गरिएको छ :

१. **कथाकथन एवम् गीत** : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ । जस्तै :

"ओहो ! बाटो कस्तो फोहोर भएछ । बाटोमा कागज, प्लास्टिक आदि फालिएको रहेछ अनि बाटोको छेउमा झारपात पनि बढेछ ।" हजुरबाले यस विषयमा छिमेकी काकाकाकीहरूसँग कुरा गर्दै हुनुहुन्थ्यो । "त्यसैले बाटो सफा गर्नुपर्ने भयो", छिमेकी काकाले थप्नुभयो । शनिबारको दिन बाटो सफा गर्ने कुरा सहमत भयो ।

शनिबार सबैजना चौतारीमा भेला भए । बाटोलाई समूहलाई बाँडेर सफा गर्ने टुङ्गो लाग्यो । माथिल्लो आधा भाग माथिल्लो टोलले सफा गर्ने भयो । बाँकी आधा भाग तल्लो टोलको भागमा पर्‍यो । माथिल्लो बाटोको तीन चौथाइ भाग हाम्रो भागमा पर्‍यो । बाँकी एक चौथाइ भाग पल्लो घरको भागमा । सोहिअनुसार सबै मिलेर बाटो सफा गर्‍यौं । त्यस्तै तल्लो टोलमा तीन घरले बराबर भागमा बाँडे । प्रत्येक तीनै घरले एक तिहाइ भाग सफा गरे । यसरी सबै मिलेर पूरा बाटो सफा भयो ।

२. **आगमन विधि** : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ । यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

- दुई जनाको समूहमा काम गराउने
- सबैलाई अलग अलग केही सिन्काहरू तथा ढुङ्गाका टुक्राहरू सङ्कलन गर्न लगाउने
- ती वस्तुहरूलाई अलग अलग गन्न र कतिओटा भए टिपोट गर्न लगाउने
- समूहमा दुइजनाले सङ्कलन गरेका वस्तुहरू मिसाउन लगाउने र गन्न लगाउने र कतिओटा भयो टिपोट गर्न लगाउने

  उदाहरण : पहिलो साथीले जम्मा गरेको वस्तुको सङ्ख्या : १२

  दोस्रो साथीले जम्मा गरेको सङ्ख्या : ११

  दुवैले सङ्कलन गरेको वस्तुहरूको सङ्ख्या : २३
- पहिलो साथीले जम्मा गरेको वस्तुको सङ्ख्या : दोस्रो साथीले जम्मा गरेको सङ्ख्या : जम्मा संकलित वस्तुहरूको सङ्ख्या


३. **भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका निर्वाह, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

४. निर्माणात्मक कक्षा : यस विधिमा मस्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

५. सहयोगात्मक कक्षा : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

यस विधिमा मस्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।

- दुई,तीन, चार........ जनाको समूहमा काम गराउने ।
- प्रत्येक समूहलाई फरक फरक तथा समूहका सदस्यहरूलाई एउटै र बराबर सङ्ख्यामा सिन्काहरू तथा ढुङ्गाका टुक्राहरू सङ्कलन गर्न लगाउने ।
- ति वस्तुहरूलाई अलग अलग गन्न र कतिओटा भए टिपोट गर्न लगाउने ।
- समूहमा सदस्यहरूले सङ्कलन गरेका वस्तुहरू मिसाउन लगाउने र गन्न लगाउने । र कतिओटा भयो टिपोट गर्न लगाउने
- जस्तै : एउटा समूहमा सबैले ६ र ६ ओटा सिन्काहरू जम्मा पारे र समूहमा ५ जना साथीहरू भएमा



६ + ६ + ६ + ६ + ६ = ३०

- ५ पटक ६ लाई जोड्दा ३० भयो । अतः ५× ६ = ३०
- अन्त्यमा सबै समूहको कार्यलाई कक्षामा प्रस्तुत गर्न लगाउने

६. **परियोजना कार्य** : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

७. **छलफल र प्रश्नोत्तर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थीबिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसैगरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, त्यसपछि कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्नेर अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

८. **अन्वेषण, अनुसन्धान तथा खोज** : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

९. **प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

१०. **सिर्जनात्मक कार्य** : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

११. **समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

१२. **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

१३. **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

१४. **भ्रमण** : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेकोकुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

१५. **प्रदर्शन विधि** : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ । चित्र/भिडियो देखाउने ।

१६. **स्वाध्ययन तथा छलफल** : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

१७. **अन्तरक्रिया** : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

१८. **उदाहरण र प्रयोग** : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ ।

१९. **श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत्समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ ।

२०. **नमुना चित्रण विधि निर्माण र प्रदर्शन**

## (ख) विषय क्षेत्रका आधारमा केही शैक्षणिक सामग्रीहरूको सूची

एकीकृत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न र गणितीय विषयवस्तुहरूलाई समय सापेक्ष बनाउनका लागि थिम अनुसारका विषयवस्तुहरू अध्यापन गराउन सकेसम्म स्थानिय तहमा उपलब्ध हुने तथा स्थानीय श्रोतबाट सङ्कलन गर्न सकिने सामग्रीहरूको प्रयोग गर्नु पर्छ । अझ विषयगत रूपमा एकीकृत पाठ्यक्रममा विषयवस्तुहरू शिक्षण गर्न सबै विषयहरूका लागि साझा सामग्रीहरू छनौट निर्माण तथा सङ्कलन गर्नु उपयुक्त हुन्छ । गणितका विषय क्षेत्रका आधारमा केही शैक्षणिक सामग्रीहरूको सूची निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | क्षेत्र | शैक्षणिक सामग्रीहरू |
|---|---|---|
| १ | ज्यामिति | • धागो, जुस पाइप, सिन्काहरू, गहुँको छ्वाली, मेकानो स्ट्रिप, तारहरू र तारबाट बनाउन सकिने विभिन्न कोणहरूको नमुना<br>• जियोबोर्ड, ट्यानग्राम<br>• चुरा, वृत्तबोर्ड, विभिन्न स्थानीय ठोस वस्तुहरू<br>• भाँडावर्तन, काठका टुक्राहरू, साबुन, ढुङ्गाहरू |
| २ | सङ्ख्याको ज्ञान (पूर्ण सङ्ख्या) | • सिन्काहरू, तारहरू, ढुङ्गाहरू अङ्क पत्तीहरू,<br>• अङ्कचार्ट, गुणनचार्ट, विभिन्न गणना गर्न मिल्ने वस्तुहरू भएका चार्टहरू<br>• छाया पार्न प्रयोग गर्न सक्ने पारदर्शक कागजहरू, ग्राफ पेपरहरू, काटेर टुक्रा पार्न सकिने वस्तुहरू, वृत्तबोर्ड, जियोबोर्ड<br>• दश आधार ठोसहरू (Base ten blocks) |
| ३ | गणितका आधारभूत क्रियाहरू (जोड, घटाउ, गुणन र भाग) | • छ्वाली, सिन्का, काठका टुक्राहरू, गोजी तालिका<br>• गुणन चार्ट<br>• दशआधार ठोसहरू (Base ten blocks) |
| ४ | नाप (समय, मुद्रा, दूरी, तौल, क्षमता, क्षेत्रफल, आयतन) | • घडी, सिक्का र नोटहरू, रूलर, फित्ता, लट्ठी, तराजु, ग्राफ पेपरहरू, जियोबोर्ड, घनाकार वस्तु, षड्मुखा, विभिन्न क्षमताका भाँडाहरू |
| ५ | साधारण ग्राफ | • सिन्काहरू, ग्राफबोर्ड, रङ्गीन पेपरहरू, जियोबोर्ड |

उल्लिखित विधि तथा सामग्रीहरू उदाहरणका रूपमा वा सामान्य पथप्रदर्शनका रूपमा मात्र प्रस्तुत गरिएको हो । परिस्थितिअनुसार उपयुक्त उपायहरू अपनाई शिक्षणसिकाइ क्रियाकलापलाई अझ प्रभावकारी बनाउनु आवश्यक हुन्छ ।

## (ग) नमुना पाठ निर्माण तथा प्रस्तुति

कक्षा : १ | थिमः मेरो समुदाय | समय : ३५ मिनेट
पाठ : जोड | शीर्षक : योगफल २० सम्म आउने जोड

### सिकाइ उपलब्धि :

यस सत्रको अन्त्यमा विद्यार्थीहरू योगफल २० सम्म आउने गणितीय समस्याहरू समाधान गर्न सक्षम हुने छन् ।

### व्यवहारकुशल सिपहरू

प्रयोग सिप, सिकाए सिप रचनात्मक सोचाइ सिप, समालोचनात्मक सोचाइ सिप, समस्या समाधान सिप,सञ्चार र सहकार्य सिप

### अन्तरविषयक सिकाइ उपलब्धिहरू :

- साथी वा परिवारलाई आवश्यक सहयोग गर्न र लिन
- समूहमा खेलीने विभिन्न खेलहरू खेल्न
- विभिन्न चिह्नहरूको प्रयोग गरी मौखिक अभिव्यक्ति दिन

### आवश्यक सामग्रीहरू :

सिन्का वा गिटीका टुक्राहरू, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक, मार्कर, सङ्ख्या पत्तीहरू, साइनपेन, न्युजप्रिन्ट पेपर, मेटाकार्ड, पारदर्शी कागज

### सहजीकरण क्रियाकलापहरू :

### क्रियाकलाप १ — १५ मिनेट

(क) सबैलाई एक एकओटा आफ्नो आफ्नो घर परिवारमा जम्मा कति जना हुनुहुन्छ ? सबैलाई आफ्नो मेटाकार्डमा लेख्न लगाउनुहोस् ।

(ख) सबैलाई आफ्नो परिवारको सङ्ख्या बराबरका रेखाहरू मेटाकार्डमा कोर्न लगाउनुहोस् ।

(ग) आफ्नो परिवारका सङ्ख्या बराबरका गिटीका टुक्राहरू सङ्कलन गर्न लगाउनुहोस् ।

(घ) अब आफ्नो बायाँतिरको साथीले सङ्कलन गरेका टुक्राहरू मिसाएर गणना गर्न लगाउनुहोस् ।

(ङ) जम्मा कतिओटा भए ? उक्त सङ्ख्या बराबरका धर्काहरू तस्रो मेटाकार्डमा खिच्न लगाउनुहोस् ।

जस्तै :



९ + ६ = १५

(च) अन्त्यमा माथिका दुई सङ्ख्याहरूको जोडलाई गणितीय रूपमा निम्नानुसार व्यक्त गर्न लगाउनुहोस् :

९ + ६ = १५

### क्रियाकलाप २ — १५ मिनेट

(क) दुई वा तीन तीन जनाको जनाको समूहहरूमा बस्न लगाउनुहोस् ।


(ख) प्रत्येकलाई 0 देखि ९ सम्म अंकित सङ्ख्या पत्तीहरूको गड्डीबाट एक एकओटा सङ्ख्या पत्ती नहेरीकन थुत्न लगाउनुहोस् ।

(ग) प्रत्येक समूहका सदस्यहरूले प्राप्त गरेका सङ्ख्या बराबरका सिन्काहरू जम्मा गर्न लगाउनुहोस् ।

(घ) आफ्नो समूहका सदस्यहरू सबैले सङ्कलन गरेका सिन्काहरू मिसाएर गणना गर्न लगाउनुहोस् ।

(ङ) जम्मा कतिओटा भए ? गणना गरी लेख्न लगाउनुहोस् र न्युज प्रिन्टमा लेख्न लगाउनुहोस् ।

जस्तै : तीन जना भएको समूह एकको प्रस्तुति निम्नानुसार हुने भयो :




५ + ६ + ४ = १५

(च) समूहका सदस्यहरूको समूह कार्यका लागि सहभागिता र अन्त्यमा समूहको प्रस्तुतिहरूबाट अन्य विषयसँगको एकीकृत स्वरूपको बारेमा छलफल गराउनुहोस् ।

(छ) सबै समूहले प्रस्तुत गरिसकेपछि अन्य विषयका सिकाइ उपलब्धिहरू के कति हासिल भए प्रशिक्षकबाट सारांशसहित निष्कर्ष बताइदिनुहोस् ।

(क) क्रियाकलापहरूमा विषयगत रूपमा समूहका कार्य गर्दा जस्तै सङ्कलन तथा गणनामा एक साथीले अर्कोलाई सहयोग गर्ने कार्यबाट सेरोफेरोको विषयवस्तुको बारेमा जानकारी दिने

(ख) त्यस्तै दोस्रो क्रियाकलापमा समूहमा सङ्ख्या खेल खेल्न र तिनीहरूका विभिन्न नियमहरूका बारेमा जानकारी लिन तथा समूहमा खेलाउने

(ग) त्यस्तै समूहले तयार पारेका नतिजाहरूको मौखिक तथा लिखित प्रस्तुतिबाट भाषिक सिपको विकास गराउने ५ मिनेट

## ४. प्रतिबिम्बन ५ मिनेट

सहभागीहरूसँग विभिन्न विधि तथा सामग्रीहरूको प्रयोग गरी कसरी एकीकृत शिक्षण सिकाइ गर्न सकिन्छ भन्नेकुरामा छलफल गराउनुहोस् ।

## ५. सन्दर्भ स्रोत

- पाठ्यक्रम
- पाठ्य तथा कार्यपुस्तक
- शिक्षक निर्देशिका

# एकीकृत सिकाइ सहजीकरण योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप निर्माण र सञ्चालन तथा सूक्ष्म शिक्षण

## १. परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तथा आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रमअनुसार आधारभूत तह (कक्षा १-३) मा एकीकृत रूपमा सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने उल्लेख छ । नयाँ बनेको पाठ्यक्रमअनुसार गणित विषयको विषयवस्तुलाई बहुविषयक र विषयक ढाँचामा विभिन्न थिमहरूमा एकीकृत गरिएको छ । पाठ्यक्रमको मर्मअनुसार एकीकृत सिकाइ सहजीकरण सञ्चालन गर्नका लागि शिक्षकहरूमा एकीकृत सिकाइ सहजीकरण योजना निर्माण गरी सिकाइका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक हुन्छ । त्यसका लागि पाठ्यक्रमअनुसार एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण गरी सूक्ष्म शिक्षण गर्नका लगि यो सेसन मार्गदर्शन तयार गरिएको छ ।

## २. मुख्य विषयवस्तुहरू

(क) गणितका विषयवस्तुलाई अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि योजना निर्माण

(ख) एकीकृत सिकाइ सहजीकरणका लागि लघु शिक्षण नमुना

## ३. विस्तृतीकरण

(क) सहभागीहरूलाई चारओटा समूहमा विभाजन गर्नुहोस् र प्रत्येक समूहलाई तलकामध्ये एक एकओटा विषयवस्तु उपलब्ध गराउनुहोस् :

| समूहहरू | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| विषयवस्तु | ज्यामिती शिक्षण | गुणन शिक्षण | भाग शिक्षण | क्षमता शिक्षण |

- प्रत्येक समूहलाई पाठ्यक्रम, पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन, शिक्षक निर्देशिका, विद्यार्थी पाठ्य तथा कार्यपुस्तक अध्ययन गरेर र समूहमा छलफल गरेर अन्य विषयका मिल्दा विषयवस्तुसँग एकीकृत गराई तथा थिमसँग आबद्ध गराई निर्धारित व्यवहारकुशल सिप विकास गर्ने गरी एकीकृत सिकाइ सहजीकरणका लागि १५ मिनेटको लघु शिक्षणका लागि योजना निर्माण गर्न लगाउनुहोस् ।

- सहजकर्ताले आवश्यकताअनुसार सहयोगमा लघु शिक्षणका लागि चाहिने आवश्यक सामग्री तयार गर्न लगाउनुहोस् ।
- सबै समूहले आफ्नो लघु योजनाको अन्तिम रूप भए नभएको अवलोकन गर्नुहोस् र अन्तिम रूप दिन सहयोग गर्नुहोस् ।
- प्रत्येक समूहले आफ्नो समूहमा छलफल गरेर तयार गरेको सिकाइ सहजीकरण योजनाअनुसार पन्ध्र मिनेट सिकाइ क्रियाकलाप सञ्चालन गर्न लगाउनुहोस् । ६0 मिनेट
- रचनात्मक पृष्ठपोषण निम्नानुसारको तालिका बमोजिम हुनेछ :

| प्रस्तुति गर्ने समूह | पृष्ठपोषण प्रदान गर्ने समूह |
|---|---|
| समूह १ | समूह २ |
| समूह २ | समूह ३ |
| समूह ३ | समूह ४ |
| समूह ४ | समूह १ |

**पृष्ठपोषण प्रदान गर्दा निम्न कुराहरूमा ध्यान दिनुहोस् :**

(क) सकारात्मक पक्षबाट सुरू गर्न लगाउनुहोस् ।

(ख) सकेसम्म उत्प्रेरणा तथा पुनर्वलन पुग्ने खालका पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् ।

(ग) सकेसम्म नकारात्मक किसिमका शब्दावलीहरूको प्रयोगलाई निरूत्साहित गर्नुहोस् ।

(घ) रचनात्मक पृष्ठपोषण प्रदान गर्दा यदि म भएको भए....... को ढाँचा प्रयोग गर्नुहोस् ।

- सहभागीलाई सिकाइ सहजीकरण क्रियाकलापको मूल्याङ्कन गरी पाठपत्रमा उल्लिखित सहपाठी कक्षा शिक्षण अवलोकन फाराममा टिपोट गर्न लगाउनुहोस् ।
- समूह १ को सिकाइ सहजीकरणपश्चात् समूह २ का सहभागीहरूबाट समूह १ लाई पृष्ठपोषण प्रदान गर्न लगाउनुहोस् । त्यसैगरी अन्य समूहको रचनात्मक पृष्ठपोषण प्रदान गर्ने मुख्य जिम्मेवारी दिनुहोस् । यसका साथै अन्य सहभागी र प्रशिक्षकबाट पृष्ठपोषण प्रदान गर्नुहोस् र गर्न लगाउनुहोस् ।

## ४. मूल्याङ्कन

- समूह कार्यमा सहभागिताको आधारमा मूल्याङ्कन गर्नुहोस् ।
- सहपाठी कक्षा शिक्षणअवलोकन फाराम प्रयोग गरी मूल्याङ्कन गर्नुहोस् ।

# हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइ र विषयवस्तु

## १. परिचय

हाम्रो सेरोफेरो विषय क्षेत्रको पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रूचि जगाई आफू वरपर रहेको वातावरणसँग घुलमिल हुन सक्ने क्षमताको विकास गर्ने कुरामा जोड दिएको छ । बालबालिकामा वैज्ञानिक सोचको विकास गराई आफू वरिपरि रहेको वातावरणको सरसफाइ र संरक्षण एवम् स्वास्थ्यप्रति सचेत बनाउने कुरालाई मुख्य रूपमा जोड दिइएको देखिन्छ । कला र सङ्गीतप्रति रूचि जगाई बालबालिकामा सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको देखिन्छ । यस पाठ्यक्रमले सहभागितात्मक तथा क्रियाकलापमुखी शिक्षण सिकाइलाई जोड दिँदै विद्यार्थीहरूलाई सिर्जनशील तथा खोजउन्मुख बनाई दैनिक समस्या समाधानका सिप विकासमा सहयोग गर्ने लक्ष्य लिएको छ ।

हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्यक्रममा मूलतः सामाजिक अध्ययन, चारित्रिक विकास, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक र सिर्जनात्मक कला जस्ता सिकाइका क्षेत्रहरूका विषयवस्तुलाई एकीकृत गरिएको छ । यस ढाँचामा एकीकृत गर्दा केही विषयक्षेत्र सबै विषयमा अन्तरसम्बन्धित हुने, केही दुई वा दुईभन्दा बढी विषयमा अन्तरसम्बन्धित हुने र केही कुनै एक विषयसँग मात्र अन्तरसम्बन्धित हुने गरी विषयक्षेत्रहरू व्यवस्थित गरिएका छन् । यी विषयहरूलाई अन्तरविषयक ढाँचामा एकीकरण गरिएको छ । हाम्रो सेरोफेरो विषय क्षेत्रको तहगत सक्षमताहरू जम्मा १९ ओटा रहेका छन् । यो विषयको पठनपाठनका लागि कक्षा १, २ र ३ प्रत्येकमा पाठ्यभार ८ र वार्षिक कार्यघण्टा २५६ छुट्याइएको छ ।

## २. मुख्य विषयवस्तु

(क) हाम्रो सेरोफेरो विषय र अन्य विषयको साझा सिकाईका विषयवस्तुहरूको पहिचान

(ख) हाम्रो सेरोफेरो विषयको विषयक्षेत्रमा समावेश भएका पाठ र अन्तरसम्बन्धित विषयहरू

## ३. विस्तृतीकरण

### (क) हाम्रो सेरोफेरो विषय र अन्य विषयको साझा सिकाइ विषयवस्तुहरूको पहिचान

हाम्रो सेरोफेरो विषयअन्तर्गत १० ओटा थिमहरू रहेका छन् । ती निम्नअनुसारका छन् :

१. म र मेरो परिवार
२. हाम्रो दैनिकी
३. हाम्रो समुदाय
४. हाम्रो विद्यालय
५. हाम्रा वरपरका जीवजन्तु
६. हाम्रो वातावरण
७. हाम्रो सिर्जना
८. हाम्रा संस्कृति
९. सञ्चार प्रविधि र बजार
१०. हाम्रो वरपरको संसार

बहुविषयक थिमहरू र थिम एकीकृत गरिएका विषयहरू तल तालिकामा प्रस्तुत गरिएका छन् ।

| क्र.सं. | बहुविषयक थिम | थिम एकीकृत गरिएका विषयहरू |
|---|---|---|
| १. | म र मेरो परिवार | हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी |
| २. | मेरो दैनिकी | हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी |
| ३. | हाम्रो समुदाय | हाम्रो सेरोफेरो, गणित, नेपाली |
| ४. | हाम्रो विद्यालय | हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी |
| ५. | हाम्रो वातावरण | हाम्रो सेरोफेरो, नेपाली, अङ्ग्रेजी |
| ६. | हाम्रो सिर्जना | हाम्रो सेरोफेरो, गणित, नेपाली |
| ७. | हाम्रो संस्कृति | हाम्रो सेरोफेरो, नेपाली, अङ्ग्रेजी |
| ८. | सञ्चार, प्रविधि र बजार | हाम्रो सेरोफेरो, गणित, नेपाली, अङ्ग्रेजी |
| ९. | हाम्रो वरपरको संसार | हाम्रो सेरोफेरो, नेपाली |

## २. हाम्रो सेरोफेरो विषयको विषयक्षेत्रमा समावेश भएको पाठ र अन्तरसम्बन्धित विषयहरू

हाम्रो सेरोफेरो विषयका कक्षा १, २ र ३ का पाठहरू दुई वा दुईभन्दा बढी विषयसँग अन्तरसम्बन्धित हुने गरी एकीकृत गरिएका छन् । अन्तरविषयक एकीकरण गर्ने उद्देश्यले पाठ्यक्रमले विभिन्न विषयका मिल्दा विषयवस्तुहरूलाई समान विषय क्षेत्रमा समेटेको छ । हाम्रो सेरोफेरो विषयको १० ओटा थिमअन्तर्गत अन्तरविषयक विषयवस्तुको सहजीकरण गर्ने क्रममा एकीकृत योजना तयार गरी सिकाइ क्रियाकलाप गर्नुपर्ने हुन्छ । सहजीकरणको प्रक्रियामा हाम्रो सेरोफेरो विषयलाई निम्नअनुसार एकीकरण गर्न सकिन्छ ।

- यस विषयको विषयवस्तुको सहजीकरण गर्दा गीत, कविता, कथा, संवाद, अनुच्छेद बाचन, शब्द सञ्जाललगायतका विधि तथा रणनीतिहरूको अवलम्बन गर्नाको साथै भाषिक कार्य र सिप विकासमा पनि ध्यान दिनुपर्छ ।
- ज्यामितीय आकृति, साइज, ठूलो, सानो, भित्र, बाहिर, मुद्रा किनमेल, आम्दानी, खर्च, उमेर, सङ्ख्या, मापन, चित्र ग्राफ लगायतका गणितीय धारणालाई मिल्दो पाठसँगसँगै सहजीकरण गर्नुपर्नेछ ।
- कुनै पाठमा प्रस्तावित शारीरिक र सिर्जनात्मक कला विषय सम्बद्ध क्रियाकलापहरू अनुकलन हेरी अन्य विषयवस्तुमा पनि प्रयोग गर्न सकिने छ ।

यहाँ नमुनाको लागि कक्षा १ को नौ ओटा थिमको एक एकओटा पाठ र त्यो पाठसँग अन्तरसम्बन्धित विषयहरू प्रस्तुत गरिएका छन् ।

यस्तै गरी कक्षा २ र ३ को पनि अन्तरसम्बन्धित विषयहरू छुट्याएर एकीकृत योजना तयार गरी सिकाइ क्रियाकलाप गर्न सकिन्छ ।

| थिम | पाठ | अन्तरसम्बन्धित विषयहरू |
|---|---|---|
| म र मेरो परिवार | हाम्रो परिचय | सामाजिक, अङ्ग्रेजी, नेपाली, शारीरिक र सिर्जनात्मक कला |
| हाम्रो दैनिकी | हाम्रो शरीर | विज्ञान स्वास्थ्य तथा वातावरण, सिर्जनात्मक कला, अङ्ग्रेजी, नेपाली |
| हाम्रो समुदाय | सन्चो बिसन्चो | सामाजिक, स्वास्थ्य तथा वातावरण, सिर्जनात्मक कला |
| हामो विद्यालय | हाम्रो सुरक्षा | विज्ञान, स्वास्थ्य तथा शारीरिक, सामाजिक |
| हाम्रो वातावरण | सरसफाइ | सामाजिक, विज्ञान, स्वास्थ्य, सिर्जनात्मक कला |
| हाम्रो सिर्जना | हाम्रो घर | सामाजिक, गणित, सिर्जनात्मक कला |
| हाम्रो संस्कृति | हाम्रो चाडपर्व | सामाजिक, सिर्जनात्मक कला |
| सञ्चार प्रविधि र बजार | कुराकानी र जानकारी | विज्ञान, सामाजिक, अङ्ग्रेजी |
| हाम्रो वरपरको संसार | मौसम | सामाजिक, विज्ञान तथा वातावरण, अङ्ग्रेजी |

## ४. प्रतिबिम्बन

सहभागीहरूलाई प्रतिबिम्बनका लागि यि र यस्तै हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइ र विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू सोध्न सकिनेछ ।

(क) हाम्रो सेरोफेरो विषयको हाम्रो दैनिकी विषयक्षेत्रको कुन कुन पाठमा कुन कन विषय सम्बन्धित छ ?

(ख) हाम्रो सेरोफेरो विषय क्षेत्रअन्तर्गत यस अघिका कुन कुन विषयहरू समावेश गरिएका छन् ?

(ग) हाम्रो सेरोफेरोका विषयहरूलाई कुन ढाँचामा एकीकरण गरिएको छ ?

(घ) हाम्रो सेरोफेरो हाम्रो समुदाय थिमअन्तर्गत जनावर भन्ने पाठका अन्तरसम्बन्धित विषयहरू के के हुन् ?

## ५. सन्दर्भ स्रोत

(क) आधारभूत तह १-३ को पाठ्यक्रम पाविके, २०७७

(ख) विद्यार्थी कार्यपुस्तक (हाम्रो सेरोफेरो कक्षा १, २ र ३) पाविके, २०७६

(ग) पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो कक्षा १, २ र ३) पाविके, २०७७

(घ) शिक्षक निर्देशिका हाम्रो सेरोफेरो कक्षा १, पाविके, २०७७

# पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक, मार्गदर्शन र शिक्षक निर्देशिकाबिचको सम्बन्ध

## १. परिचय

आधारभूत तह कक्षा १, २ र ३ मा एकीकृत पाठ्यक्रममा आधारित शिक्षण सिकाइ कार्यलाई कार्यान्वयन गर्नका लागि एकीकृत पाठ्यक्रम निर्माण भएको छ । सो पाठ्यक्रमअनुसार चारओटा विषय क्षेत्रमध्ये हाम्रो सेरोफेरो विषय पनि एक हो । हाम्रो सेरोफेरो पाठ्यक्रम कार्यान्वयन गन विद्यार्थीका लागि विद्यार्थी कार्यपुस्तक र शिक्षकका लागि शिक्षक निर्देशिका एवम् मार्गदर्शन तयार भएको छ ।

परम्परागत रूपमा प्रचलित पाठ्यपुस्तक अध्यापन गर्ने पद्धतिबाट अलिक माथि उठेर कक्षा क्रियाकलापमा आधारित शिक्षण सिकाइ कार्यलाई प्रोत्साहित गर्न कार्यपुस्तकलाई बढी क्रियाकलापमुखी, चित्रात्मक र कम विषयवस्तु भएको विद्यार्थीले गरेर सिक्नुपर्ने गरी तयार गरिएको छ । त्यसैले विद्यार्थी कार्यपुस्तकमा दिइएको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न अनिवार्यरूपमा मार्गदर्शन र शिक्षक निर्देशिका अध्ययन गर्नुपर्ने अवस्था छ । शिक्षक निर्देशिका र मार्गदर्शनमा कार्यपुस्तकसँग सम्बन्धित क्रियाकलाप कसरी गराउने भन्ने विस्तृत रूपमा दिइएकोले शिक्षकले प्रत्येक कक्षामा ती सामग्री सँगै राखेर मात्र पाठ योजना बनाउन वा कक्षा क्रियाकलाप सञ्चालन गर्न सम्भव हुन्छ ।

## २. मुख्य विषयवस्तु

एकीकृत पाठ्यक्रम (आधारभूत तह कक्षा १-३), विद्यार्थी कार्यपुस्तक (आधारभूत तह कक्षा १-३), मार्गदर्शन र शिक्षक निर्देशिका (आधारभूत तह कक्षा १-३) बिचको सम्बन्ध

## ३. विस्तृतीकरण

- शिक्षकले कक्षामा के सिकाउने, किन सिकाउने, कसरी सिकाउने भन्ने शिक्षण सिकाइको विस्तृत दस्तावेज नै पाठ्यक्रम हो । पाठ्यक्रमकै आधारमा विद्यार्थी कार्यपुस्तक, शिक्षक निर्देशिका र मार्गदर्शनको निर्माण गरिन्छ । त्यसैले पाठ्यक्रम मूल आधार हो । आधारभूत तहको कक्षा १-३ पाठ्यक्रममा मुख्य चारओटा विषयक्षेत्रअन्तर्गत हाम्रो सेरोफेरो विषय पनि समावेश गरिएको छ । हाम्रो सेरोफेरो विषयअन्तर्गत सामाजिक अध्ययन, विज्ञान, सिर्जनात्मक कला, स्वस्थ्य, शारीरिक, वातावरण गरी छओटा विषय समेटिएका छन् । एकीकृत पाठ्यक्रमका विभिन्न विषयक्षेत्रमध्ये अधिकांश विषयक्षेत्र एकीकृत पाठ्यक्रमका विषयसँग सम्बन्धित छन् । केही विषयक्षेत्र भने एउटै विषयसँग मात्र सम्बन्धित छन् ।

- विद्यार्थी कार्यपुस्तक विद्यार्थीको लागि तयार पारिएको सामग्री हो । हाम्रो सेरोफेरो विषयको कार्यपुस्तकमा यसमा बढीभन्दा बढी चित्र र बालमैत्री विषयवस्तु तथा क्रियाकलापहरू समावेश गरिएको छ । कतिपय क्रियाकलापहरू विद्यार्थीले पढेर आफैँ गर्न सकिने खालका छन् भने अधिकांश क्रियाकलापहरू शिक्षकको निर्देशनमा गर्नुपर्ने हुन्छ । कक्षा एक, दुई र तीनका बालबालिकाहरूलाई शिक्षकको सहजीकरण आवश्यक हुने हुनाले ती क्रियाकलाप कसरी सञ्चालन गर्ने भन्ने कुरा मार्गदर्शन र शिक्षक निर्देशिकामा विस्तृत रूपमा दिइएको छ । त्यसैले शिक्षकले आफ्नो पाठयोजना तयार पार्दा शिक्षक निर्देशिका वा मार्गदर्शन, विद्यार्थी कार्यपुस्तक र पाठ्यक्रम अनिवार्य रूपमा हेर्नु आवश्यक छ ।

- शिक्षक निर्देशिका र मार्गदर्शन शिक्षकका लागि सिकाइ सहजीकरण गर्न सहज होस् भन्ने हेतुले तयार पारिएको सामग्री हो । यसमा पाठ्यक्रमले अपेक्षा गरेको सक्षमता र सिकाइ उपलब्धि हासिल गर्नका लागि के कस्ता सिकाइ सहजीकरण क्रियाकलापहरू र सञ्चालन र सामग्री समग्री प्रयोग गर्न सकिन्छ भनी विस्तृत रूपमा दिइएको हुन्छ । विद्यार्थी कार्यपुस्तकमा दिइएको क्रियाकलापलाई र त्यसलाई सहयोग गर्ने सहयोगी क्रियाकलाप समावेश गरिएको हुन्छ । शिक्षक निर्देशिकामा दिइएको क्रियाकलाप मात्र पर्याप्त नहुन सक्छ । शिक्षक आफैँले नयाँ क्रियाकलाप पनि तयार गरेर सञ्चालन गर्न सक्नुहुने छ । मार्गदर्शन पाठ्यक्रम परीक्षणका क्रममा शिक्षकलाई तत्काल सहयोग गर्न तयार पारिएको सामग्री हो । शिक्षक निर्देशिका बनिसकेको सन्दर्भमा त्यसमा समावेश भएका क्रियाकलापहरू शिक्षक निर्देशिकामा आइसकेको हुनाले शिक्षक निर्देशिका मात्र हेर्दा पनि हुन्छ ।

- पाठ्यक्रम, विद्यार्थी कार्यपुस्तक र शिक्षक निर्देशिका वा मार्गदर्शन बिचको सम्बन्ध यस प्रकार रहेको हुन्छ ।

| पाठ्यक्रमको सिकाइ उपलब्धि | विद्यार्थी कार्यपुस्तकमा दिइएको क्रियाकलाप | शिक्षक निर्देशिका र मार्गदर्शनमा दिइएको विस्तृत क्रियाकलाप |
|---|---|---|
| हात समाइ लखेटेर खेलिने खेलहरू खेल्न | (ख) हात समातेर लखेटाइ खेल खेलौँ :  | विद्यार्थीहरूलाई खेल मैदानमा लैजानुहोस् । सुरूमा दुई जना विद्यार्थीहरू हात समातेर जोडीहरू बनाउनुहोस् । अन्य विद्यार्थीहरूलाई मैदानभित्र छरिएर रहन भन्नुहोस् । खेल सुरूको सङ्केत पाउनासाथ जोडीले छुनका लागि लखेट्न लगाउनुहोस् । जोडीद्वारा छोइएका विद्यार्थीले छुने साथीको हात समातेर अरू साथीलाई छुन जानुपर्ने छ । यसरी जति साथी छोइँदै जान्छन् त्यति नै आत समातेर छुन जाने समूहमा मिसिँदै माला लामो बन्दै जान्छ र बाँकी विद्यार्थीहरूलाई लखेट्न जानुपर्छ भनी नियम बताउनुहोस् । अब खेल सुरू गर्नुहोस् । लखेट्ने साथीको सङ्ख्या बढ्दै जान्छ र अन्तिमसम्म पनि छुन नसकिएको एक जना विद्यार्थीलाई विजयी घोषणा गर्नुहोस् । |

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

सहभागीहरूले प्रस्तुत गरिसकेपछि अन्य सहभागी र प्रशिक्षकले आवश्यक पृष्ठपोषण गर्दै जानुहोस् ।

## ५. सन्दर्भ स्रोत

- एकीकृत पाठ्यक्रम (आधारभूत तह कक्षा १-३),
- विद्यार्थी कार्यपुस्तक (आधारभूत तह कक्षा १-३),
- मार्गदर्शन र शिक्षक निर्देशिका (आधारभूत तह कक्षा १-३)

# शिक्षण सामग्री निर्माण र प्रयोग तथा शिक्षण विधि

## १. परिचय

शिक्षण सिकाईको क्रममा प्रयोगमा आउने वस्तु, उपकरण वा साधानलाई नै शैक्षिक सामग्री भनिन्छ । सिकाइलाई व्यवहारिक र उद्देश्य मूलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ । शैक्षिक क्रियाकलापमा प्रयोग गरिने सामग्रीलाई नै शैक्षिक सामग्री भनिन्छ ।

एकीकृत पाठ्यक्रमको विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा शिक्षण विधि तथा प्रविधि तथा कक्षा क्रियाकलापमा विविधता कायम गर्नुपर्छ । शिक्षण सिकाइ प्रक्रियालाई वैज्ञानिक, व्यावहारिक र सिकारूअनुकूल बनाउनका लागि विविध शैक्षिक सामग्री, शिक्षण विधि र प्रविधिको उपयोग, स्थानीय साधन र स्रोत तथा उपलब्ध उपकरण एवम् आवश्यकताका आधारमा स्थानीय परिवेशअनुसार भिन्नभिन्न ढङ्गले व्यवस्थापन गर्नुपर्छ ।

**पहिलो वर्गीकरण** :१. श्रव्य सामग्री २. दृश्य सामग्री ३. श्रव्य-दृश्य सामग्री ४. मुद्रित सामग्री

**दोस्रो वर्गीकरण** : १. Hardware:- लेख्ने पाटी, प्रदर्शन पाटी, गोजीपात्रो, फलाटिन बोर्ड, TV को पर्दा, OHP आदि

२. Software: चित्र, चार्ट, ग्राफ, माडेल आदि

३. Mind ware: विचार, शब्द आदि

## २. मुख्य विषयवस्तु

(क) शिक्षण सामग्री निर्माण

(ख) शिक्षण सामग्रीको प्रयोग

(ग) शिक्षण विधि

## ३. विस्तृतीकरण

(क) शैक्षिक सामग्रीको प्रयोग गर्दा बढी मूल्य पर्ने उच्चस्तरका शैक्षिक समग्री प्रयोगमा ल्याउनुको साटो स्थानीय सुपथ मूल्यका र शिक्षक विद्यार्थी दुवै परिचित सामग्रीको प्रयोगले पठनपाठन बढी प्रभावकारी हुन्छ ।

१. बिना मूल्यको सामग्री (No cost), २. कम मूल्य पर्ने सामग्री (Low cost), ३. बढी मूल्य पर्ने सामग्री (High cost)

शैक्षिक सामग्रीको निर्माण वा छनोट गर्दा निम्न कुराहरूलाई प्राथमिकता दिनु आवश्यक हुन्छ :

१. प्राकृतिक वस्तु : बोटविरूवा, जीवजन्तु, ढुङ्गा, माटो, पानी आदि

२. शिक्षक वा अन्य निर्मित वस्तु : पत्रपत्रिका, मेच, टेबुल, ग्लोब, चार्ट, शब्दपत्ति, नक्शा, पकेटचार्ट आदि

३. आधुनिक उपकरणहरू : रेडियो, टी.भि., कम्प्यूटर, स्लाइड, ओ.एच.पी., प्रोजेक्टर, माइक्रोस्कोप आदि ।

(ख) एकीकृत पाठ्यक्रमको उद्देश्यअनुसार शेक्षिक सामग्रीको प्रयोग विषयक्षेत्रको प्रकृति र स्वरूपका आधारमा गरिनु पर्छ । सही तरिकाले शैक्षिक सामग्रीको प्रयोग हुन सकेमा यसबाट निम्न फाईदा प्राप्त हुन सक्छ ।

- शिक्षण सिकाइलाई रोचक बनाउँछ ।
- सिकाइ दिर्घकालीन बनाउँछ ।
- अमूर्त ज्ञानलाई मूर्तता प्रदान गर्छ ।
- उद्वेश्य प्राप्तिमा सहयोग पुऱ्याउँछ ।
- सिकाइलाई सहज बनाउँछ ।
- "गरेर सिक्ने" सिद्धान्तलाई व्यवहारमा उतार्छ ।
- धारणा स्पष्ट गर्न सघाउ पुग्छ ।
- शिक्षण रोचक हुन्छ ।
- विद्यार्थीलाई सिकाइमा रूचि/चाख पैदा हुन्छ ।
- विद्यार्थी उत्सुक, सिर्जनशील र क्रियाशील हुन्छ ।

शैक्षिक समग्रीको प्रकारलाई यसरी पनि हेर्न सकिन्छ :

- पाठ्यसामग्री (Reading Materials): पुस्तक, पत्रपत्रिका, अन्य पाठ्य सामग्री
- दृश्य सामग्री (Visual Materials) : चित्र, पोस्टर, नक्सा, चार्ट आदि देखाईने सामग्रीहरू
- श्रव्य सामग्री (Audio Materials) : रेडियो, सीडि, घण्टी, आवाजआदि सुनाईने सामग्रीहरू
- श्रव्य-दृश्य सामग्री (Audio-Visual Materials) : भिडियो, कम्प्यूटर, इन्टरनेट आदि सुन्ने र हेर्ने सामग्रीहरू

(ग) मेरो सेरोफेरो शिक्षण गर्दा पाठसँग मिल्दा निम्न शिक्षण विधिहरूको प्रयोग गर्नुपर्छ :

एकीकृत पाठ्यक्रमअनुसार स्थानीय वातावरण, विद्यार्थीको रूचि, क्षमता, स्तर र आवश्यकताले पनिसिकाइ सहजीकरण प्रक्रियालाई प्रभाव पार्ने भएकाले शिक्षण सिकाइमा विभिन्न विधिहरूको प्रयोग अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गरिन्छ तर यस्ता विधिहरू विभिन्न पद्धति र प्रक्रियामा आधारित हुनुपर्छ र विभिन्न किसिमका अध्ययन, प्रयोग र अनुभवबाट सिद्ध भएकापनि हुनुपर्छ । यस प्रकार शिक्षण सिकाइ कुनै खास वैज्ञानिक, मनोवैज्ञानिक वा शैक्षणिक सिद्धान्तहरूमा आधारित भए पनि ती विधि तथा प्रक्रियालाई व्यावहारिक र सान्दर्भिक शैक्षणिक प्रक्रियामा ढाल्नुपर्छ ।

विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइलाई सहयोग पुऱ्याउने सम्भाव्य केही शिक्षण सिकाइ विधिहरू यहाँ उल्लेख गरिएको छ । क्रियाकलापमुखी सिकाइमा जोड दिई कक्षा १-३ मा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालनका लागि प्रयोग गर्न सकिने केही विधि र प्रक्रिया उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । शिक्षकले यी र अन्य क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित सिकाइ विधि तथा प्रक्रिया छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ ।

- **कथा कथन एवम् गीत** : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।

- **आगमन विधि** : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको प्रक्रिया प्रयोग गरिन्छ ।

- **भूमिका निर्वाह/अभिनय** : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।

- **निर्माणात्मक कक्षा** : यस विधिमा मस्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूहकार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवाप्रदान र विचार आदानप्रदान गरी निष्कर्ष निकालिन्छ ।

- **सहयोगात्मक कक्षा** : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।

- **परियोजना कार्य** : विद्यार्थीको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई विद्यार्थीले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।

- **छलफल र प्रश्नोत्तर** : यसमा शिक्षक विद्यार्थी, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वानभन्दा पनि विद्यार्थीलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसैगरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि विद्यार्थीलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।

- **अन्वेषण, अनुसन्धान तथा खोज** : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी विद्यार्थीहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।

- **प्रविधियुक्त कक्षा** : मोबाइल, कम्प्युटर, प्रोजेक्टर आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।

- **सिर्जनात्मक कार्य** : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।

- **समस्या समाधान विधि** : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।

- **खेल विधि** : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।

- **प्रयोगात्मक विधि** : यसमा कक्षाकोठा भित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।

- **भ्रमण** : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।

- **प्रदर्शन विधि** : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।

- **स्वाध्ययन तथा छलफल** : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार विद्यार्थीबिच छलफल गराउन सकिन्छ ।

- **अन्तरक्रिया** : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँड तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथामूल्याङ्कन र निष्कर्ष निकालिन्छ ।

- **उदाहरण र प्रयोग** : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमाजोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वर वाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

- **श्रव्य वाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

जस्तै : कक्षा एकमा “हाम्रो शरीर” पाठ शिक्षण गर्दा निम्न शैक्षिक सामग्री तथा शिक्षण विधि अपनाउनु उपयुक्त हुन्छ ।

हाम्रो शरीर स्वास्थ्य राख्नको लागि उपयुक्त तरिकाहरू अवलम्बन गर्ने बानी विकास गराउने क्रियाकलापहरूमा यो पाठ केन्द्रित रहेको छ ।

शैक्षणिक सामग्री : साबनु, ब्रस, ऐना तथाअन्यऔजारहरू जस्तै : स्केल, कैँची आदि

## क्रियाकलाप १

- पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या ३0 मा दिइएको गीत लय र तालमा गाउनुहोस् ।
- गीत गाउँदा सुरुमा शिक्षकले गाउनुहोस्, त्यसपछि विद्यार्थीलाई गीत गाउन लगाउनुहोस् ।
- गीतमा प्रयुक्त शरीरका अङ्गहरू सरसफाइसम्बन्धी कुराहरू छलफल गराउनुहोस् ।

क लय र तालमा गीत गाउनुहोस् :

कति राम्रो मुहार
बिहान उठी धोएको
कोरीबाटी कपाल
ऐना हेरी हाँसेको






हातमुख धोएर
मिठो खाना खाऔँ न
दाँत राम्रो बनाउन
खाएपछि माझौँ न

दायाँबायाँ कानले
राम्रो गीत सुनेको
दुवै हात हल्लाई
खुट्टा चाली नाचेको



ख आफ्ना अङ्ग चिनौं :



## क्रियाकलाप २


पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या ३१ मा दिइएको चित्रका आधारमा आफूले कुनै एक अङ्ग छोएर त्यसको नाम उच्चारण गर्नुहोस् छुने छन् । केही समय यसरी नै विभिन्न अङ्गहरूका लागि अभ्यास सक्ने छन् । सच्याउन लगाउनुहोस् र यही प्रक्रिया दोहोर्‍याएर अन्य शरीरका अङ्गहरू चिनाउँदा अङ्ग्रेजी र नेपाली दुवै भाषामा अभ्यास गराउनुहोस् ।

## क्रियाकलाप ३


शरीरका अङ्गसम्बन्धी तलको गीत वा अन्य कुनै गीत गाउँदै अङ्ग पहिचान गर्ने अभ्यास गराउनुहोस् :

## क्रियाकलाप ४

- पाठ्य तथा कार्यपुस्तकको पृष्ठ सङ्ख्या ३२ को चित्र अवलोकन गर्न लगाउनुहोस् ।
- कुन चित्रमा के के भइरहेको छ, अनुमान गर्न लगाउनुहोस् र पाठ्यपुस्तकमा दिइएका प्रश्नको उत्तर पालैपालो भन्न लगाउनुहोस् ।
- शरीरका विभिन्न अङ्गहरूका कामका बारेमा बताउनुहोस् । सम्भव भए पाँचओटा ज्ञानेन्द्रियहरूका कामसँग सम्बन्धित अङ्गहरूका कामका सम्बन्धमा छलफल गर्नुहोस् ।



### क्रियाकलाप ५



- पाठ्य तथा कार्यपुस्तकको पृष्ठ ३३ सँग सम्बन्धित अङ्गहरू हेर्दै त्यस्तै चित्र कोर्न लगाउनुहोस् ।
- चित्रहरू उत्कृष्ट हुनुपर्छ भन्ने मान्यता नलिनुहोस् ।
- बालबालिकाहरूले जस्तो चित्र बनाएका भए पनि प्रोत्साहन गर्नुहोस् ।
- उनीहरूले तयार गरेको चित्र कुन अङ्गको हो सबका अगाडि पालैपालो भन्न लगाउनुहोस् ।
- पेज ३३ (ङ) मा भएका क्रियाकलापमा भएको कानको चित्रमा रङ भर्न लगाउनुहोस् ।
- अन्य अङ्गहरूको चित्रसमेत उपलब्ध गराई रङ गर्ने अभ्यास गराउनुहोस् ।

ङ रङ भरौं :



## ४. प्रतिबिम्बन/मूल्याङ्कन

(क) सेरोफेरो विषयमा के कस्ता सिकाइ सामग्रीहरू प्रयोग गर्न सकिन्छ ?

(ख) सेरोफेरो विषयमा कुन कुन शिक्षण विधिहरू प्रयोग गर्न सकिन्छ ?

## ५. सन्दर्भ स्रोत


- www.moecde.gov.np
- हाम्रो सेरोफेरो कक्षा-१
- एकीकृत पाठ्यक्रम
- शिक्षक निर्देशिका, कक्षा-१, कक्षा-२ र कक्षा-३
- Link: https://www.youtube.com/watch?v=kXmmUd-OiHo (Teaching Materials)
- Link: https://www.youtube.com/watch?v=GRit69J8a8I (Teaching Materials)

# एकीकृत शिक्षण सिकाइको पाठ योजना र नमुना पाठ

## १. परिचय

बालबालिकाहरूमा सानै उमेरदेखि विज्ञान तथा प्रविधि र वातावरणसँग परिचित गराई उनीहरूमा वैज्ञानिक चिन्तन, सोच र अभिवृत्तिप्रति सकारात्मक भावनाको विकास गर्न विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि नै विज्ञान तथा वातावरणका विषयवस्तु समावेश गरिएको छ । यस विषयको माध्यमबाट बालबालिकाहरूले आफ्नो अनुभूति, अनुभव, सिर्जनालाई स्वतन्त्र र मौलिक रूपले अभिव्यक्ति गर्न सक्ने बनाउन यस विषयको मुल उद्देश्य हो । विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयहरूलाई अन्तरविषयक ढाँचामा एकीकृत गरी यसलाई हाम्रो सेरोफेरो विषयक्षेत्र भनिएको छ । यस ढाँचामा एकीकृत गर्दा केही विषयक्षेत्र सबै विषयमा अन्तरसम्बन्धित हुने, केही दुई वा दुईभन्दा बढी विषयमा अन्तरसम्बन्धित हुने र कुनै एक विषयमा मात्र सम्बन्धित हुने गरी विषयक्षेत्रहरू व्यवस्थित गरिएको छ । जम्मा १० विषयक्षेत्रमा सङ्गठित गरिएको हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्यक्रममा समावेश विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयहरूका विषयगत सिकाइक्षेत्र र सिकाइ उपलब्धिहरूलाई अन्तरविषय ढाँचामा एकीकृत गरिएको छ । हाम्रो सेरोफेरो विषय अन्तरविषयक ढाँचामा एकीकरण गरिएको हुनाले एकीकृत शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि एकीकृत शिक्षण सिकाइ पाठ योजना निर्माण गर्नु आवश्यक हुन्छ । पाठ योजना निर्माण गर्दा कक्षाकोठामा सञ्चालन गरिने क्रियाकलाप पनि एकीकृत प्रकृतिको नै हुनुपर्छ । एकीकरणको सवालमा जबरजस्ती पक्कै पनि गर्नु हुँदैन ।

सिकाइलाई बढी सान्दर्भिक र रूचिकर बनाउनको लागि विभिन्न विषयका सिकाइ उपलब्धि र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी शिक्षण सिकाइ क्रियाकलापलाई सञ्चालन गर्नुपर्छ । सिकाइको एकीकृत ढाँचाले बालबालिकामा एउटै सिकाइ क्रियाकलापमार्फत विभिन्न विषयका सिकाइ उपलब्धि तथा विषयवस्तु समेटिने गरी अधिकतम सिकाइ अनुभव हासिल गराउने क्रियाकलापको सञ्चालन गरिनु पर्छ । एकीकृत पाठ्यक्रमलाई जबरजस्ती विभिन्न विषयक्षेत्रका विषयवस्तुहरूलाई एकीकरण गर्ने अर्थमा भने बुझ्नुहुँदैन । आधारभूत तहका बालबालिकाले भाषा, गणित, सामाजिक, विज्ञान वा अन्य कुनै अमुक विषय पढ्दै छु भनेर जान्नुभन्दा पनि आवश्यक र उपयोगी ज्ञान, सिप र दक्षता प्राप्त गर्नु महत्त्वपूर्ण हुन्छ । शिक्षकले कक्षाकोठामा शिक्षण कार्य गर्नुभन्दा पहिला नै पाठ योजना निर्माण गर्ने कुरामा कसैको दुईमत छैन । एकीकत विषयको शिक्षण कार्य सान्दर्भिक र समायसापेक्ष बनाउनको लागि पाठ योजनाले महत्त्वपूर्ण भूमिका खेल्छ । पाठ योजना निर्माणको क्रममा नै शिक्षकले आफू पढाउन विषयवस्तुको सुनिश्चितता गर्नुपर्छ । पाठ्यक्रमले निर्दिष्ट गरेको लक्ष्य र उद्देश्य पूरा गर्ने खालको शिक्षण क्रियाकलापको विकास गर्नुपर्छ । हाम्रो सन्दर्भमा आधारभूत तह कक्षा (१ -३) मा एकीकृत पाठ्यक्रम लागु भइसकेको हुनाले एकीकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षण क्रियाकलाप सञ्चालन हुन अपरिहार्य हुन जान्छ । शिक्षकलाई पाठ योजना विकास गर्ने क्रममा यहाँ प्रस्तुत गरिएको नमुना पाठ योजनाले पक्कै पनि सहयोग गर्ने छ ।

## २. मुख्य विषयवस्तु

(क) हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइको विषयवस्तु

(ख) नमुना पाठ योजना

(ग) लघु शिक्षण

(घ) पृष्ठपोषण

## ३. विस्तृतीकरण

### (क) हाम्रो सेरोफेरो र अन्य विषयको साझा सिकाइको विषयवस्तु

सिकाइलाई बढी सान्दर्भिक र रूचिकर बनाउनको लागि विभिन्न विषका सिकाइ उपलब्धि र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी तयार पारिएको पाठ्यक्रम एकीकृत पाठ्यक्रम हो । यस पाठ्यक्रमले विभिन्न विषयको ज्ञान, सिप र अवधारणा एकसाथ सिकाउने गरी एकीकृत सिकाइ क्रियाकलापमा गनुपर्ने पक्षमा जोड दिइन्छ । आधारभूत तह (कक्षा १-३) पाठ्यक्रमले विषयवस्तुलाई एकीकृत रूपमा संयोजन गर्ने क्रममा विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक शिक्षा, सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कलासम्बन्धी क्रियाकलापलाई समेटेर हाम्रो सेरोफेरो शीर्षकको कार्यपुस्तक तयार पारिएको छ । आधारभूत तह (कक्षा १-३) को हाम्रो सेरोफेरो विषयक्षेत्रको पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रूचि जगाउने, आफू वरपर रहेको वातावरणको पहिचान गर्ने, वैज्ञानिक सोच गर्ने सरसफाइ र संरक्षण एवम् स्वास्थ्यप्रति सचेत हुने, कला र सङ्गीतप्रति रूचि जगाई सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशिल र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको छ । विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कलासम्बन्धी विषयवस्तुलाई एकीकृत स्वरूपमा विभिन्न विषयक्षेत्रहरूमा सङ्गठित गर्नुको मुख्य उद्देश्य विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइलाई विद्यार्थीको दैनिक जीवनसँग सम्बन्धित गरेर सिकाइको सान्दर्भिकता वृद्धि गर्नु हो । सामाजिक शिक्षाअन्तर्गतका आफू तथा आफनो परिवार र छरछिमेक, हाम्रो परम्परा, सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत र हाम्रो आर्थिक क्रियाकलाप गरी सात विषयक्षेत्रमा विषयवस्तु समावेश गरिएको छ । विज्ञान तथा वातावरणका विषयवस्तुमा वैज्ञानिक सिकाइ, सजीवहरू, वातावरण, पदार्थ र शक्ति, पृथ्वी र अन्तरिक्ष समावेश गरिएको छ । बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा, अनुभव, सिर्जना जस्ता पक्षलाई दृश्यकला र सङ्गीत कलाको माध्यमबाट अभिव्यक्ति गर्ने सिपलाई सिर्जनात्मक कला भनिएको छ । सिर्जनात्मक कलाअन्तर्गत दृश्यकला - चित्रकला तथा हस्तकला) तथा सङ्गीत कला समावेश गरिएको छ । स्वास्थ्यसम्बन्धी धारणा र सिपको विकास गर्नको लागि स्वास्थ्य तथा शारीरिक शिक्षा विषयलाई समावेश गरिएको छ । व्यक्तिको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षके विकास अर्थात सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने उद्देश्यले शारीरिक शिक्षाअन्तर्गत विभिन्न शारीरिक क्रियाकलाप तथा खेलकुद समावेश गरिएको छ ।

विज्ञान तथा वातावरण, सामाजिक अध्ययन, स्वास्थ्य तथा शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयहरूलाई अन्तरविषयक ढाँचामा एकीकृत गरी यसलाई हाम्रो सेरोफेरो विषयक्षेत्र भनिएको छ । यस ढाँचामा एकीकृत गर्दा केही विषयक्षेत्र सबै विषयमा अन्तरसम्बन्धित हुने, केही दुई वा दुईभन्दा बढी विषयक्षेत्रमा अन्तरसम्बन्धित

हुने र केही कुनै एक विषयमा मात्र हुने गरी विषयक्षेत्रहरू व्यवस्थित गरिएको छ । यस विषयलाई जम्मा १० विषयक्षेत्रमा सङ्गठित गरिएको छ । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा हाम्रो सेरोफेरो विषयलाई मात्र अन्तरविषयक ढाँचामा एकीकरण गरिएको छ भने समग्रमा नेपाली, गणित, हाम्रो सेरोफेरो र अङ्ग्रेजी विषयलाई बहुविषयक ढाँचामा एकीकरण गरिएको छ । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रममा व्यवहारकुशल सिपलाई विद्यार्थीको सिकाइ सक्षमताको रूपमा समावेश गरिएको छ । व्यवहारकुशल सिपअन्तर्गत सोचाइ सिप, वैयक्तिक सिप, अन्तरवैयक्तिक सिप, सूचना प्रविधि तथा बहुसाक्षरता सिप र नागरिक सिपलाई समावेश गरिएको छ ।

## हाम्रो सेरोफेरो विषयमा समावेश गरिएको विषयक्षेत्रहरू :

हाम्रो सेरोफेरो विषयमा समावेश गरिएको विषयक्षेत्रहरू (थिमहरू) निम्नप्रकारले उल्लेख गरिएको छ :

१. म र मेरो परिवार

२. मेरो दैनिक जीवन

३. हाम्रो समुदाय

४. हाम्रो विद्यालय

५. हाम्रो वरपरको जीवजन्तु

६. हाम्रो वातावरण

७ मेरो सिर्जना

८ हाम्रो संस्कृति

९ सञ्चार प्रविधि र बजार

१०. हाम्रो वरपरको संसार

## एकीकृत विषयक्षेत्रहरू

| क्र स | विषयक्षेत्र वितरणको अवस्था | विषयक्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | चार ओटा सिकाइ क्षेत्र भएको विषयक्षेत्रहरू | १. म र मेरो परिवार<br>२.मेरो दैनिक जीवन<br>३.हाम्रो विद्यालय<br>४. सञ्चार प्रविधि र बजार | |
| २ | तीनओटा सिकाइ क्षेत्रमा भएको विषयक्षेत्रहरू | १. हाम्रो सामुदाय (अङ्ग्रेजीबाहेक)<br>२. हाम्रो वातावरण (गणितबाहेक)<br>३. मेरो सिर्जना (अङ्ग्रेजीबाहेक)<br>४. हाम्रो संस्कृति (गणितबाहेक) | |

| | | | |
|---|---|---|---|
| ३ | दुईओटा सिकाइक्षेत्र भएको विषयक्षेत्रहरू | १. हाम्रो वरपरको संसार (हाम्रो सेरोफेरो र नेपालीमा मात्र)<br>२. बानी र रूचि (नेपाली र अङ्ग्रेजीमा मात्र) | |
| ४ | विषयगत विषयक्षेत्रहरू | **अङ्ग्रेजीमा मात्र :**<br>१. वर्ण<br>२. मेरा सरसमान<br>३. फलफुल र तरकारी<br>४. चरा र जनावर<br>**हाम्रो सेरोफेरोमा मात्र :**<br>१. हाम्रो वरपरका जीवजन्तु<br>**नेपालीमा मात्र**<br>१. हाम्रो क्रियाकलाप<br>**गणितमा मात्र**<br>१. सङ्ख्याको ज्ञान<br>२. गणितका आधारभूत क्रिया<br>३. नाप र क्षेत्रफल | |

## (ख) नमुना पाठ योजना

शिक्षण सिकाइ क्रियाकलापलाई एकीकृत पाठ्यक्रमको मर्मअनुसार सञ्चालन गर्नको लागि एकीकृत प्रकृतिको पाठ योजनाको विकास गर्न आवश्यक हुने भएकोले तल प्रस्तुत गरिएको नमुना पाठ योजनाले सजकर्तालाई एकीकृत प्रकृतिको पाठ योजना विकास गरी सहजीकरण गर्न सहयोग पुग्ने छ । तल प्रस्तुत गरिएको पाठ योजनामा सहजकर्ताले आफ्नो अनुभवको आधारमा आवश्यकताअनुसार (एकीकृत पाठ्यक्रमको मर्ममा ठेस नपुग्ने गरी) आवश्यक परिमार्जन पनि गर्न सकिन्छ ।

### नमुना पाठ योजना

| | | |
|---|---|---|
| विषय : हाम्रो सेरोफेरो | विषयक्षेत्र : हाम्रो वरपरको संसार | |
| पाठ : मौसम | कक्षा : १ | समय : ६० मिनेट |

### १. विशिष्ट उद्देश्य :

यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुने छन् :

(क) विभिन्न किसिमको मौसमको पहिचान गर्न

(ख) मौसमको अवस्था अनुसारको तयारी र सावधानी अपनाउन

**विकास हुने व्यवहारकुशल सिप :** सोचाइ सिप

## २. शिक्षण सामग्री :

पाठसँग सम्बन्धित मौसम परिवर्तनसँग सम्बन्धित चित्र, मौसमी चार्ट, चित्रपत्तीहरू, कार्डबोर्ड

## ३. शिक्षण सिकाइ क्रियाकलाप : ५0 मिनेट

- शिक्षकले विद्यार्थीलाई आफू र आफ्नो साथीहरूले आज के कस्तो लुगा लगाए, आएको सोको अवलोकन गर्न लगाउने र यस्तो लुगा किन लगाएर आएको हो भनी प्रश्न गर्दै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलापतिर आकर्षित गर्ने । ५ मिनेट
- शिक्षकले विद्यार्थीलाई विद्यार्थी कार्यपुस्तकको पृष्ठ सङ्ख्या : १९६ को क्रियाकलाप (क) मा मौसमको अवस्थासँग सम्बन्धित चित्रको अवलोकन गर्न लगाउनुहोस । अवलोकनपश्चात् चित्रमा कुन कुन मौसमका झलकहरू देखिन्छ, पहिचान गरी भन्न लगाउनुहोस । (s1.1) १५ मिनेट
- शिक्षकले विद्यार्थीहरूलाई ६ समूहमा विभाजन गर्नुहोस् । प्रत्येक समूहलाई विद्यार्थी कार्यपुस्तकको पृष्ठ सङ्ख्या : १९५ मा भएको चित्र वितरण गरी त्यसको अवलोकन गर्न लगाउनहोस् । ५ मिनेट
- अवलोकनपश्चात् मौसमको अवस्था अनुसारको तयारी र अपनाउनु पर्ने सावधानीसम्बन्धी केही प्रश्न गर्नुहोस् । जस्तै : पानी पर्दा के गर्नुपर्छ ? कस्तो मौसममा आगो ताप्नुपर्छ ? पानी पर्ने मौसममा विद्यालय जाँदा कस्तो सावधानी अपनाएर जानुपर्छ ? बादलको कस्तो अवस्थामा पानी पर्छ ? के हुँदा रूखको पात हल्लिन्छन् ?................आदि । (s1.3) १५ मिनेट
- विद्यार्थीबाट प्राप्त उतरलाई शिक्षकले सेतोपाटी वा कालोपाटीमा टिपोट गनुहोस् । टिपोट गरेको उतरलाई पढ्न लगाउनुहोस् । (s1.2) ५ मिनेट
- शिक्षकले विद्यार्थीलाई आवश्यकताअनुसारको सहजीकरण गर्दै पाठको सम्बन्धमा स्पष्ट धारणा दिनुहोस् । ५ मिनेट

## ४. मूल्याङ्कन १०मिनेट

(क) कस्तो मौसममा बाक्लो लुगाा लगाउनु पर्छ ?

(ख) पानी पर्न लागेको मौसम कस्तो हुन्छ ?

## ५. गृहकार्य

(क) कुनै चारओटा फरक फरक मौसमको चित्र कोरी रङ भर्नुहोस ।

(हाम्रो वरपरको संसार विषयक्षेत्र हाम्रो सेरोफेरो र नेपाली विषयसँग अन्तरसम्बन्धित भएकोले हाम्रो सेरोफेरो र नेपाली विषयको सिकाइ उपलब्धि (पाठ्यक्रम पृष्ठ ४८) हासिल गर्ने गरी माथिको क्रियाकलाप सुनिश्चित गरिएको छ ।)

## (ग) सूक्ष्म शिक्षण

सूक्ष्म शिक्षण, शिक्षण अभ्यासको एउटा यस्तो विधि हो, जसमा अधिक नियन्त्रण, प्रचुर विश्लेषण तथा पृष्ठपोषणको एउटा नयाँ प्रणालीको प्रयोग हुन्छ । यो कक्षाको आकार, पाठको विषयवस्तु, समय तथा शिक्षणको जटिलतालाई कम गर्ने संक्षिप्तीकृत कक्षा शिक्षण विधि हो । सूक्ष्म शिक्षण एउटा व्यवस्थित प्रणाली हो जसमा शिक्षण कौशलताको पहिचान सूक्ष्म तरिकाले गरिन्छ । साथै पृष्ठपोषणद्वारा शिक्षण कौशलताको विकास गरिन्छ ।

### सूक्ष्म शिक्षणको सिद्धान्तहरू :

- **यथार्थ शिक्षण** : सूक्ष्म शिक्षण कृत्रिम अवस्थामा हुन्छ तर पनि यथार्थ अथवा वास्तविक शिक्षण हुन्छ । किनभने शिक्षणकर्ता यथार्थ पाठ्यक्रमको यथार्थ रूपलाई शिक्षण गर्छ ।
- **शिक्षणको जटिलतामा कमी** : सूक्ष्म शिक्षणमा साधारण शिक्षणको जटिलताहरूलाई कम गरिएको हुन्छ । अर्थात् यसमा कक्षाको आकार, पाठ्यवस्तु, समय, भूमिका एवम् शिक्षण कलालाई यती कम गरिन्छ कि प्रशिक्षार्थी स्वयंम नियन्त्रित रहन्छ । एक समयमा एउटा मात्र शिक्षण कौशलको अभ्यास गरिन्छ जसले सामान्य शिक्षणको जटिलता स्वयम् कम हुन्छ ।
- **विशिष्ट शिक्षण सिपको विकास** : सूक्ष्म शिक्षणमा एउटा विशिष्ट शिक्षण सिपमा ध्यान केन्द्रित गरिन्छ अर्थात एक समयमा एउटा विशेष शिक्षण सिपको अभ्यास गरिन्छ ।
- **सूक्ष्म शिक्षणद्वारा अभ्यास माथि नियन्त्रण** : सूक्ष्म शिक्षणको समयमा अभ्यास क्रियाकलापहरूलाई पूर्व नियोजित ढङ्गले नियन्त्रित गरिन्छ । शिक्षणकर्तालाई पृष्ठपोषण प्रदान गरेर अवाञ्छित रूपमा दोहरिने क्रियाकलापहरूमा नियन्त्रण गर्न सकिन्छ ।
- **पृष्ठपोषणका विभिन्न साधनहरू** : सूक्ष्म शिक्षणमा विभिन्न साधनको प्रयोग गरेर पृष्ठपोषण प्रदान गर्न सकिन्छ । उदाहरणको लागि, सूक्ष्म शिक्षण पश्चात तुरून्त शिक्षण कार्यको विश्लेषण, समालोचना गरिन्छ जसले शिक्षणकर्तामा अन्तर्दृष्टिको विकास हुन्छ र उसलाई पृष्ठपोषण प्राप्त हुन्छ । टेप रेकर्डरको प्रयोग गरेर, वृत्तचित्र तयार गरेर वा निरीक्षकद्वारा पृष्ठपोषण प्रदान गर्न सकिन्छ । यसमा शिक्षणकर्तामा सुधार गर्नुपर्ने पक्ष औँल्याइन्छ र सोहीअनुसार पृष्ठपोषण प्रदान गरिन्छ । जसलाई भविष्यमा शिक्षणकर्ताले सुधार गर्न सक्छ ।

### सूक्ष्म शिक्षणको विशेषता :

सूक्ष्म शिक्षणको विशेषता तल निम्न प्रकारले उल्लेख गरिएको छ ।

- सूक्ष्म शिक्षणद्वारा सहभागीमा सजीलैसँग शिक्षण कलाको विकास गर्न सकिन्छ ।
- सूक्ष्म शिक्षणद्वारा प्रशिक्षक/सहजकर्ताको सहजीकरण गुणमा वृद्धि गर्न सकिन्छ ।
- सूक्ष्म शिक्षणमा कम समयमा नै धेरै सिक्न सकिन्छ ।
- यसबाट शिक्षक/सहजकर्तामा आत्मविश्वासको विकास गरिन्छ ।

- यसबाट सहभागीको वस्तुनिष्ठ मूल्याकंन गर्न सकिन्छ ।
- यो समय र सहभागी सङ्ख्याको आधारमा छोट्याएको शिक्षण अभ्यास हो ।
- सूक्ष्म शिक्षणमा अपाउनु पर्ने सावधानीहरू :
- सूक्ष्म शिक्षण गर्नु भन्दा पूर्व पाठ योजनाको निर्माण गर्नुपर्छ ।
- एक समयमा एउटा नै शिक्षण कलाको विकास गरिनु पर्छ ।
- सूक्ष्म शिक्षणमा उचित पृष्ठपोषण र प्रसंशाको गर्नुपर्छ, जसबाट सहभागीमा (सूक्ष्म शिक्षणकर्तामा) आत्मविश्वासको वृद्धि होस ।
- यसमा पाठ्यवस्तुलाई क्रमबद्ध रूपले व्यवस्थित गर्नुपर्छ ।
- सूक्ष्म शिक्षणमा शिक्षणकर्तालाई उचित सुझाव दिनुपर्छ अन्यथा उसको मनोवलमा कमी आउन सक्छ ।

## नमुना सूक्ष्म शिक्षण योजना

| | | |
|---|---|---|
| विषय : हाम्रो सेरोफेरो | विषयक्षेत्र : हाम्रो वरपरका जीवजन्तु | |
| पाठ : सजीव र निर्जीव | कक्षा : १ | समय : १५ मिनेट |

१. **विशिष्ट उद्देश्य :**

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न कार्य गर्न सक्षम हुने छन् ।

(क) सजीव र निर्जीव वस्तुको पहिचान गर्न

**विकास हुने व्यवहारकुशल सिप** : सोचाइ सिप

२. **शिक्षण सामग्री :**

सजीव र निर्जीव वस्तुको चित्र (विद्यार्थी कार्यपुस्तक पृष्ठ ११२), कक्षाकोठाको बेन्च, डेस्क, किताब, शिक्षक र विद्यार्थी आदि

३. **शिक्षण सिकाइ क्रियाकलाप :** **१२ मिनेट**

- शिक्षकले विद्यार्थीहरूलाई आफ्नो वरपर रहेको वस्तुहरूको नाम भन्न लगाउदै विद्यार्थीको ध्यान शिक्षण सिकाइ क्रियाकलाप तिर केन्द्रित गर्ने । शिक्षकले विद्यार्थीले भनेको नाम शैक्षणिक पाटीमा टिप्ने
- विद्यार्थीहरूले नाम भनेको वस्तुहरूमध्येको कसको उचाइ र तौल बढछ, कसले सास फेर्छ ? कुन चाहिँ हिँडडुल गर्न सक्छ ? कसले खाना खान्छ ? आदि प्रश्न गर्ने । विद्यार्थीबाट प्राप्त उतरलाई शिक्षकले टिपोट गर्ने

- अब शिक्षकले सजीव र निर्जीव वस्तुको चित्र प्रर्दशन गर्ने । चित्रमा देखाइएको जनावर र वस्तुको नाम भन्न लगाउने । जस्तै चरा, टेबल (table), पेन्सिल (Pencil), गोही, पाइन्ट (Paint)........ आदि । विद्यार्थीले भन्नेको शब्द जस्ताको त्यस्तै शैक्षणिक पाटीमा शिक्षकले टिपोट गर्ने ।

- माथि उल्लेखित क्रियाकलापको आधारमा शिक्षकले सजीव र निर्जीव वस्तुको बारेमा स्पष्ट धारणा दिनुहोस् ।

४. **मूल्याङ्कन** : टेबल र चरामा कुन सजीव र कुन निर्जीव वस्तु हो ? किन ? ३ मिनेट

५. **गृहकार्य** : आफ्नो वरपर रहेको ५/५ ओटा सजीव र निर्जीव वस्तुको नाम लेख्नुहोस् ।

(हाम्रो सेरोफेरो विषयको हाम्रो वरपरका जीवजन्तु विषयक्षेत्र हाम्रो सेरोफेरोमा मात्र रहेको थिम हो तर पनि यसलाई नेपालीमा शब्द उच्चारण जस्तै चरा, बादल... शब्दको उच्चारण हुदा नेपाली विषय स्वतः अन्तरसम्बन्धित हुन्छ भने Table, Fan.... जस्ता शब्दको उच्चारण गर्दा र लेख्दा अङ्ग्रेजी विषय पनि स्वतः अन्तरसम्बन्धित हुने तथा दिइएको चित्रमा कतिओटा सजीव र निर्जीव वस्तु छ भनी गन्न लगाउँदा गणितसँग अन्तरसम्बन्धित हुने भएकोले यसमा सजिलैसँग नेपाली, गणित र अङ्ग्रेजी विषयसँग एकीकरण गर्न सकिन्छ ।)

## (घ) पृष्ठपोषण

पृष्ठपोषणको अर्थ हुन्छ प्रतिक्रिया, राय वा सुझाव जुन शिक्षणकर्ताले सूक्ष्म शिक्षणपश्चात् अवलोकनकर्ताबाट प्राप्त गर्छ । पृष्ठपोषण सकारात्मक वा नकारात्मक दुवै हुन सक्छ । शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलापलाई बढीभन्दा बढी प्रभावकारी बनाउनको लागि पृष्ठपोषणको आवश्यकता पर्छ । शिक्षणकर्तामा सुधार गर्नुपर्ने पक्ष औँल्याई सोही अनुसारको पृष्ठपोषण प्रदान गरियो भने भविष्यमा शिक्षणकर्ताले आफ्नो शिक्षणलाई सुधार गरी शिक्षण सिकाइ कार्यलाई अझ सान्दर्भिक बनाउन सकिन्छ । सूक्ष्म शिक्षणमा विभिन्न साधनको प्रयोग गरेर पृष्ठपोषण प्रदान गर्न सकिन्छ । जसमध्ये तल केही साधनको नाम निम्न प्रकारले उल्लेख गरिएको छ :

- सूक्ष्म शिक्षणपश्चात् तुरुन्त शिक्षण कार्यको विशलेषण, समालोचना गरेर
- टेप रेकर्डरको प्रयोग गरेर
- लघु चलचित्र तयार गरेर
- पृष्ठपोषणको कुनै साधन विकास गरेर (पृष्ठपोषण फारम)

### पृष्ठपोषण दिदा ध्यान दिनुपर्ने कुराहरू :

- शिक्षणकर्तालाई प्रतिबिम्बन गर्न लगाउने
- सकारात्मक पक्षलाई औँल्याउँदै सुरु गर्ने
- सुधार गर्नुपर्न पक्षलाई प्राथमिकीरकण गरी २ वा ३ बुँदामा आफ्नो सुझाव प्रदान गर्ने

सूक्ष्म शिक्षणको क्रममा अवलोकनकर्ताले प्रयोग गर्न सक्ने पृष्ठपोषण फारमको नमुना तल प्रस्तुत गरिएको छ । प्रस्तुत गरिएको फारमलाई अवलोकनकर्ताले आफ्नो अनुभवको आधारमा आवश्यकताअनुसार परिमार्जन गर्न सक्नु हुने छ ।

## कक्षा अवलोकन पृष्ठपोषण फारम

शिक्षकको नाम : 　　　　　　　　　　अवलोकनकर्ताको नाम :

विषय : 　　　　कक्षा : 　　　　विषयक्षेत्र : 　　　　मिति :

पृष्ठपोषणको लागि तल दिइएको स्केलको प्रयोग गर्नुहोस् ।

| Outstanding | Satisfactory | Improvement needed | Not applicable |
|---|---|---|---|
| 1 | 2 | 3 | 4 |

तल दिइएको क्षेत्रको उपयुक्त स्केलमा (  ) चिह्नको प्रयोग गर्नुहोस् :

| क्र.स. | क्षेत्र | 1 | 2 | 3 | 4 |
|---|---|---|---|---|---|
| १. | उद्देश्यअनुसारको शिक्षण सिकाइ क्रियाकलाप | | | | |
| २. | समय व्यवस्थापन | | | | |
| ३. | सामग्रीको प्रयोग | | | | |
| ४. | व्यवहारकुशल सिपको सुनिश्चितता | | | | |
| ५. | विषयक्षेत्रहरुको अन्तरसम्बन्ध | | | | |
| ६. | विषयवस्तुको एकीकरण | | | | |
| ७. | क्रियाकलापमा विद्यार्थीको सहभागीता | | | | |
| ८ | मुल्याकंन | | | | |
| ९ | विद्यार्थीलाई पृष्ठपोषण | | | | |

**कक्षा अवलोकनपश्चात्का सुझावहरु :**

- 
- 
- 
- 
- 
- 

.........................　　　　　　　　.................................

शिक्षकको हस्ताक्षर　　　　　　　　अवलोकनकर्ताको हस्ताक्षर

# शिक्षण अभ्यास र पृष्ठपोषण आदानप्रदान

## १. परिचय

यस तालिमको मुख्य उद्देश्य सहभागी शिक्षकहरूलाई कक्षाकोठामा सेरोफेरो विषयका विषयवस्तुहरूको प्रभावकारी शिक्षण गर्न आवश्यक ज्ञान, सिप र अभिवृत्तिको विकास गर्नु हो । त्यसैले यस तालिमको अघिल्ला चारओटा सेसनमा सिकेका सिपहरू अभ्यास गर्न अभ्यास शिक्षणको व्यवस्था गरिएको हो । अभ्यास शिक्षणले सहभागी शिक्षकलाई नयाँ पाठ्यक्रमअनुसार शिक्षण सिकाइक्रियाकलाप सञ्चालन गर्न आत्मविश्वास जगाउँछ । आफ्ना कमी कमजोरीहरू सुधार गर्न सहयोग गर्छ । त्यसैगरी एकीकृत विषयको मर्मअनुसार सिकाइ क्रियाकलाप सञ्चालन गर्ने क्षमता विकास हुन्छ ।

## २. मुख्य विषयवस्तु

(क) शिक्षण अभ्यास

## ३. विस्तृतीकरण

शिक्षक तालिमको एक महत्त्वपूर्ण पाटो शिक्षण अभ्यास र पृष्ठपोषण पनि हो । यस तालिममा हाम्रो सेरोफेरोअन्तर्गत सिकेका ज्ञान, सिप र धारणालाई व्यावहारिक रूपमा कक्षामा प्रयोग गर्न सकिन्छ कि सकिँदैन वा कसरी प्रयोग गर्न सकिन्छ भन्ने अभ्यासका लागि यो शिक्षण अभ्यासको व्यवस्था गरिएको हो । यसले शिक्षकमा आत्मविश्वास बढाएर आफ्नो कक्षामा प्रभावकारी शिक्षणका लागि उत्प्रेरणा प्रदान गर्छ ।

अभ्यास शिक्षणका लागि शिक्षक वा शिक्षक समूहले सूक्ष्म शिक्षण योजना तयार पार्नु पर्छ । त्यस्तो योजना प्रशिक्षकले उपलब्ध गराएको समय भित्र सकिने गरी तयार पार्नु पर्छ । उक्त समयभित्र सम्पन्न गर्न सकिने क्रियाकलाप मात्र छनौट गर्नुपर्छ । क्रियाकलाप छनौट गर्दा सकेसम्म सबै थिम र तीनओटै कक्षा समेट्ने गरी छान्नुपर्छ ।

यो नमुना शिक्षण भएको हुनाले सबैभन्दा उत्कृष्ट प्रस्तुति गर्छु र मेरो शिक्षणबाट सबैले नयाँ कुरा सिकून् भन्ने कुरालाई मध्यनजर गर्दै तयारी गर्नुपर्छ । क्रियाकलाप विद्यार्थी केन्द्रित र सामग्रीको प्रयोग गर्न सकिने हुनुपर्छ । हाम्रो सेरोफेरो कार्यपुस्तकमा दिइएका क्रियाकलापहरूमध्य त्यस्तो क्रियाकलाप छान्नुपर्छ जुन रोचक र शिक्षक निर्देशिकाको सहयोगमा मात्र सञ्चालन गर्न सकियोस् । पाठ योजनाको खाका निम्नानुसार छ :

### शिक्षण योजना

विषय : हाम्रो सेरोफेरो

थिम : समय अवधि : पाठ :

## विषयवस्तु वा क्रियाकलाप :

## १. सिकाइ उपलब्धि :

## २. मुख्य क्रियाकलाप :

## ३. आवश्यक सिकाइ सामग्री :

## ४. मूल्याङ्कन :

प्रत्येक शिक्षक वा शिक्षक समूहले आफूले तयार पारेको शिक्षण योजना अनुसारको सिकाइ सामग्री पनि तयार पार्नु पर्छ । सबैको सिकाई योजना र सामग्री तयारी भइसकेपछि पालैपालो शिक्षण अभ्यास गर्दै जानु पर्छ ।

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

प्रत्येक समूहको अभ्यास शिक्षण सकिएपछि एक समूहको अर्को समूहलाई पृष्ठपोषण दिँदै जानुपर्छ । प्रशिक्षकले पनि आवश्यक पृष्ठपोषण दिनुपर्छ । अघिल्लो समूहले दिएको पृष्ठपोषणलाई पछि शिक्षण गर्नेले विचार गरी तत्काल सुधार गर्दै जानुपर्छ ।

### शिक्षण र पृष्ठपोषण तालिका

| शिक्षण समूह | क | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पृष्ठपोषण समूह | ख | ग | घ | ङ | च | छ | ज | झ | ञ | क |

## ५. सन्दर्भ स्रोत

- एकीकृत पाठ्यक्रम (आधारभूत तह कक्षा १-३)
- विद्यार्थी कार्यपुस्तक (आधारभूत तह कक्षा १-३)
- मार्गदर्शन र शिक्षक निर्देशिका (आधारभूत तह कक्षा १-३)

# मूल्याङ्कन प्रक्रिया र अभिलेखीकरण

## १. परिचय

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अङ्गका रूपमा विद्यार्थीको नियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता प्रदान गर्ने कार्यलाई एकीकृत पाठ्यक्रमले जोड दिएको छ । यसले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्छ । प्रत्येक थिममा उल्लिखित सिकाइ उपलब्धि हासिल भए नभएको कुरा मूल्याङ्कनका उपयुक्त साधनहरूको प्रयोगबाट लेखाजोखा गरी थिमगत र वार्षिकरूपमा विद्यार्थीको उपलब्धिस्तर कायम गरी अभिलेखीकरण गर्नुपर्छ । कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कनलाई विद्यार्थीको स्तर वा ग्रेड निर्धारणका लागि गरिने सिकाइको मूल्याङ्कनका रूपमा नलिई सिकाइ सुधार गर्ने प्रयोजनका लागि गरिने मूल्याङ्कन अर्थात् यसलाई मूलतः सिकाइका लागि मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्छ । अर्को शब्दमा सिकाइको क्रममा कक्षाकोठामा गरिने यस्तो मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुनुपर्छ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दुई चरणमा हुन सक्दछ । पहिलो चरणमा शिक्षण सिकाइको क्रममा वा निश्चित विषयवस्तु सिकाइपश्चात् गरिएको मूल्याङ्कनमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु र दोस्रो चरणमा पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्छ । कक्षाकोठामा आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्छ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सिर्जना हुने छ ।

## २. मुख्य विषयवस्तुहरू

(क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया र प्रयोगात्मक अभ्यास

(ग) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग

## ३. मुख्य विषयवस्तुहरू

(क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

(ख) विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया र प्रयोगात्मक अभ्यास

(ग) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग

## (क) एकीकृत पाठ्यक्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पूरा भए नभएको लेखाजोखा गर्ने प्रक्रिया नै विद्यार्थी मूल्याङ्कन हो । यस किसिमको मूल्याङ्कन गर्नको लागि लिखित, मौखिक, प्रयोगात्मक, अवलोकन जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ । वर्तमान पाठ्यक्रमले शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनको प्रयोग गर्ने र सिकाइका लागि मूल्याङ्कन प्रयोग गर्नुपर्ने पक्षलाई जोड दिएको छ । एकीकृत पाठ्यक्रममा समेटिएको मूल्याङ्कन पद्धतिले मूलतः सिकाइका लागि मूल्याङ्कन (assessment for learning) र आत्म मूल्याङ्कन (assessment as learning) लाई जोड दिएको छ र यी दुवै मूल्याङ्कनको आधारमा विद्यार्थीको उपलब्धिको निर्णय गर्ने (assessment of learning) प्रक्रियामा जोड दिएकोले तीनै प्रकारका मूल्याङ्कनमा वर्तमान एकीकृत पाठ्यक्रमले जोड दिएको छ ।

## (ख) क्रियाकलाप २ विद्यार्थी मूल्याङ्कन प्रक्रियाको अभिलेखीकरण गर्ने प्रक्रिया

विद्यार्थीको पोर्टफोलियोमा सामान्यतया निम्न पक्षहरू समेटी विद्यार्थीले गरेका कार्यको अभिलेखीकरण गर्नुपर्ने र प्रत्येक विद्यार्थीको लागि एउटा एउटा पोर्टफोलियो बनाउनुपर्ने कुरालाई वर्तमान पाठ्यक्रमले जोड दिएको छ ।

### पोर्टफोलियमा समेट्नुपर्ने पक्षहरू :

(१) विद्यार्थीको व्यक्तिगत विवरण, पारिवारिक विवरण र स्वास्थ्य सम्बन्धी विवरण

(२) विद्यार्थीले गरेका परियोजना तथा प्रयोगात्मक कार्य, कक्षाकार्यलगायत

(३) विद्यार्थीले गरेका विशेष कार्यहरू

(४) थिमगत विद्यार्थीको उपलब्धि विवरण आदि ।

### पोर्टफोलियोमा राख्नुपर्ने विद्यार्थीको व्यक्तिगत विवरणको नमुना :

**१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

(क) विद्यालयको नाम : ................................................................................

(ख) ठेगाना : ............................................................................................

(ग) विद्यार्थीको नाम : ................................................................................

(घ) जन्म मिति : ........................................................................................

(ङ) विद्यार्थीको घरको ठेगाना : .......................................................................

(च) पारिवारिक विवरण :

(अ) आमाको नाम : ............................... पेसा : ............ सम्पर्क न : ..................

(आ) बाबुको नाम : ............................... पेसा : ............ सम्पर्क न : ..................

(छ) बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको :

(अ) नाम : ............................................पेसा : ........... सम्पर्क नं. : ...............

(आ) विद्यार्थीसँगको नाता : ............................

(ज) विद्यालय भर्ना मिति र कक्षा : ...........................

(झ) मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता : ...........................

(ञ) अघिल्लो अनुभव :

(अ) कक्षा १ भर्ना भएको भए प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव भए नभएको .........

(आ) अन्य कक्षामा भर्ना भएको भए विद्यालयको अन्य अनुभव ..............................

**२. स्वास्थ्यसम्बन्धी विवरण**

(क) तौल र उचाइ

| मिति | तौल (के.जी.मा) | उचाइ (से.मी.मा) | प्रतिक्रिया (यदि छ भने) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ख) कुनै विशेष रोग भएमा सोबारे टिपोट : ....................................................................

(ग) कुनै अपाङ्गता भए सोको विवरण : ........................................................................

(घ) अन्य कुनै विवरण उल्लेख गर्न आवश्यक भए : ..........................................................

सिकाइ उपलब्धिको मूल्याङ्कनको लागि विद्यार्थीको उपलब्धिस्तर र त्यसको व्याख्यालाई निम्नानुसार उल्लेख गरिएको छ :

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

प्रत्येक थिमगत र समग्र विषयगत सिकाइ उपलब्धि प्रतिशत निकाल्नको लागि निम्न सूत्र प्रयोग गर्नुपर्छ :

$$\text{(अ) थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

$$\text{(आ) विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

थिमगत वा विषयगत उपलब्धि प्रतिशत निकालिसकेपश्चात् उक्त प्रतिशतलाई निम्नानुसारको ग्रेड कायम गर्नुपर्ने प्रावधान रहेको छ :

| उपलब्धि प्रतिशत | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|
| ३० भन्दा कम | E | ज्यादै कमजोर |
| ३० र सो भन्दा माथि ४५ भन्दा कम | D | कमजोर |
| ४५ र सो भन्दा माथि ६० भन्दा कम | C | सामान्य |
| ६० र सो भन्दा माथि ७५ भन्दा कम | B | राम्रो |
| ७५ र सो भन्दा माथि ९० भन्दा कम | A | उच्च |
| ९० र सो भन्दा माथि | $A^+$ | उत्कृष्ट |

## कक्षा १ को गणित विषयको विद्यार्थीको उपलब्धि प्रतिशत निकाल्ने नमुना अभ्यास

कक्षा : १ विषयक्षेत्र : गणित विद्यार्थीको नाम : सङ्गम अधिकारी

<table>
<tr><th rowspan="2">थिम/ विषयक्षेत्र</th><th rowspan="2">मुख्य सिकाइ उपलब्धि</th><th rowspan="2">सूचक</th><th colspan="2">नियमित पढाइपछिको मूल्याङ्कन</th><th colspan="2">थप सहायतापछिको मूल्याङ्कन</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>मिति</th><th>उपलब्धि</th><th>मिति</th><th>उपलब्धि</th></tr>
<tr><td rowspan="8">मेरो दैनिक जीवन</td><td rowspan="4">१. दैनिक क्रियाकलापका समय बताउन</td><td>कुनै चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा चारैओटाको सही समय बताउन सकेमा (४ अङ्क)</td><td rowspan="4">२०७७।४।७</td><td rowspan="4">३</td><td rowspan="4">२०७७।४।१५</td><td rowspan="4">४</td><td rowspan="4"></td></tr>
<tr><td>कुनै चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा तीनओटाको सही समय बताउन सकेमा (३ अङ्क)</td></tr>
<tr><td>कुनै चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा दुईओटाको सही समय बताउन सकेमा (२ अङ्क)</td></tr>
<tr><td>चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा एउटाको समय बताउन सकेमा (१ अङ्क)</td></tr>
<tr><td rowspan="4">२. हप्ताका दिनहरू भन्न र लेख्न</td><td>हप्ताका दिनहरू क्रमैसँग भन्न र लेख्न सकेमा (४ अङ्क)</td><td rowspan="4">२०७७।४।१२</td><td rowspan="4">२</td><td rowspan="4">२०७७।४।१७</td><td rowspan="4">३</td><td rowspan="4"></td></tr>
<tr><td>हप्ताका दिनहरू क्रमैसँग भन्न वा लेख्न सकेमा (३ अङ्क)</td></tr>
<tr><td>हप्ताका दिनहरू क्रम नमिलाई भन्न वा लेख्न सकेमा (२ अङ्क)</td></tr>
<tr><td>हप्ताका दिनहरू क्रम नमिलाई भन्न सकेमा (१ अङ्क)</td></tr>
<tr><td>अभिभावकको दस्तखत :<br>शिक्षकको दस्तखत र मिति</td><td></td><td colspan="2">सकाइ उपलब्धिको अङ्कको जोड</td><td>५</td><td></td><td>७</td><td></td></tr>
<tr><td></td><td colspan="2">सिकाइ उपलब्धि प्रतिशत</td><td>६२.५%</td><td></td><td>८७.५%</td><td></td><td></td></tr>
</table>

कक्षा १ को थिम २ मेरो दैनिक जीवनमा जम्मा २ ओटा सिकाइ उपलब्धि छन् । नियमित पढाइपछि मूल्याङ्कन गर्दा सङ्गम अधिकारीले पहिलो सिकाइ उपलब्धिमा ३ अङ्क र दोस्रो सिकाइ उपलब्धिमा २ अङ्क प्राप्त गरेका छन् । तसर्थ नियमित पढाइ पछि सङ्गमले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत निकाल्दा :

$$\text{मेरो दैनिक जीवन थिममा प्राप्त उपलब्धि प्रतिशत} = \frac{५}{४ \times २} \times १०० = ६२.५\%$$

थप सहायतापछि मूल्याङ्कन गर्दा उक्त थिममा सङ्गम अधिकारीले प्राप्त गरेको सिकाइ उपलब्धि प्रतिशत निकाल्दा :

$$\text{थप सहायता पछिको मेरो दैनिक जीवन थिममा प्राप्त उपलब्धि प्रतिशत} = \frac{५}{७ \times २} \times १०० = ८७.५\%$$

यसरी उपलब्धि प्रतिशत निकाल्दा प्रतिशतको साथै प्रत्येक थिमा ग्रेड दिन पनि सकिन्छ । जस्तै : उल्लिखित नियमित पढाइपछि सङ्गमले B ग्रेड प्राप्त गरे भने थप सहायतापछिको मूल्याङ्कनमा सङ्गमले A ग्रेड प्राप्त गरे ।

## (घ) विद्यार्थी मूल्याङ्कन गर्ने साधनहरूको परिचय, निर्माण र प्रयोग

विद्यार्थीले गरेका कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्नको लागि विषयवस्तुको प्रकृति, सिकाइ उपलब्धिको स्वरूप (संज्ञानात्मक, प्रभावी र मनोक्रियात्मक (सिपगत : परियोजना कार्य र प्रयोगात्मक कार्य) को आधारमा मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ । यस्ता सम्भावित साधनहरूलाई निम्नानुसार निर्माण गरी प्रयोग गर्न सकिन्छ :

| क्र.स. | मूल्याङ्कनका तरिका | मूल्याङ्कनका साधन |
|---|---|---|
| १ | कक्षा सहभागिता | अवलोकन, रूजू सूची, रूब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, फाराम, घटना वर्णन |
| २ | मौखिक कार्य | प्रश्न, चित्र, पठन सामग्री, सन्दर्भ, घटना, श्रव्य तथा दृष्य सामग्री |
| ३ | लिखित कार्य | प्रश्न, छोटा परीक्षा, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री |
| ४ | परियोजना तथा प्रयोगात्मक कार्य | रूजू सूची, रूब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न |
| ५ | कार्य सम्पादन तथा प्रदर्शन | अवलोकन, रूजू सूची, रूब्रिक्स वा श्रेणी मापन, मौखिक प्रश्न |
| ६ | सहपाठी मूल्याङ्कन | अवलोकन, रूजू सूची, श्रेणी मापन, फाराम |
| ७ | स्वमूल्याङ्कन | रूजू सूची, श्रेणी मापन, फाराम |
| ८ | अभिभावकको प्रतिक्रिया | रूजू सूची, श्रेणी मापन, फाराम |
| ९ | कुराकानी, छलफल | अवलोकन, रूजू सूची, श्रेणी मापन, फाराम |

### रूजु सूची (Check list)

विद्यार्थीका विभिन्न बानी, व्यवहार, आचरणसम्बन्धी गुणहरूको सूची पहिले नै तयार पारी त्यही सूचीका आधारमा उसका व्यवहारहरू रूजु गर्नुलाई रूजु सूची भनिन्छ । अर्थात् रूजु सूची पनि श्रेणी मापन जस्तै साधन हो तर फरक यति मात्र हो कि यिनीहरूको लागि लेखाजोखा गर्ने प्रक्रिया । श्रेणी मापनमा विशेषता वा गुणहरूलाई मात्रा (degree) वा श्रेणी प्रदान गरिन्छ तर रूजु सूचीमा साधारणतया हो, होइन, छ, छैन भन्ने कुराको सङ्केत गरिन्छ । केही रूजु सूचीको उदाहरण तल दिइएको छ :

### (क) विद्यार्थीको व्यवहार र आचरणसम्बन्धी रूजु सूची

| क्र.सं | व्यवहार, आचरणका क्षेत्रहरू | अत्युत्तम | उत्तम | मध्यम | सामान्य | न्यून | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको व्यक्तित्व<br>(क) स्पष्ट बोल्ने<br>(ख) चलाख<br>(ग) सफा लुगा लगाउने<br>(घ) स्वस्थकर | | | | | | |
| २ | विद्यार्थीको व्यवहार<br>(क) नियमित<br>(ख) अनुशासित<br>(ग) लगनशील<br>(घ) मिलनसार<br>(ङ) सहयोगी | | | | | | |
| ३ | अतिरिक्त क्रियाकलाप<br>(क) सहभागिता<br>(ख) खेलमा चासो राख्ने<br>(ग) मिलनसार<br>(घ) राम्रो शरीर भएको | | | | | | |

हाम्रो सेरोफेरो विषयको सिकाइ उपलब्धि नं ७ (स्वस्थकर र सुरक्षित बानी बसाल्न) को मूल्याङ्कन गर्नको लागि प्रयोग गर्न सकिने अवलोकनको साधन रूजु सूचीको नमुना

| क्र.स. | क्रियाकलाप | गरेकोमा ठिक चिह्न (√) र नगरेकोमा बेठिक चिह्न (×) लगाउने |
|---|---|---|
| १ | शरीरका बाहिरी अंगहरूको पहिचान गर्न सके/नसकेको | |
| २ | हात खुट्टाका नङ काटे/नकाटेको | |
| ३ | शरीर नुहाएको/ननुहाएको | |
| ४ | कपाल कोरे/नकोरेको | |
| ५ | दाँत सफा गरे/नगरेको | |
| ६ | हात धोएर खाने गरे/नगरेको | |
| ७ | विद्यालयको पोसाक सफा गरे/नगरेको | |
| ८ | चर्पीमा दिसा पिसाब गर्ने गरे/नगरेको | |
| ९ | सफा र सुरक्षित पानी पिउने गरे/नगरेको | |
| १० | सफा र ताजा खानाहरू खाने गरे/नगरेको | |

माथिको सिकाइ उपलब्धिसँग सम्बन्धित व्यक्तिगत सफाइको मूल्याङ्कनको लागि प्रयोग गर्न सकिने रूजु सूचीको नमुना (व्यक्तिगत सरसफाइको अवलोकन तथा रूजु सूचीको प्रयोग)

सफाइसम्बन्धी रूजु सूची तयार गरी थिम अवधिभर कक्षाकोठाको भित्तामा टाँस गर्नुहोस् । सबै विद्यार्थीहरूलाई कक्षाकोठाको खुला ठाउँमा उभ्याउनुहोस् । पालैपालो सबैको दाँत, नाक, आँखा, हात, नङ, कपाल, गर्दन, कपडा चेक गर्नुहोस् र रूजु सूचीमा भर्नुहोस् । सफा भएमा ३, अलिअलि सफा भएमा २ र सुधार गर्न सकिने खालको फोहोर भएमा १ अङ्क दिनुहोस् ।

| विद्यार्थीको नाम | हात | नङ | नाँक | दाँत | आँखा | कपाल | पोसाक | खुट्टा | कान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विद्यार्थीले विद्यालयमा गर्ने काम शिक्षक आफूले अवलोकन गरी मूल्याङ्कन गर्न र घरमा गरिने कामका सम्बन्धमा अभिभावक तथा छिमेकी सहपाठीबाट प्रतिक्रिया प्राप्त गर्न निम्नानुसारको रूजु सूची बनाई प्रयोग गर्न सकिन्छ ।

| क्र.सं. | मापनका आधार | छ | छैन |
|---|---|---|---|
| १ | नियमित कपाल कोर्ने गरेको | | |
| २ | नियमित दाँत माझ्ने गरेको | | |
| ३ | सफा कपडा लगाएको | | |
| ४ | नियमित नङ काट्ने गरेको | | |
| ५ | खाना खानु अघि र पछि तथा दिसा पिसाब गरेपछि साबुन पानीले हात धुने गरेको | | |
| ६ | समयमा सुत्ने र उठ्ने गरेको | | |

## पाठगत सिकाइ उपलब्धि हासिल गरे नगरेको मूल्याङ्कन गर्ने रूजु सूचीको नमुना

पाठ : परिवार

| सिकाइ उपलब्धि | सकेको | नसकेको |
|---|---|---|
| आफ्नो परिवारका सदस्यहरूको नाम बताउन | | |
| आफ्नो परिवारको सङ्ख्या बताउन | | |
| आमा, बुबा, हजुरआमा, हजुरबुबाले गर्ने काम बताउन | | |
| परिवारका सदस्यलाई अभिभादन गर्ने तरिका बताउन | | |

## विद्यार्थीको सिकाइ व्यवहार मूल्याङ्कन गर्ने नमुना रूजु सूची

| क्र.सं. | क्रियाकलाप | छ | छैन |
|---|---|---|---|
| १ | कक्षाको भुइँमा रहेका कागजका टुक्राहरू टिप्ने गरेको | | |
| २ | फोहोरदानीमा फोहोर राख्ने बानी गरेको | | |
| ३ | डेक्स र भित्तामा जथाभावी लेख्ने गरेको | | |
| ४ | कक्षाकोठा वरपर रहेको फोहोर टिप्ने गरेको | | |
| ५ | शौचालय सफा राख्ने काममा सहयोग गर्ने गरेको | | |
| ६ | सरसफाइ कार्यमा सहभागी हुने गरेको | | |

### श्रेणी मापन (Rating Scale)

अवलोकनको क्रममा विद्यार्थीहरूले गरेका क्रियाकलापलाई उपयुक्त श्रेणीमा राख्ने अर्थात् विद्यार्थीका व्यवहारको अवलोकन गरी त्यसलाई गुणस्तरको आधारमा प्राथमिकीकरण गर्ने प्रक्रिया नै श्रेणी मापन हो । यसले विद्यार्थीहरूले प्रदर्शन गरेका विशिष्ट गुण वा व्यवहारलाई अङ्क वा शब्द वा वाक्य प्रयोग गरी मात्रात्मक श्रेणीकरण गर्छ । यस विधिमा विद्यार्थीका सम्पूर्ण क्रियाकलापहरू पर्ने गरी तालिकाको निर्माण गरिन्छ र अवलोकनद्वारा तालिकामा रहेका गुणहरूमा चिह्न लगाई श्रेणी दिने काम गरिन्छ । श्रेणी मापन चार तरिकाबाट गर्न सकिन्छ ।

(अ) **शाब्दिक श्रेणी मापन** (Verbal rating scale) : यस साधनद्वारा मापन गर्दा मूल्याङ्कन गरिने गुणलाई स्पष्ट अर्थ प्रस्तुत गर्ने विशेषणहरूको प्रयोग गरिन्छ । जस्तो : धेरै राम्रो, राम्रो, सामान्य, न्यून, कमजोर आदि । यस्ता विशेषणहरू सामान्यतया ३ देखि ७ सम्म प्रयोग गर्न सक्ने भएतापनि ५ बुँदे श्रेणी मापनलाई सबै भन्दा राम्रो मानिन्छ । यसरी प्रयोग गरिएका विशेषणहरूलाई अङ्कमा समेत परिवर्तन गर्न सकिन्छ । जस्तो ५, ४, ३, २, १ ।

(आ) **सङ्ख्यात्मक श्रेणी मापन** (Numerical rating scale) : विषयसँग सम्बन्धित विभिन्न गुणहरूको सूची र क्रियाकलापको सम्बन्धका आधारमा मापन गर्नुलाई सङ्ख्यात्मक श्रेणी मापन भनिन्छ । यस साधनमा अवलोकनकर्ताले विद्यार्थीको विशेषताहरू वा गुणहरूको प्रतिनीधित्व गरी रहेको अङ्क वा सङ्ख्याहरूमा सङ्केत चिह्नहरू लगाएर गुण वा विशेषताहरूको मात्रा तोकिन्छ । जस्तै :

कक्षा कार्यमा सहभागिता सम्बन्धमा निम्नानुसारको सङ्ख्यात्मक श्रेणी मापन तयार गर्न सकिन्छ :

| क्र.सं. | श्रेणी | अङ्क |
|---|---|---|
| १ | सँधै सहभागी हुन्छ । | ५ |
| २ | प्रायजसो सहभागी हुन्छ । | ४ |
| ३ | कम सहभागी हुन्छ । | ३ |
| ४ | कहिलेकाँही मात्र सहभागी हुन्छ । | २ |
| ५ | सहभागी हुँदैन । | १ |

### (इ) रेखात्मक श्रेणी मापन (Graphic rating scale)

विषयसँग सम्बन्धित गुणहरूलाई क्षितिजीय रेखामा राखेर चिह्न लगाई मूल्याङ्कन गर्ने साधनलाई रेखात्मक श्रेणी मापन भनिन्छ । जस्तो : गृहकार्य सम्बन्धी रेखात्मक श्रेणी मापनको नमुना

| | | | |
|---|---|---|---|
| सँधै | धेरैजसो | कहिलेकाँही | कहिल्यै नगर्ने |

**समूह छलफलमा सहभागी सम्बन्धी रेखात्मक श्रेणी मापनको नमुना**

| | | | | |
|---|---|---|---|---|
| सधैँ (Always) | बारम्बार (Frequently) | कहिलेकाँही (Occasionally) | विरलै (Seldom) | कहिल्यै पनि (Never) |

### (ई) वर्णनात्मक श्रेणी मापन (Descriptive rating scale)

वर्णनात्मक शब्द समूहहरूको प्रयोग गरी विद्यार्थीहरूको व्यवहार र कार्यको मूल्याङ्कन गर्ने साधनलाई वर्णनात्मक श्रेणी मापन भनिन्छ । यस साधनमा अङ्क दिने कार्य हुँदैन र श्रेणी मापनका सबै बुँदाहरूलाई व्याख्या गर्नका लागि शब्द समूहहरू दिइएको हुन्छ र अवलोकनकर्तालाई टिप्पणी लेख्नका लागि प्रत्येक बुँदाको तलतिर ठाउँ प्रदान गरिएको हुन्छ जसले गर्दा श्रेणीहरू प्रष्ट पार्न सजिलो हुन्छ ।

## श्रेणीमापनका फाइदाहरू

- लिखित परीक्षाबाट मूल्याङ्कन गर्न नसकिने व्यवहारहरूको लेखाजोखा गर्न सकिन्छ ।
- विद्यार्थीहरूले गरेका क्रियाकलापहरूको मापन गर्न सकिन्छ ।
- विद्यार्थीहरूका व्यवहारहरूको पहिचान गरी प्रतिवेदन तयार गरी अभिभावकलाई सुझाव दिन सकिन्छ ।
- अपेक्षित सिपको विकास र मूल्याङ्कन गर्न सकिन्छ ।
- विशेष गरी यो performance मा प्रक्रिया (process) तथा उत्पादन (product) दुवै क्षेत्रको मूल्याङ्कन गर्न प्रयोग गरिन्छ ।
- विषयसँग सम्बन्धित गुणहरू तयार गर्न सजिलो हुन्छ ।
- मूल्याङ्कन प्रक्रियालाई सजिलैसँग सम्पन्न गर्न सकिने र एकपटक तयार गरेको सूचीलाई पटक पटक प्रयोग गर्न सकिन्छ ।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि पूरा भए नभएको मूल्याङ्कन गर्न समेत प्रयोग गर्न सकिन्छ ।

## कक्षा १ को नेपाली विषयको श्रुतिकथनको रूब्रिक्सको नमुना

| आधार | अङ्कनको तह/मापनको तह | | | |
|---|---|---|---|---|
| | ४ | ३ | २ | १ |
| कुराकानी | विषयवस्तु, अनुभव र अनुमानसहित पात्र र घटना बताई कुराकानी गरेमा | विषयवस्तु, अनुभव र अनुमान समेटी कुराकानी गरेमा | विषयवस्तु र अनुभव जोडी कुराकानी गरेमा | श्रव्यदृश्य सामग्रीको अनुकरण गरी कुराकानी गरेमा |
| अवलोकन | सन्दर्भ, आशय र चिह्नको ख्याल गरी हाउभाउअनुसार हर्ष, चिन्ता, घृणा, आश्चर्य, उत्सुकता जस्ता संवेग बोध हुने गरी प्रतिक्रिया व्यक्त गरेमा | सन्दर्भ बुझेर हाउभाउअनुसार प्रतिक्रिया व्यक्त गरेमा | दिइएको सन्दर्भ बुझेर प्रतिक्रिया जनाएमा | प्रश्नवाचक र उद्गार चिह्नको ख्याल गरी निर्धारित वाक्य उच्चारण गरेमा |
| छलफल | सन्दर्भ सामग्रीका विषयवस्तुका आधारमा छलफल गरी शीर्षक र सन्दर्भ भनेमा | पाठमा आधारित विषयवस्तुका आधारमा छलफल गरी शीर्षक र परिवेश भनेमा | मुद्रित सामग्रीका आधारमा छलफल गरी शीर्षक भनेमा | चित्रका आधार छलफल गरी शीर्षक भनेमा |
| प्रश्नोत्तर | कुराकानी र छलफलका क्रममा कारण र प्रक्रियामा आधारित (किन र कसरी) प्रश्नका उत्तर भनेमा | कुराकानी र छलफलका क्रममा स्मरणमा आधारित (को, के कुन, कस्तो, कति) प्रश्न निर्माण गरी भनेमा | कुराकानी तथा छलफलका क्रममा स्मरणमा आधारित (को, के कुन, कस्तो, कति) प्रश्नका उत्तर भनेमा | कुराकानी तथा छलफलका क्रममा स्मरणमा आधारित (को, के कुन, कस्तो, कति) मौखिक प्रश्नोत्तर गरेमा |

## कक्षा १ को गणित विषयको समय सम्बन्धी नमुना रूब्रिक्स

| आधार | अङ्कनको तह/मापनको तह | | | |
|---|---|---|---|---|
| | ४ | ३ | २ | १ |
| हप्ताका दिनहरू | हप्ताका दिनहरू क्रमैसँग भन्न र लेख्न सकेमा | हप्ताका दिनहरू क्रमैसँग भन्न वा लेख्न सकेमा | हप्ताका दिनहरू क्रम नमिलाई भन्न वा लेख्न सकेमा | हप्ताका दिनहरू क्रम नमिलाई र केही दिन छुटाइ भन्न वा लेख्न सकेमा |
| दैनिक क्रियाकलापका समय | कुनै चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा चारैओटाको सही समय बताउन सकेमा | कुनै चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा तीनओटाको सही समय बताउन सकेमा | कुनै चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा दुईओटाको सही समय बताउन सकेमा | चारओटा दैनिक क्रियाकलापहरूको समय सोध्दा एउटाको समय बताउन सकेमा |

**कक्षा १ को हाम्रो सेरोफेरो विषयको सिकाइ उपलब्धि नं १७ वरपरका बिरूवाहरू पहिचान गरी वर्गीकरणसँग सम्बन्धी नमुना रूब्रिक्स**

| आधार | अङ्कनको तह/मापनको तह | | | |
|---|---|---|---|---|
| | ४ | ३ | २ | १ |
| बिरूवाको पहिचान | आफ्नो वरपर भएका सबै बिरूवाहरू पहिचान गर्न सकेमा | आफ्नो वरपर भएका धेरै जसो बिरूवाहरू पहिचान गर्न सकेमा | आफ्नो वरपर भएका आधाजति बिरूवाहरू पहिचान गर्न सकेमा | आफ्नो वरपर भएका एक दुई बिरूवाहरू पहिचान गर्न सकेमा |
| बिरूवाको वर्गीकरण | आफ्नो वरपर भएका सबै बिरूवाहरूलाई रूख, बुट्यान र झारपातमा वर्गीकरण गर्न सकेमा | आफ्नो वरपर भएका धेरैजसो बिरूवाहरूलाई रूख, बुट्यान र झारपातमा वर्गीकरण गर्न सकेमा | आफ्नो वरपर भएका आधाजति बिरूवाहरूलाई रूख, बुट्यान र झारपातमा वर्गीकरण गर्न सकेमा | आफ्नो वरपर भएका एकदुईओटा बिरूवाहरूलाई रूख, बुट्यान र झारपातमा वर्गीकरण गर्न सकेमा वा वरपर भएका बिरूवाहरूलाई वर्गीकरण गर्न नसकेमा |
| भिन्नता | रूख, बुट्यान र झारपातबिच कुनै चारओटा भिन्नता बताउन सकेमा | रूख, बुट्यान र झारपातबिच कुनै तीनओटा भिन्नता बताउन सकेमा | रूख, बुट्यान र झारपातबिच कुनै दुईओटा भिन्नता बताउन सकेमा | रूख, बुट्यान र झारपातबिच कुनै एकओटा भिन्नता बताउन सकेमा |
| बिरूवाहरूको भागहरूको पहिचान | बिरूवाका सबै भागहरू (जरा, काण्ड, पात, फूल, फल) बताउन सकेमा | बिरूवाका भागहरू मध्ये कुनै तीनओटा बताउन सकेमा | बिरूवाका भागहरू मध्ये कुनै दुईओटा बताउन सकेमा | बिरूवाका भागहरू मध्ये कुनै एकओटा बताउन सकेमा |

## ४. प्रतिबिम्बन/मूल्याङ्कन

- एकीकृत पाठ्यक्रमअनुसार विद्यार्थी मूल्याङ्कन कसरी गर्नुपर्ने रहेछ ?
- वर्तमान एकीकृत पाठ्यक्रमले विद्यार्थीहरूले गरेका कार्यहरूको सही तरिकाले मूल्याङ्कन गर्न कुन कुन पक्षलाई जोड दिइएको छ ?
- वर्तमान पाठ्यक्रमले मूल्याङ्कनका कुन कुन विधि र तरिका प्रयोग गर्ने पक्षमा जोड दिएको छ ?
- उपलब्धिस्तरको मूल्याङ्कन गर्ने कार्यलाई अझ व्यावहारिक र सरल बनाउन के गर्न सकिएला ?

- मूल्याङ्कनका कुन कुन साधनहरूको प्रयोग गरी विद्यार्थी उपलब्धिस्तरको लेखाजोखा गर्न सकिन्छ ?
- मूल्याङ्कनका साधनहरूको विकास कसरी प्रयोग गर्न सक्नुहुन्छ ?
- वर्तमान एकीकृत पाठ्यक्रमले assessment for learning, assessment as learning / assessment of learning लाई कसरी प्रयोग गर्ने कुरा उल्लेख गरेको छ ?

## ५. सन्दर्भ स्रोत


- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम, २०७६
- कक्षा १ को शिक्षक निर्देशिका (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- कक्षा १ को पाठ्यक्रम कार्यान्वयन मार्गदर्शन (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- कक्षा १ को विद्यार्थी पाठ्य तथा कार्यपुस्तक (हाम्रो सेरोफेरो, गणित, अङ्ग्रेजी र नेपाली), २०७६
- विद्यार्थी मूल्याङ्कन मार्गदर्शन, २०७६

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर